# अध्याय : एक

# शोध परिचय

## १.१ पृष्ठभूमि

सँस्कृत 'भाष्' शब्दमा स्त्रीत्वबोधक 'टाप' (आ) प्रत्यय लागेर बनेको 'भाषा' शब्दले बोली भन्ने अर्थ दिन्छ । यसरी निर्मित भाषालाई शाब्दिक रुपमा भन्दा मानवीय बोलीका रुपमा जे बोलिन्छ त्यो भाषा मानिन्छ । मानवीय भाषालाई सम्प्रेषण गरिने सशक्त माध्यमलाई भाषा भनिन्छ । व्यक्तिले आफ्ना विचार सम्प्रेषण गर्नका लागि अपनाउने सार्थक मौखिक एकाई लिखित रुपमा आउँदा भाषा बन्दछ जुन मानिसको दैनिक जीवनयापनको लागि अनिवार्य वस्तु मानिन्छ । भाषा विचार विनिमयको माध्यम भएपनि विनिमयका सबै माध्यमलाई भाषा भन्न सकिँदैन । भाषाका सम्बन्धमा विभिन्न विद्वानहरूले आ-आफ्ना मतहरू व्यक्त गरेका छन् । भाषाविद् पतञ्जलीले मानिसका उच्चारण अवयवबाट उच्चरित मिश्रित मानवीय अभिव्यक्तिलाई भाषा भनेका छन् । प्लेटोले भाषालाई यसरी चिनाएका छन् "जब आत्मामा रहेका विचारहरू ओठबाट प्रकट हुन्छ त्यसलाई भाषा भनिन्छ" । ब्लुमफिल्डले खास किसिमको उत्तेजनाको प्रतिक्रियालाई भाषा भनेका छन् त्यसै गरी हेनरी स्वीटका मतमा "जुन व्यक्त ध्वनिद्वारा विचारको अभिव्यक्ति हुन्छ त्यसलाई भाषा भनिन्छ" । भाषामा आफ्नै किसिमको संरचना हुन्छ । भाषामा ध्वनि, वर्ण, रुप, अर्थ आदिको आफ्नै किसिमको व्यवस्था हुन्छ । यी व्यवस्ताको समष्टिबाट भाषाको निर्माण हुन्छ । भाषामा निश्चित समाजका व्यक्तिहरूले आफ्ना विचार वा धारणाको आदान प्रदान गर्नका लागि साधनका रुपमा प्रयोग गर्ने गर्दछन् । यसरी निष्कर्षत: भाषालाई विचार विनिमयको सर्वोत्कृष्ट साधन र मानवको सर्वोच्च निधिका रुपमा चिनाउन सकिन्छ । विचारको आदान प्रदान गर्ने भाषा वाक्प्रतीक हुन्छन् । यस्ता वाक्प्रतीकहरू हुने हुँदा संसारमा हजारौको सङ्ख्यामा भाषाहरू छन् ।

भाषा मानवका उच्चारण अवयवद्वारा उच्चरित यादृच्छिक ध्वनि प्रतीकहरूको त्यस्तो व्यवस्था हो जसको प्रयोग आफ्नै भाषिक समुदायबीच आफ्ना विचार र अनुभूति सम्प्रेषणका निम्ति प्रत्येक सदस्यले गर्ने गर्दछ । आजसम्मको अध्ययन अनुसार संसारका दस वटा भाषा परिवार मध्ये चारवटा भाषा परिवारका भाषाहरू नेपालमा पनि बोलिन्छन् । वि.सं. २०५८

सालको जनगणना अनुसार ९२ वटा भाषाहरू प्रचलनमा रहेका थिए भने २०६८ सालको जनगणना अनुसार १२३ ओटा भाषा बोलिने तथ्याङ्क छ । विश्वमा सबैभन्दा बढी वक्ता भएको भारोपेली भाषा परिवारका वक्ता नेपालमा पनि अग्रस्थानमा छन् । भारोपेली परिवारका सतम् र केन्तुम गरि दुई वर्गमा विभाजित भाषा मध्ये सतम् वर्गमा पर्ने आर्य-इरानेली शाखा भित्रको संस्कृत प्राकुतिक र अपभ्रंश हुँदै भाषा आजको अवस्थासम्म आइपुगेको देखिन्छ । संसार नै परिवर्तनशील रहेको हुँदा भाषा मानवीय प्रयोगाश्रित वस्तु भएकाले यसमा पनि परिवर्तन हुन्छ जब परिवर्तनको प्रक्रिया अवरुद्ध हुन्छ तब त्यो भाषा मृत हुन पुग्छ । जुनसूकै जिवन्त भाषाको एउटा प्रमुख लक्षण उसको परिवर्तनशीलता हो । जसरी प्रभावशाली भाषाले स्थानीय भाषामा प्रसस्त प्रभाव छोड्न सक्छ र क्रमशः स्थानीय भाषा लुप्त हुन गई प्रभावशाली भाषाको प्रयोग विस्तार हुन्छ त्यसरी नेपाली भाषाको माउ भाषा मानिने डोटेली भाषा नेपाल एकीकरणसँगै गोर्खाली भाषाको प्रभावमा परेर थिचिएको थियो । त्यसपछि २०६८ सालको ११औं जनगणनामा डोटेली भाषालाई ३ प्रतिशत वक्ता भएको नवौं स्थान भएको भाषाको रुपमा गणना गरिएको छ । भाषिक अवलम्बनमा खातिर नै महेन्द्रनगर न. पा. को कक्षमा भएको साहित्यिक भाषिक समारोहमा दिवङ्गत योगी नरहरीनाथले डोटेली भाषाको सन्दर्भमा यस्तो विचार राखेको पाइन्छ - “डोटेली भाषालाई भाषिका भन्नेलाई डाँडो कटाइदिनुपर्छ” । हुन पनि करिब चालिस लाख वक्ताले बोल्ने डोटेली भाषालाई हचुवाका भरमा भाषिकामा राख्न कदापि उचित मानिदैन । पछिल्लो समाजमा राजनीतिक, सामाजिक, र सांस्कृतिक कारणले भाषालाई राष्ट्रियताको चिनारी गराउने तथा क्षेत्र, समाज र जातीहरूको मौलिकता दर्साउने भरपर्दो माध्यमका रुपमा समेत लिने गरिएको पाइन्छ । कतिपय सन्दर्भमा कुनै भाषामा केही भ्रमहरू उत्पन्न हुन जानाले परिभाषित, परिचित एवम् स्थापित उराउन कालान्तरमा सम्बन्धित भाषा बहसको विषय बन्न जान्छ ।

आफ्नो लामो कालखण्ड, साहित्यिक भण्डार, कला र संस्कृतिको धनि डोटेली भाषाले स्वतन्त्र भाषाको मान्यता पाउनुका पछाडि अन्तिरिम संविधान २०६३ ले नेपालमा बोलिने सम्पूर्ण भाषालाई राष्ट्र भाषाको मान्यता दिनु, त्यसै गरि अन्तर्राष्ट्रिय भाषा कोड आइ.यस.ओ. पाउनुले पनि डोटेली भाषिका नभएर बृहत् क्षेत्रफल र जनसङ्ख्या ओगटेको भाषा हो ।

### १.२ समस्याकथन

अनुसन्धानका निम्ति तयार गरिएको शोध शीर्षक अन्तर्गत रही समस्या वा प्रश्नहरू र तिनका सम्भावित समाधान वा उत्तरहरू नै समस्याकथन हो । शोधकार्यका लागि समस्याकथन महत्त्वपूर्ण  मानिन्छ किनकी समस्याको स्पष्ट पहिचान हुन सकेन भने अनुसन्धानको गन्तव्य परिभाषित हुन सक्दैन र अनुसन्धान निष्कर्ष विहिन बन्न पुग्छ ।

प्राचीन कालदेखि नै नेपाल विभिन्न जातजाती, भाषाभाषी र धर्मसंस्कृतिको विविधता भएको संगम स्थल हो । नेपालमा जातीय र क्षेत्रीय विविधता पाइन्छ यस्तो विविधतामा पनि एकता भएको एक स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी र पूर्ण लोकतान्त्रिक राज्य नेपालमा विश्वमा बोलिने करिब छ हजार भाषा र विभिन्न भाषा परिवार मध्ये आजसम्मको अध्ययनमा चारवटा भाषा परिवारका विभिन्न भाषाहरू बोलिन्छन् ।

संसारको ठूलो र नेपालको पनि सबैभन्दा बढी वक्ता सङ्ख्या भएको भारोपेली भाषा परिवारभित्र पर्ने भाषाहरूमा डोटेली भाषा पनि एक भाषाका रुपमा रहेको छ । यस भाषाका बारेमा गहन अध्ययन मनन् भएको पनि पाइदैन् तसर्थ यसबारे समस्या खडकिनु स्वभावत् उचित नै ठहर्छ । डोटेली भाषी वक्ताहरू खास गरेर सुदुरपश्चिमाञ्चल विकास क्षेत्र र छिटपुट रुपमा यत्रतत्र रहेका पाइन्छन, यस भाषाभित्र पनि जिल्लागत विविधता पाइन्छ जसलाई डोटेली भाषाका भाषिका अन्तर्गत राख्न सकिन्छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कले पनि देशको नवौं भाषाको स्थानमा तिन प्रतिशत् वक्ताहरू देखाएको पाइन्छ भने अन्तराष्ट्रिय भाषा संकेत कोड नम्बर समेत पाइसकेको अवस्था छ । अन्य भाषीसँग विचार विनिमय गर्दा सम्पर्क भाषाको रुपमा नेपाली भाषाको प्रयोग गरेपनि घर व्यवहार चलाउन वा सम भाषा भाषीबीच विचार आदान प्रदान गर्न डोटेली भाषाको प्रयोग गर्दछन् । डोटेली भाषाका केही पक्षका बारेमा अध्ययनहरू भएका पाइन्छन् तापनि समग्र पक्षका बारेमा अध्ययन भएको भेटिदैंन । डोटी जिल्लामै बोलिने डोटेली भाषाका पनि थुप्रै स्थानीय भेदहरू भेटिन्छन् । ती सबै भेदको अध्ययन हुनु जरुरी छ । कुनै एउटा क्षेत्रमा बोलिने भाषिक रुपसँग अर्को क्षेत्रमा बोलिने भाषिक रुप फरक–फरक पाइन्छन् । अतः यी विविध पक्ष र भाषिक रुपको अध्ययन नहुनु नै यस शोधको समस्या हो । बुँदागत रुपमा भन्दा यस शोधसँग सम्बन्धित समस्याहरू निम्न रुपमा देखाउन सकिन्छ :

क) डोटेली भाषाका विशेषताहरू के-कस्ता छन् ?

ख डोटेली भाषाको स्वरुप कस्तो छ ?

ग) डोटेली भाषाको उच्चारण प्रक्रिया के-कस्तो छ ?

घ) डोटेली भाषाको रुपायन प्रक्रिया के-कस्तो छ ?

ङ) डोटेली भाषामा कारक विभक्ति प्रयोगको अवस्था के-कस्तो छ ?

## १.३ अध्ययन अनुसन्धानको सान्दर्भिकता

भाषा मानवीय विचार आदान प्रदान गर्ने एउटा प्रमुख माध्यम हो । कुनै पनि व्यक्तिको पहिचान उसको भाषा, सामाजिक परिवेश, रीतिरिवाज आदिमा लुकेको हन्छ । व्यक्तिले आफ्ना दैनिक कार्य व्यवहार सञ्चालन गर्न प्रयोगमा ल्याउने बोली नै उसको मातृभाषा हो । संसारमा बोलिने भाषाको एकीन आँकडा सम्भव नभएपनि सालाखाला विभाजन भने विभिन्न विद्वानहरूले गरेका छन् । नेपालमा के कति भाषा बोलिन्छन् भन्ने कुरा राष्ट्रिय जनगणना २०६३ ले १२३ भाषाहरू देखाएको छ । जुन राष्ट्रिय भाषाको मान्यता प्राप्त छन् । त्यसै मध्येको डोटेली भाषा पनि एउटा स्वतन्त्र भाषाको रुपमा स्थापित भइसकेको छ ।

नेपालको अन्तरिम संविधान २०६३ ले पनि नेपालमा बोलिने सम्पूर्ण भाषालाई राष्ट्रिय भाषाको मान्यता दिएकाले डोटेली भाषालाई पनि चिनाउनुसँग यो अध्ययन सान्दर्भिक देखिन्छ । संसारमा कैयौँ भाषाहरू मृत अवस्थामा पुगेका र कतिपय मृतप्राय : भइसकेको अवस्थामा डोटेली भाषालाई जोगाउन केही मात्रामा भएपनि सहयोग गर्ने हुँदा भाषिक अपक्षय रोक्नका लागि यो अध्ययन सान्दर्भिक देखिन्छ । डोटेली भाषामा प्रकाशित हुने विभिन्न पत्रपत्रिका बीचमा सामञ्जस्यता कायम गराउन केही मात्रामा यो अध्ययन सान्दर्भिक देखिन्छ । भाषा विकास, भाषिक सुरक्षा वा भाषाको अस्तित्व जगेर्ना गर्नका लागि भाषा बचाउ अभियान साथै खास भाषा संरक्षणमा उपयुक्त देखिन्छ ।

डोटेली भाषाको भाषिक भेदहरू जिल्लागत रुपमा वा एउटै जिल्लामा पनि केही मात्रामा भिन्न रहेको पाइन्छ । यस्तो अवस्थामा यो अध्ययन भाषिक विकास गर्नमा सन्दर्भयुक्त देखिन्छ । यो अध्ययन केही मात्रामा भएपनि डोटेली भाषामा प्रकाशित हुने बालसामग्री निर्माणमा उपयुक्त रहेको छ । शिक्षाका क्षेत्रमा माध्यम भाषाका रुपमा यस अध्ययनले उचित मार्ग पहिल्याउन सहयोग गर्ने छ । मातृभाषामा शिक्षा दिने व्यवस्था हुँदै गरेको अवस्थामा यस अध्ययनले सन्दर्भ सामग्रीको भूमिका निर्वाह गर्नेछ । भाषिक रुपमा सबैको पहुँचमा सुनिश्चितता गर्ने कार्यमा थोरबहुत मात्रामा यो अध्ययन सान्दर्भिक देखिन्छ ।

## १.३ शोधकार्यका उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्न लिखित रहेका छन् :

क) डोटेली भाषाको परिचय र विशेषताहरू पहिल्याउनु,

ख  डोटेली भाषाको स्वरुप निर्धारण गर्नु,

ग) डोटेली भाषाको उच्चारण प्रक्रिया पहिल्याउनु,

घ) डोटेली भाषाको रूपायन प्रक्रिया विश्लेषण गर्नु,

ङ) डोटेली भाषामा कारक विभक्ति प्रयोगको अवस्था निर्धारण गर्नु ।

## १.५ अध्ययनको औचित्य

विविध भाषाभाषी भएको देश नेपालका सम्पूर्ण भाषाहरू राष्ट्रिय सम्पदा हुन । नेपालको अन्तरिम संविधान २०६३ ले भाग ३ भारा १७ का उपधाराहरूमा प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भए बमोजिम आ-आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ, प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भए बमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ र नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण सम्बर्द्धन गर्ने हक हुनेछ भन्ने मान्यता दिएको छ । यसै धारालाई प्रमुख आधार मानेर यो शोधार्थी पनि डोटेली भाषाको अध्ययन गर्न अग्रसर भएको छ ।

नेपालका सम्पूर्ण भाषाहरूको संरक्षण र सम्बर्द्धन सरकारी स्तरबाट मात्र सम्भव नहुने भएकाले विविध भाषा भाषी समुदायले अग्रसर भएमा मात्र राष्ट्रिय भाषाको विकास चाडो हुन सक्नेछ । नेपालमा के कति मात्रामा भाषाहरू बोलिन्छन् भन्ने एकिन आँकडा प्राप्त नभएको अवस्थामा डोटेली भाषाको अध्ययन अनुसन्धान कार्यले अन्य भाषाको खोज तलास र अध्ययनमा पनि ठूलो मदत पुऱ्याउने छ ।

डोटेली भाषाको बारेमा अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धानकर्तादेखि लिएर स्वदेशी तथा विदेशी खोज अनुसन्धान गर्ने व्यक्तिहरूका लागि कुनै न कुनै रुपमा सहयोग पुऱ्याई डोटेली भाषा र नेपाली लगायत अन्य भाषाबीच केकस्ता समानता तथा असमानता छन् भन्ने जानकारी लिन चाहने शिक्षक, विद्यार्थी, पाठ्यपुस्तक लेखक तथा अनुसन्धानकर्ताका लागि उपयोगी हुन सक्ने छ ।

यस अध्ययनबाट डोटेली भाषामा रहेका साहित्य प्रकाशनको जानकारी र वाङ्मयका साथै भाषिक उत्थानका निम्ति संलग्न गतिविधिमा रुचि राख्ने व्यक्तिहरूलाई भाषिक

सम्पदाको समुचित र सन्तुलित विकास गरी भाषाको स्तर निर्धारण गर्न महत्त्वपूर्ण सामग्री बन्नेछ ।

## १.६ अध्ययनको सीमाङ्कन

जुनसूकै अनुसन्धेय विषयको एकैचोटी समग्र अध्ययन गर्न संम्भव छैन । यसका लागि उक्त अनुसन्धेय विषयको सीमा निर्धारण गर्नुपर्ने हुन्छ । यसलाई नै सीमाङ्कन भनिन्छ । अध्ययनको सीमाङ्कनले शोधको उद्देश्य पूरा गर्ने वस्तुगत आधार प्रदान गर्दछ । शोधको प्रयोजन, समय सीमितता, आर्थिक कठिनाई एवं अन्य कतिपय कारणले गर्दा सीमा निर्धारण गर्नु आवश्यक हुन्छ । प्रस्तुत शोध कार्यलाई निम्नानुसार सीमाङ्कन गरिएको छ :

१. प्रस्तुत अध्ययनमा सुदुरपश्चिम क्षेत्रभित्र बोलिने डोटेली भाषाका वक्ताहरूको जनसंङ्ख्या मध्ये डोटीका पाँच वटा गा.वि.स. र एउटा न.पा. मा बोलिने भाषिक भेदलाई लिइएको छ ।

२. डोटेली भाषाको परिचय र विशेषतामा मात्र केन्द्रित रहको छ ।

३. डोटेली भाषाको उच्चारण व्यवस्था, रूपायन प्रक्रिया, कारक र विभक्ति प्रयोगको अध्ययन मात्र गरिएको छ ।

४. राष्ट्रिय जनगणना २०६८ मा आधारित रहको छ ।

५. डोटीमा बोलिने चौकी भेदसँग मात्र यो अध्ययन सम्बन्धित छ ।

## १.७ अध्ययनको रूपरेखा

शोधबाट प्राप्त सैद्धान्तिक एवं व्यवहारिक निष्कर्षहरूलाई व्यवस्थित रुपमा प्रस्तुत गर्नको लागि अपनाइने पद्धतिलाई अध्ययनको रूपरेखा भनिन्छ । शोधको व्यवस्थित रखाईलाई यसले निर्धारण गर्दछ । प्रस्तुत शोधकार्यलाई निम्न लिखित अध्यायमा विभाजित गरिएको छ :

अध्याय एक : शोध परिचय

अध्याय : दुइ पूर्वकार्यको अध्ययन र अध्ययनको सैद्धान्तिक रूपरेखा

अध्ययाय तिन : विधि र अध्ययन प्रक्रिया

अध्ययाय चार : परिणाम र छलफल र विश्लेषण

अध्ययाय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

## अध्याय : दुइ

# पूर्वकार्यको अध्ययन र अध्ययनको सैद्धान्तिक रूपरेखा

### २.१.सम्बन्धित साहित्यको अध्ययन

कुनै पनि विषयमा अध्ययन अनुसन्धान गर्नु अघि त्यससँग सम्बन्धित विषयमा के-कस्ता अनुसन्धान भए र कति हुन बाँकी छन् भनेर त्यसको सिंहावलोकन गर्नु आवश्यक छ । सम्प्रेषणको महत्त्वपूर्ण साधनको रुपमा रहेको भाषा मानवमात्रको निधि हो । मानव जातिको र भाषाको अस्तित्वसँगै विकास भएपनि युग परिवर्तनसँगै भाषाले पनि विभिन्न आरोह-अवरोह पार गरेर आजको यस विविधताको स्थितिमा आईपुगेको देखिन्छ । प्रत्येक राष्ट्र र समाजसँग आ-आफ्नै भाषिक विशेषता हुन्छन तिनैका आधारमा व्यक्तिको पहिचान जन्मेको हुन्छ । नेपालका भाषाको सुनियोजित रुपमा खोज अनुसन्धान भएको पाइदैन । व्यक्ति पिच्छे भाषाको वर्गीकरण गरेको पाईन्छ जुन वर्गीकरण समयसँगै परिवर्तन हुदै गएको पाइन्छ । तसर्थ यस भाषाका बारेमा कुनै पनि पूर्वकार्य नभएता पनि यस भाषालाई भाषिका मानेर गरिएका केही पूर्वकार्यलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

पन्त (२०३२) द्वारा प्रकाशित **डोटेली लोक साहित्य** मा डोटेली लोक संस्कृतिका साथै नारीवर्गले गाउँने वेदमन्त्र, सगुन, फाग लगायतका विविध विधाहरूको चर्चा गरिएको पाइन्छ ।

चालिसे (२०३९) द्वारा लिखित **डोटेली लोकसंस्कृति र साहित्य**मा डोटी जिल्लाको भौगोलिक र ऐतिहासिक परिचय, सामाजिक अवस्था, रहन सहन, धार्मिक परम्परा, चाडपर्व, डोटेली गद्य र पद्य लोकसाहित्यको सङ्क्षिप्त परिचय दिइएको छ । पद्य साहित्यका डेउडागीत, श्रमगीत, बाल लोकगीत, भुवागीत, माङ्गलगीत, भारत, फाग, चैत, धमारी, भोलाउलो, ढुस्को, हुड्केली जस्ता विधा समावेश गरएको छ । गद्य साहित्यका लोककथा, गाउँखाने कथा, उखान टुक्काका नमुनाका साथै केही डोटेली मौलिक शब्दहरू प्रस्तुत गरिएको पाइन्छ ।

पनेरु (२०४०) ले **डडेल्धुराली भाषिकामा विभक्ति** शीर्षकमा शोधकार्य गरेको पाईन्छ । उनले आफ्नो शोधकार्यमा डडेल्धुराली भाषिकालाई नेपाली भाषाको सापेक्षतामा तुलना गर्दै डडेल्धुराली भाषिकाका विभक्तिहरूको परिचय दिनु, स्वरुप निर्धारण गर्नु जस्ता उद्देश्य राखेर विभक्ति सम्बन्धी परम्परागत अवधारणा प्रस्तुत गर्ने काम गरेका छन् । विभक्तिको स्वरुप पहिचान गर्ने सन्दर्भमा उनले जैसेरा क्षेत्रलाई केन्द्रिय क्षेत्र मानि भाषिकामा व्याकरणिक

कोटिको अध्ययन र विश्लेषण गरेका छन् । शोधकार्यमा वर्णनात्मक र तुलनात्मक विधिको उपयोग गर्दै प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलन गरेको पाइन्छ । प्राप्त सामग्रीलाई अर्थतात्त्विक र रुपतात्त्विक आधारमा कारक र विभक्तिको स्वरुप पहिचान गरेको पाईन्छ । यसरी नेपाली भाषाभन्दा डडेल्धुराली भााषिकामा कारक र विभक्ति भिन्न रहेको उल्लेख गर्दै डडेल्धुराली भाषिकामा एउटै कारकको निमित्त एक भन्दा बढी विभक्ति चिन्हहरूको प्रयोग हुने निष्कर्ष निकालेका छन् ।

जोशी (२०५७) ले **डोटेली भाषिका र नेपाली भाषाका व्याकरणिक कोटिको तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरेका छन । उक्त अध्ययनमा जोशीले डोटेली भाषिकाको परिचय दिनु, डोटेली भाषिकाका विशेषता पहिल्याउनु, डोटेली भाषिका र नेपाली भाषिकाका व्याकरणिक कोटिहरू काल, पक्ष र वाच्यका आधारमा तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्य राखेर अध्ययन गरेका छन । उक्त शोधमा वर्णनात्मक विधि अनुरुप प्राथमिक र द्वितीय स्रोतबाट सामग्रीको सङ्कलन गरिएको छ । उक्त अध्ययनमा जोशीले डोटेली भाषिका र स्तरीय नेपाली भाषाका बीचको रुपध्वन्यात्मक तथा उच्चारणगत विविधता भएपनि अर्थगत रुपमा भाषिका र भाषामा समानता रहेको निष्कर्ष  निकालेका छन्

बडु (२०६१) ले **दार्चुलेली स्थानीय भाषिका र स्तरीय नेपाली भाषाबीचको तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उक्त अध्ययनमा बडुले दार्चुलेली भाषाको आधारभूत शब्द संकलन, ध्वन्यात्मक विशेषता, वाक्यतत्त्व, कारक र विभक्ति आदिको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्य राखेर अध्ययन गरेकी छन । ध्वन्यात्मक विशेषता, वाक्यतत्त्व, कारक र विभक्ति आदिलाई आधार मानेर दार्चुलेली भाषिका र स्तरीय नेपाली भाषाबीच तुलनात्मक अध्ययन गरि नेपाली भाषाभन्दा दार्चुलेली भाषामा कारक विभक्ति र आधारभूत शब्द फरक रहेको कुरा निष्कर्ष  निकालेकी छन् ।

बोहरा (२०६२) ले **बभाङ्गी भाषिका र स्तरीय नेपाली भाषाका बीच व्यतिरेकी विश्लेषण** शीर्षकमा अध्ययन गरेको पाइन्छ । उक्त अध्ययनमा बोहराले विशेष गरी रूपायन प्रक्रिया, कारक विभक्ति प्रयोग र उच्चारण प्रक्रियाको अध्ययन गर्नु जस्ता उद्देश्य राखेर अध्ययन गरेका छन । उक्त अध्ययनमा बोहराले रूपायन प्रक्रिया, कारक विभक्ति प्रयोग र उच्चारण प्रक्रियाका बारेमा व्यक्तिको भाषिक विश्लेषण गरेको पाइन्छ । त्यसका साथै बभाङ्गी मातृभाषा भएका व्यक्तिहरूले स्तरीय नेपाली भाषा सिक्दा गर्न सक्ने सम्भावित त्रुटिहरू औंल्याइएको र त्यसको समाधानार्थ सम्भावित उपायहरूको सूची समेत उल्लेख गरेको पाइन्छ । वर्णनात्मक विधि अन्तर्गत प्राथमिक र गौण स्रोतबाट सामग्री सङ्कलन

गरेर अध्ययन विश्लेषण गरेको पाइन्छ । बझाङ्गी भाषिका र स्तरीय नेपाली भाषाका बीच ध्वन्यात्मक र रूपात्मक प्रत्यय चयनमा विविधता रहेको निष्कर्ष निकालेका छन् ।

बम (२०६२) ले **बैतडेली र स्तरीय नेपाली भाषिकाका बीच व्यतिरेकी विश्लेषण** शीर्षकमा शोधकार्य गरेका छन् । उक्त शोधमा बमले बैतडेली भाषिका भएका व्यक्तिले स्तरीय नेपाली भाषिका सिक्दाखेरी कहाँ-कहाँ, कुन-कुन ठाउँमा के-कस्ता त्रुटिहरू के-कति कारणले गर्दछन् भन्ने उद्देश्य राखेर अध्ययन गरेका छन । बमले बैतडेली भाषिका भएका व्यक्तिले स्तरीय नेपाली भाषिका सिक्दाखेरी कहाँ-कहाँ, कुन-कुन ठाउँमा के-कस्ता त्रुटिहरू के-कति कारणले गर्दछन् भन्ने विषयमा सम्भावित कारण र समाधानार्थ उचित उपायहरूको समेत अध्ययन गरेका छन् । बमले वर्णनात्मक विधि अन्तर्गत प्राथमिक र गौण स्रोतबाट सामग्री सङ्कलन गरेर अध्ययन विश्लेषण गरेको पाइन्छ । यसरी अध्ययनका क्रममा बैतडेली भाषिका भएका व्यक्तिले विभिन्न क्षेत्रमा त्रुटि गर्ने गरेको निष्कर्ष निकालेका छन् ।

रौले (२०६२) ले **बाजुरेली भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण** शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उक्त शोधकार्यमा रौलेले बाजुरेली भाषिका र स्तरीय नेपाली भाषाका व्याकरणिक कोटिका बीचमा विश्लेषण गर्नु उद्देश्य राखेर अध्ययन गरेका छन । वर्णनात्मक विधि अन्तर्गत रहेर प्राथमिक र गौण स्रोतबाट सामग्री सङ्कलन गरेर अध्ययन विश्लेषण गरेको पाइन्छ । यसरी रौलेले उक्त अध्ययनमा स्तरीय नेपाली भाषाभन्दा बाजुरेली भाषिकामा आदरार्थी प्रयोग न्यून देखिन्छ भन्ने निष्कर्ष निकालेका छन् ।

ढकाल (२०६२) ले **अछामी भाषिका र नेपाली भाषाका व्याकरणत्मक कोटिको तुलनात्मक अध्ययन** मा अछामी भाषाको विशेषता पहिल्याउनु, अछामी भाषाका र नेपाली भाषाका व्याकरणिक कोटिहरूको तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्य राखेर अध्ययन गरेका छन । प्राथमिक र गौण स्रोतबाट सामग्री सङ्कलन गरेर अध्ययन विश्लेषण गरिएको पाइन्छ । उक्त अध्ययनमा ढकालले उच्चारण प्रक्रिया, शब्दहरूको रूपायन, विभक्ति प्रयोग, पदसङ्गति आदिको विश्लेषण गरेर दुबै भाषामा प्रसस्त विविधता रहेको निष्कर्ष निकालेका छन् ।

रोकाया (२०६७) ले **बझाङ्गी भाषिका र नेपाली भाषाका व्याकरणिक कोटिको तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उक्त शोधमा रोकायाले बझाङ्गी भाषिका र नेपाली भाषाका बीचमा रहेको भिन्नता छुट्याउनु, बझाङ्गी भाषिकाका विशेषताहरू पहिल्याउनु, बझाङ्गी भाषिका र नेपाली भाषाका व्याकरणिक कोटिहरूका बीच तुलनात्मक अध्ययन गर्नु जस्ता उद्देश्य राखेर अध्ययन गरेका छन । वर्णनात्मक विधि

अन्तर्गत प्राथमिक र गौण स्रोतबाट सामागी सङ्कलन गरेर बझाङ्गी भाषा र नेपाली भाषाको तुलना विस्तृत रुपमा नगरेको भए पनि व्यकरणिक कोटि तथा विशेषताहरू द्वारा केही मात्रामा भएपनि तुलना गर्ने प्रयास गरेका छन् । बझाङ्गी भाषा र स्तरीय नेपाली भाषाका व्याकरण व्यवस्थामा भिन्नता नदेखिए पनि शब्दगत, उच्चारणगत तथा ध्वन्यात्मक भिन्नता रहेको निष्कर्ष निकालेका छन् ।

बस्नेत (२०६८) ले **मुगाली भाषिकाको अध्ययन** शीर्षकमा शोधकार्य गरेको पाइन्छ । उक्त शोधमा बस्नेतले मुगाली भाषाको परिचय दिनु, मुगाली भाषिकाका विशेषता पहिचान गर्नु, स्तरीय नेपाली भाषा र मुगाली भाषिकाको रूपापन प्रक्रिया तुलना गर्नु र मुगाली भाषिकाको कारक र विभक्तिहरूको प्रयोगात्मक स्वरुप अध्ययन गर्नु जस्ता उद्देश्य राखेर अध्ययन गरेका छन । वर्णनात्मक र पुस्तकालीय विधिमा प्राथमिक र गौण स्रोतबाट सामाग्री सङ्कलन गरेर मुगाली भाषिकामा नेपाली भाषासँग धेरै समानता केही भिन्नता रहेको कुरा उल्लेख गर्दै केही समानता र केही भिन्नता रहेको कुरा उल्लेख गर्दै मुगालीका केही विशेषता नेपालीका प्राचीन रुपसँग सम्बन्धित छन् भने केही माऊ भााषा संस्कृतसँग निकट रहेको निष्कर्ष निकालेका छन् ।

पाण्डे (२०६८) ले **बाजुरा जिल्लाको कुण्डादरामा बोलिने भाषिक भेद र नेपाली भाषाको व्याकरणात्क कोटिको तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरेका छन् । उक्त शोधमा पाण्डेले भाषिक भेदको परिचय दिनु, भाषिक भेदको विशेषता पहिल्याउनु र नेपाली भाषासँग भाषिक भेदको व्याकरणत्मक कोटिको आधारमा तुलना गर्नु जस्ता उद्देश्य राखेर अध्ययन गरेका छन । वर्णनात्मक र तुलनात्मक विधि अवलम्बन गरेर प्राथमिक र गौण स्रोतबाट सामाग्री सङकलन गरेर आफ्नो शोधकार्य पूरा गरेका छन् । ११ वटा माथिल्ला भेगका गा. वि .स. मध्येको कोल्टी र बाँधु गा. वि.स. लाई आधार मानेर जनसङ्ख्या छनोट गरेको पाइन्छ । बाजुरेली भाषिक भेदको नजिक बिन्दु सिञ्जाली भाषिकासँगै देखिने कुरा निष्कर्षका रुपमा प्रस्तुत गरेका छन् ।

खड्का (२०६८) ले **अर्घाखाँची जिल्लामा बोलिने स्थानीय भाषा र स्तरीय नेपाली भाषाको तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरेकी छन् । उक्त शोधकार्यमा खड्काले अर्घाखाँची जिल्लाको स्थानीय भाषिकाको स्वरुप के-कस्तो छ, उक्त स्थानीय भाषा र स्तरीय नेपाली भाषाबीच के- कस्ता समानता तथा असमानता रहेका छन्, स्थानीय नेपाली सिक्दा

विद्यार्थीहरूमा आई पर्ने समस्या के-कस्ता छन्, अर्घाखाँचीको स्थानीय भाषाका शब्दहरू के-कस्ता छन् जस्ता उद्देश्य राखेर अध्ययन गरेकी छन । सर्वेक्षणात्मक विधिको प्रयोग गरेर प्राथमिक र गौण स्रोतबाट सामग्री सङ्कलन गरेर अध्ययन गरेकी पाइन्छन् । दैनिक जीवनमा प्रयोग हुने शब्दहरू केही नेपाली भाषाका शब्द सरह समान रहेका छन् भने कतिपय शब्दहरूमा आफ्नै मौलिकपन पनि देखिएको निष्कर्ष निकालेकी छन् ।

## २.२ पूर्व अध्ययनको महत्त्व

अनुसन्धान थाल्नु भन्दा पहिले सम्बन्धित विषयमा लेखिएका ग्रन्थ, अनुसन्धान, पत्रपत्रिका तथा अन्य श्रव्य दृश्य सामाग्री पढेर, सुनेर, अध्ययन मनन् गरेर र तिनको संक्षिप्त टिप्पणीमूलक समीक्षा गर्नुलाई पूर्वकार्यको समीक्षा भनिन्छ । कुनै पनि कार्यमा त्यसभन्दा पहिले भएका कार्यहरूले महत्त्वपूर्ण सामग्रीको स्थान प्राप्त गरेको हुन्छ । पूर्वकार्यले सम्बन्धित विषयमा त्यस बेलासम्म भएका यावत् कृति तथा अनुसन्धानहरूको सम्यक् जानकारी दिन्छ जसले गर्दा अनुसन्धातालाई आफ्नो गन्तव्य पहिचान गर्न सरल र सहज बनाउँछ । साथै सम्बन्धित विषयमा पूर्ण विज्ञ बन्न मद्दत गर्दछ । अनुसन्धानको प्रारम्भदेखि पूर्णतासम्म पूर्वकार्यको समीक्षा गरिरहनु पर्दछ । यस विषयमा भए गरेका पूर्व अध्ययनहरूले विविध क्षेत्रमा सहयोग पुऱ्याएको छ । अत : पूर्व अध्ययनको महत्त्वलाई निम्न रुपमा देखाउन सकिन्छ :

- पूर्व अध्ययनले समस्यालाई राम्ररी बुझ्न विश्लेषण गर्न  र शीर्षक चयन गर्न सहयोग पुऱ्याएकाले,
- प्राक्कल्पना निर्माण गर्न, अनुसन्धानका उद्देश्यहरू निर्धारण गर्न र अनुसन्धान पद्धति निर्क्यौल गर्न सहयोग पुऱ्याएकाले,
- अनुसन्धानलाई उपलब्धिमूलक बनाउन, नवीन धारणा पहिल्याउन, नयाँ सिद्धान्तको खोजी गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याएकाले,
- सम्बन्धित विषयको गहिरो ज्ञान हाँसिल गर्न, अनुसन्धानलाई वैधता र विश्वसनीयता बढाउन सहयोग पुऱ्याएकाले,
- अनुसन्धान ढाँचा निर्माण गर्न, उपयुक्त र अनुकूल उपकरणको छनोट गर्न सहयोग पुऱ्याएकाले,
- पहिले भएका अध्ययनहरूको विश्लेषण गर्न र भविष्यमा गर्न सकिने अनुसन्धान क्षेत्रहरू पत्ता लगाउन सहयोग पुऱ्याएकाले ।

## २.३.सैद्धान्तिक परिचय

### २.३.१ डोटेली भाषाको परिचय

संस्कृत शब्द 'देव' (देवता) र 'अवटी' (वन, क्षेत्र, जङ्गल, भूमि, स्थान, प्रदेश) प्रत्ययबाट निर्मित 'देवावटी' शब्द अपभ्रंश हुँदै डोटी शब्द उत्पति भएको मानिन्छ । यसरी निर्मित डोटी शब्दको अर्थ देवी देवताको घुमफिर गर्ने ठाउँ भन्ने बुझिन्छ । आजको डोटी नेपालका पचहत्तर जिल्लाहरू मध्येको एउटा जिल्ला भएपनि प्रारम्भिक काल वि.सं. १४०९ तिर डोटीका राजा नियरपालका शासनकालमा पूर्वमा वाणगङ्गा (भेरी), पश्चिम गढवाल ( भारत), उत्तर मानसरोवर (चिन) र दक्षिण अवध राज्य (भारत) सम्म डोटी क्षेत्र थियो जसको राजधानी हालको डडेल्धुरा जिल्लाको अजैमेरुकोट थियो भने पछिल्लो समय वि.सं. १६१५ देखि दिपायलको गनैगौडाकोटमा सरेको पाइन्छ । जो वि.सं. १८४७ को नेपाल एकीकरण अभियानसँगै सिङ्गो नेपालमा गाभिएको थियो त्यसै एकीकरण क्षेत्र पछिको क्षेत्र विभाजनमा डोटी प्रदेशको राजधानी रहेको दिपायल आसपासको क्षेत्रलाई डोटी जिल्ला नामाकरण गरिएको पाइन्छ । तसर्थ कर्णाली, सेती र महाकालीमा बोलिने भाषालाई डोटेली भाषा भनिदै आएको पाइन्छ । संस्कृत भाषाबाट उत्तर पहाडी प्राकुत भाषाको रुपमा डोटेली भाषाको विकास भएकाले यसलाई भारतीय आर्य शाखाको भाषा पनि भनिन्छ ।

पूण्यमल्ल (१३९९) को ताम्रपत्रको भाषालाई नेपाली भाषाको नमूना मानेर भाषाका विद्धानहरूले अध्ययन गरेका भएपनि वि.सं. १३१४ को कनकको स्वर्णपत्रको भाषा डोटेली र सिञ्जाली मिसिएको हुनाले त्यसै बेला पनि डोटेली र सिञ्जाली छुट्टाछुट्टै भाषा होइनन् भन्ने देखाउँछ । डोटीका राजा नियरपालको १२७३ तिरको ताम्रपत्र पनि डोटेली भाषाको आधार हो जुन नेपाली भाषा र साहित्यको पहिलो अभिलेख पनि मानिन्छ । पूराना अभिलेखहरूमा उल्लेखित मल्ल भाषा नै आजको डोटेली भाषा मानिन्छ । डोटीका राजा हरी शाहीको शाके १६७५ को अभिलेखमा पनि जुम्लामा खसानले राज्य गरेका बेला डोटीलाई खसराज्य भनिन्थ्यो । वि.सं. १८४७ - १९०३ तिर लेखिएका गुमानी पन्तका कविता शुद्ध डोटेली भाषामा लेखिएका पाइन्छन् । जसका कारण  गुमानी पन्तलाई डोटेली साहित्यका आदिकवि भनिन्छ ।

बैदिक ग्रन्थमा वर्णित 'मानस','मानसोत्तर' क्षेत्रलाई पौराणिक ग्रन्थ रामायण, महाभारत र लोक साहित्यमा 'मानसखण्ड' भनिन्छ जुन काली कुमाउँको नन्दा पर्वतदेखि कैलाश पर्वतसम्म फैलिएको मानिन्छ । यसै मानस खण्डलाई कसैले डोटी प्रदेश, प्राचीन डोटीराज्य, सुदुरपश्चिम, काली कर्णाली त कसैले सेती महाकाली भनेको पाइन्छ । मानस खण्डका वायुतड (बैतडी), देवतड (डोटी), दारुगिरि (दार्चुला), आश्रम (अछाम), बज्राङ्क (बझाङ्ग), बाज्रु (बाजुरा), कुर्मपर्वत (डडेल्धुरा), कञ्चन पालकी (कञ्चनपुर), मल्ल शीतकालीन राजधानी मल्लवारा (कैलाली) आदि ठाउँमा बोलिने मानस भाषाको प्राचीन, सार्वभौमिक, मौलिक, ऐतिहासिक नाम नै डोटेली भाषा हो । डोटेली भाषा साहित्यको विकासक्रमको इतिहासमा मानसखण्डमा रहेको लोक साहित्य, लोक वाङ्मय, मौलिक तथा श्रुति परम्परामा जीवित रहेका डेउडा, मागल, सगुन, भारत, फाग, चैत, धमारी, ढुस्को, भोलाउलो, भैनी, घरगित, भैलो, बसन्तगीत, पुतला, होली, चाँचरी, बात, कथा, भारगीत, हुड्केली, रामलीला, उखान- टुक्का, गाउँखाने कथा, तन्त्र मन्त्र आदिले ऐतिहासिकता बोकेको पाइन्छ ।

### २.३.२ डोटेली भाषा साहित्यको विकासक्रम

डोटेली भाषामा प्राप्त भएका सम्पूर्ण लिखित-अलिखित वा वाङ्मयलाई मध्य नजर राख्दै डोटेली भाषा आजको यस अवस्थामा कसरी आइपुग्यो भन्ने सन्दर्भमा भाषिक पुरातात्त्विक विशेषता र राजनैतिक घटनाक्रमका आधारमा डोटेली भाषा साहित्यको विकासक्रमलाई निम्न लिखित चार कालमा बाडिएको छ :

(क) प्रारम्भिक काल ( वि.सं. १०३८-१४४१ )

(ख) विस्तार काल ( वि.सं.१४४१-१८४७/५० )

(ग) सुसुप्त काल ( वि.सं. १८४७/५०-१९७५ )

(घ) पुनर्जागरण काल ( वि.सं. १९७५- हालसम्म )

(क) प्रारम्भिक काल ( वि.सं. १०३८-१४४१ )

मानसरोवर वरपर रहेका आदिवासी यक्षजाति सबैलाई खसजाति भनिन्छ । यिनैले मानसखण्ड राज्य गरेको देखिन्छ । यसैबेला देखि मानसी भाषा लेखन प्रारम्भ भएको मानिन्छ । त्यसबेला मानसी भाषालाई खस भाषा वा खस प्राकृतिक भाषा भनिन्थ्यो त्यस बेलाका धेरैजस्ता ताम्रपत्र, शिलालेख, कनकपत्र आदिमा यसको प्रारुप हेर्न सकिन्छ । ज्योतिषकालको निर्माण यसैकालदेखि शुरु भएको देखिन्छ । कतिपय इतिहासकारहरूले यसै मानसी भाषालाई सिञ्जाली भाषा पनि भनेको पाइन्छ । जसमा सँस्कृत भन्दा मानसी भाषाका शब्द कम भेटिन्छन् । खस चल्ल मल्लको साम्राज्यमा मानसी भाषा राज भाषा थियो ।

(ख) विकास/विस्तार काल (वि.सं.१४४१- १८४७/५० )

सिञ्जाप्रान्तमा रहेको खस चल्लमल्लको शासनकालमा पूर्णविराम लगाउँदै अजयमेरुकोटी राजा नागमल्ल (१४४१-१४५०) ले शासन गरेको पाइन्छ । त्यसपछि मानसी भाषालाई पर्वत्यु (पर्वत देश) भाषा भनेको पाइन्छ जुन सम्पूर्ण पर्वत (पहाड) मा बोलिन्थ्यो । यस कालमा सिमाना बढाउने प्रतिस्पर्धाका कारण भाषा विकास हुन नसके पनि लोकवार्ताका अमूल्य धरोहर भाडा, फाग, चाँचर, चैत आदि यसै समयका उपहार हुन् । साथै ज्वरोत्पत्ति चिकित्सा (वि.सं. १७१६) र प्रायश्चित प्रदीप (वि.सं. १७७३) यसै कालका अमर कृति हुन् रिपुमल्लको चाँचरी, गन्यापको भोलौलो, धुमारी आदि यसैकालका ऐतिहासिक रचना हुन् ।

(ग) माध्यमिक/सुसुप्त काल (वि.सं. १८४७/५०- १९७५ )

पूर्वी नेपाल जितेर पश्चिमतिर आएको गोर्खाली सेनाले पश्चिमी राज्य जित्न नसके पछि साम, दाम, दण्ड र भेदको नीति अपनाएर गनैगौडाकोटी राजा दीपशाही र उनका भाइ विष्णु शाहीबीच मनमुटाव गराई (वि.सं. १८४७ भदौ ३१) गतेका दिन डोटी दिपायल कब्जा गऱ्यो । तत्पश्चात बैतडी चन्द राज्यमाथि हमला गऱ्यो सो कल्लेककोट राज्य बलियो भएकाले करकुरालीका बरमनाथ योगीको सहयोगमा बैतडी पनि गोर्खाली राज्यमा गाभियो जसका कारण गोर्खाली बोलीले मानसी भाषामा प्रभाव पारेको देखिन्छ । यसकालमा फाट्टफुट्ट रुपमा रचना गरिएका भएपनि कृतिका रुपमा अहिलेसम्म केही भेटिएको छैन् ।

(घ) पुनर्जागरण काल (वि.सं. १९७५- हालसम्म )

यसकालको प्रारम्भ नाट्यपिता पहलमानसिँह स्वाँरको ‘लालुभागा’ (१९७५) नाटकबाट भएको पाइन्छ । जुन कृति मानसी भाषाको अछामी बोलीमा रचित देखिन्छ । अछामका महात्मा केवलानन्दले ‘अछामी होरी’ को रचना गरे, त्यसै गरि डडेल्धुराका एन. डी. प्रकास चटौत र किसान नेता भिमदत्त पन्त, बैतडीका विकास पूरुष किसनलाल लेखक लगायतले यस भाषाको विकासमा ठूलो योगदान पुऱ्याएको पाइन्छ । स्व. देवराज भट्ट शर्माले २०१८/१९ तिर रचना गरेको ‘प्रश्रिप्त’ खण्डकाव्यले पनि यस भाषाको फूल फुलाउने काम गऱ्यो जुन भाषा कालान्तरमा आएर २०५७ असार ६  गते राष्ट्रिय भाषाको रुपमा मान्यता पाएपछि तीव्र रुपमा अगाडि बढिरहेको देखिन्छ ।

पाश्चात्य डार्विन आदि मानवशास्त्री आदिका भनाइलाई आधार मान्ने हो भने मानवको श्रृष्टि मानसखण्ड (बृहत् सुदुरपश्चिम) बाट भएको देखिन्छ यस्ता धेरै धेरै प्रमाणहरूबाट प्रभावित भएर ‘यात्री’ पूर्णप्रकाश नेपालले २०३० तिर भनेका थिए “नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले पनि डोटेली भाषाको उत्थानमा हेलचेक्र्याँई गरिराखेको छ” । भाषा जगेर्नाको सन्दर्भमा स्व. देवराज भट्ट शर्माको निम्न भनाइले मातृभाषाप्रतिको कर्तव्य उजागर गर्दछ् : “सिग्दु संसारकी भाषा आफ्नी उन्नति गद्दु हो । बिसद्दु इजुकी भाषा डुब्दु, बुड्डु, उजड्डु हो” स्व. देवराज भट्ट शर्मा

सुरूमा खस भाषा बोलिने यो क्षेत्र स्तरीय नेपाली भाषाको जन्मभूमि हो त्यसर्थ डोटेली भाषाका भिन्न विशेषता र पहिचान छन् । हजारौ वर्षदेखि कर्णाली, सेती र महाकालीमा डोटेली भाषा बोलिने भएकाले होला गाउँ, ठाउँ र स्थान अनुसार भिन्न भिन्न भाषिक भेद रहेका पाइन्छन् ।

### २.३.३ डोटेली भाषाका भेदहरू

कुनै पनि भाषा जति ठूलो क्षेत्रमा जति धेरै मानिसहरूको प्रयोग व्यवहारमा आउँछ त्यति नै त्यसको स्वरुपमा पनि विविधता देखा पर्दै जान्छ । यति सम्म की व्यक्ति व्यक्तिले समेत एउटै भाषालाई भिन्न भिन्न रुपमा प्रयोग गर्दछन् । निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने परम्परामा पर्याप्त तमाम व्यक्ति भाषाको समुच्चयलाई भाषिका भनिन्छ । भाषिका व्यक्ति भाषाभन्दा बृहत तथा भाषाभन्दा सानो रुप हो । दुई

भिन्न भिन्न क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूले प्रयोग गर्ने भाषाको स्वरुपमा केही न केही भिन्नता अवश्य देखिन्छ । यस्तो भिन्नता मूलतः उक्त भाषाको उच्चारण प्रक्रिया, ध्वनि व्यवस्था, प्रयुक्त शब्द र त्यसको अर्थ व्याकरणका विवध रुप र पक्ष आदिमा देखिन्छन् । डोटेली भाषाका जिल्लागत भेदहरू प्रसस्त भएपनि एउटै जिल्लामा पनि भेद उपभेदहरू रहेका पाइन्छन् ।

सुदुर पश्चिमाञ्चल विकास क्षेत्रमा अवस्थित जिल्ला डोटीमा अनेकथरी जातजाती, भाषाभाषीको बाहुल्यता रहेको छ । भौगोलिक विविधता र बोलीमा विभाजन गर्दा डोटीमा डोटेली भाषा तिन क्षेत्रमा वर्गीकरण गर्न सकिन्छ । यो अध्ययनमा डोटी जिल्लाका तिन वटा भाषिक भेदमध्ये चौकी क्षेत्रमा प्रचलित भाषिक भेदलाई लिइएको छ । जसको विवरण यसप्रकार छ :

**क) चौकी क्षेत्र**

डोटी जिल्ला सदरमुकाम दिपायल लगायत सेती नदिभन्दा उत्तरका २० वटा गा.वि.स.मा बोलिने भाषिक भेदलाई चौकी भेद भनिन्छ । यो भेदले पूर्वमा अछाम उत्तरमा बझाङ् र पश्चिममा बैतडीमा बोलिने भेदसँग पनि सम्बन्ध राखेको पाइन्छ । यस क्षेत्रका केही मौलिक शब्दहरू निम्न छन् :

| **चौकी भेद** | **स्तरीय भेद** |
|---|---|
| उठी / आँछी | अनि |
| आच्छिन | छैन |
| धेगेर | देखेर |
| भिक्कै | धेरै |
| सुन्यु | सुन्यो |

**ख) डुम्राकोटी भेद**

महाभारत लेकभन्दा उत्तर र सेती नदिभन्दा दक्षिणका १४ वटा गा.वि.स.मा बोलिने भेदलाई डुम्राकोटी भेद भनिन्छ । यस भेदका वक्ताहरूको सम्बन्ध केही मात्रामा डडेल्धुरी भेदसँग रहेको पाइन्छ । साथै केही मात्रामा चौकी र निरौली भेदसँग पनि अन्तर्मिश्रित हुन्छ ।

| **डुम्राकोटी भेद** | **स्तरीय भेद** |
|---|---|
| पुई | अनि |
| आथिन | छैन |
| धेकीबर | देखेर |
| भउत | धेरै |
| सुण्यु | सुन्यो |

**ग) निरौली भेद**

चुरे पर्वतदेखि महाभारत क्षेत्रसम्म फैलिएको भाषिक भेदलाई निरौली भेद भनिन्छ । जुन भेद डोटीका दक्षिणी १६ वटा गा.वि.स. मा बोलिने गर्दछ। यस क्षेत्रका केही मौलिक शब्दहरू निम्न छन् :

| **निरौली भेद** | **स्तरीय भेद** |
|---|---|
| पइँ | अनि |
| नै छिन | छैन |
| धेकीबट | देखेर |
| साको | धेरै |
| तमि | तिमि |

यसरी डोटेली भाषा पनि विभिन्न भेदहरूको केन्द्रबिन्दुको रुपमा रहेको पाइन्छ । जिल्ला सदरमुकाम सिलगढीमा बसोबास गर्ने नेवार समुदायले नेपाली र बोगटान क्षेत्रमा बसोबास गर्ने मगरले मगर भाषा प्रयोग गर्ने गर्दछन् । जे जस्तो वर्गीकरण र विभाजन गरेको भएपनि पूरै मात्रामा भिन्नता भने छैन । केही रुपमा उच्चार्यगत भिन्नता अवश्य पाइन्छ। जुन बोधगम्य नै मानिन्छ।

**२.३.४ डोटेली भाषाका विशेषताहरू**

कुनै पनि भाषा उसका निजी विशेषताका कारण प्रतिष्ठित भएको हुन्छ । सूक्ष्म रुपमा केलाएर हेर्ने हो भने संसारका सबै भाषाहरूमा केही न केही समान विशेषताहरू फेला पर्दछन् । नेपाली भाषा र डोटेली दुबै संस्कृत भाषाबाट विकसित भाषा भएकाले केही समानता देखिनु स्वभाविक मानिन्छ । तथापि विभिन्न विद्वानहरूको विभाजन र स्थानीय

बोलिचालीलाई आधार मानेर हेर्ने हो भने डोटेली भाषामा निम्न विशेषताहरू पाउन सकिन्छ् :

(क) क्रियापदलाई अकरण बनाउँदा 'नै', 'नाइ' थपिन्छ। जस्तै :

होइन - नै हो           छैनन् - नाइछिन/नैआछिन

गरेन - नैअऱ्यो           थिएनन् - नैआथिन/नाइथ्या

(ख) अज्ञात भूतकालिन क्रियामा भूत र वर्तमान दुबै क्रियाको पुरै प्रयोग हुन्छ। जस्तै :

दिएछ - दियारैछ        गरेछ - गऱ्यारैछ

खाएछ - खायारैछ       सुतेछ - सियारैछ

(ग) कृदन्त 'ता/दा' र 'एको' प्रत्ययको ठाउँमा 'आका' र 'याका' प्रयोग हुन्छ। जस्तै :

आउँदा - आयाका        लाग्दा - लाग्याका

आएको बेला - आका बेला      जानलागेका - जानलाग्याका

(घ) 'पो' निपातका सट्टा 'ब' को प्रयोग हुन्छ। जस्तै :

खाउँ पो - खाउँ ब      जाउँ पो - जाउँ ब

(ङ) द्वितीया विभक्ति जनाउँदा 'खि' प्रयोग हुन्छ। जस्तै :

रामलाई - रामखी मलाई - मुखी तलाई - तुखी उसलाई - उइखी

(च) अधिकरण कारकमा 'मा' को ठाउँमा 'इनु' प्रयोग हुन्छ। जस्तै :

गाउँमा - गाउँइनु झोलामा - झोलाइनु भकारीमा - डुराइनु नदीमा - घाटैनु

(छ) इच्छार्थ बुझाउने तृतीय पुरुषको एकवचनमा 'औ' को प्रयोग हुन्छ। जस्तै :

पढोस् - पढौ    जाओस् - जाऔ गरोस् - गरउ

(ज) बर/बट प्रत्ययको योगबाट पूर्वक्रियाको कृदन्त निर्माण हुन्छ। जस्तै :

खाएर - खाइबट/बर  गरेर - अरिबट/बर  उठेर - उठीबट/बर

(झ) क्रियामा धातुको अन्तिम ध्वनि द्वित्व हुन्छ । जस्तै :

भन्छ - भन्नछ  सुन्छ - सुन्नछ/सुणन्छ  टोक्छ -काट्टछ  गर्छ - अद्दछ

(ञ) सामान्य वर्तमान कालमा 'अन' को आगम हुन्छ । जस्तै :

भन्छ - भनन्छ लेख्छ - लेखन्छ पढ्छ - पणन्छ

(ट) बहुवचनबोधक 'हरू' का सट्टा 'मौ' को प्रयोग हुन्छ । जस्तै :

उनीहरू - उनरीमौ  तिमीहरू - तमरीमौ  हामीहरू - हामरीमौ

(ठ) स्वरमध्यगत समीभवन हुन्छ । जस्तै :

गर्दो - गद्दो हिड्दो - हिट्टो सिस्नु - सिन्नु चर्दो - चद्दो

(ड) निर्जीव वस्तुमा पनि लिङ्गभेदको व्यवस्था पाइन्छ । जस्तै :

सेतो टोपी - सुगिली कुली  लामो घडी - लामी घडी

जुनलाग्यो - जुनलागी  गाडि आयो - गाडि आइ

(ढ) पदान्तमा उच्चारण हुने 'र' ध्वनि 'ण' मा परिवर्तन हुन्छ । जस्तै :

किरो - किणो चरो - चणो पऱ्यो - पण्यो भीर - पण

(ण) पछिल्लो 'ड' ध्वनि 'ण' मा परिवर्तन हुन्छ । जस्तै :

डाँडो - डाँणो/डाणु  भाँडो - भाणु  लाडो - लाणु डाडु - डाणु

(त) क्रियापदको पदान्तको ध्वनिमा 'या' को प्रयोग हुन्छ । जस्तै :

जाने - जान्या खाने - खान्या के - क्या भए - भ्या

(थ) क्रियापदमा प्रयुक्त हुने 'ग' ध्वनि 'अ' ध्वनिमा परिवर्तन हुन्छ । जस्तै :

गर्दो - अद्दो गर - अर गर्दैछन् - अद्दा छन् गऱ्यो - अऱ्यो

(द) क्रियापदको 'आ' ध्वनि 'इ'/'ओ' मा परिवर्तन हुन्छ । जस्तै :

हेरुला - हेरुली/हेरुलो  खाउँला -खाउँली/खाउँलो जाउँला -जाउँली/जाउँलो

(ध) 'क' वर्ण 'ग' वर्णमा परिवर्तन हुन्छ । जस्तै :

उकालो - उगालो खुकुरी - खुगुरी कुकुर - कुगुर सिकारी - सिगारी

(न) 'ग' वर्ण 'ङ' वर्णमा परिवर्तन हुन्छ । जस्तै :

राँगो - राङ्ङो जङ्गल - जङ्ङल भाङ्ग - भाङ्ङ टाँग - टाङ्ङ

(प) महाप्राण ध्वनि अल्पप्राण ध्वनिमा परिवर्तन हुन्छ । जस्तै :

बाघ - बाग माझ - माज साँझ - साज बाँझो - बाँजो

(फ) मध्य शब्द 'स' को लोप र 'इ' को आगम हुन्छ । जस्तै :

उसले - उइले कस्को - कइको उसको - उइको जसले - जइले

(ब) एकवचन वाक्यमा पनि आकारान्त हुन्छ । जस्तै :

म भात खान्नाछु  ऊ घर जान्नाछ

(भ) निपात 'ल' का सट्टमा 'द' को प्रयोग हुन्छ । जस्तै :

ल अब के गरु - द आब क्यारु  ल त्यो मेरो गल्ति रे - द त्यो मेरो गल्ति भन्यु

(म) निपात 'क्यारे' र 'खै' का सट्टामा 'कसब' प्रयोग हुन्छ । जस्तै :

हरिलाई तिर्खा लाग्यो क्यारे - हरिलाई तिस लागिकि कसब

बाटो बन्द भयो क्यारे - बाटो बन्द भ्योकि कसब

खै कहाँ जानु भयो -कसब कहाँ ब ग्या खै मैले चिनिन् - कसब मइले रायन

(य) तुलनाबाची 'भन्दा' शब्दका सट्टामा 'है' प्रयोग हुन्छ । जस्तै :

राम लक्ष्मण भन्दा जेठा हुन - राम लक्ष्मण है जेठा हुन्

हिउँद भन्दा वर्षायाम राम्रो हुन्छ, - हिउनहै बरिखा निगो हुनु

(र) कृदन्त शब्दमा नु नलागेर टु, डु, तु, थु, दु, लु लाग्छ। जस्तै :

काट्नु - काट्टु बेर्नु - बेड्डु सुत्नु - सुत्तु ताछ्नु - ताथ्थु गर्नु - अद्दु खेल्नु - खेल्लु

(ल) 'र' सँयोजकका सट्टा 'रे' प्रयोग गरिन्छ। जस्तै :

राम र म - राम रे म

(व) 'प्र' ध्वनिको उच्चारण 'पर' का रुपमा हुन्छ। जस्तै :

प्रभात - परभात प्रकाश - परकास

(श) कतिपय अवस्थामा विभक्ति लोप हुन्छ। जस्तै :

रामको घर - रामो घर हिउँदका साल - हिउना साल

(ष) एउटा अक्षरले पदको काम गर्छ। जस्तै :

आएका छन् - आछन लागेका छन - लाछन

(स) द्वितीय पुरुषवाचक सर्वनाममा 'तम्' शब्दबाट काम चलाइन्छ। जस्तै :

तम् - तिमी , तपाईं , हजुर

(ह) एकवचनको क्रियामा बहुवचनको क्रिया प्रयुक्त हुन्छ। जस्तै :

तपाईं को हुनुहुन्छ - तम् को हौ

(क्ष) 'अनि' सँयोजकका सट्टा 'पैइ', 'औंछि','उठि' जस्ता शब्द प्रयोग हुन्छ। जस्तै :

अनि म - पैंइ/औंछि/उठी मु

(त्र) 'पनि' संयोजकका ठाउँमा 'लै' प्रयोगमा रहेको पाइन्छ। जस्तै :

म पनि आउँछु है म लै आउँ

(ज्ञ) शब्दहरूमा विपर्याय हुन्छ। जस्तै :

सानो - नानो खस्रो - खसरो तेस्रो - तेसरो दोस्रो - दोसरो

## सारांश

आफ्नो छुट्टै पहिचान बोकेको र अनेक भेद उपभेदहरू भएको डोटेली भाषाले भौगोलिक विकटता, शिक्षा, सञ्चार, यातायात, सांस्कृतिक पछौटेपन, जनचेतनाको कमी, जनचासोको कमी जस्ता विविध कारणहरूले गर्दा आजसम्म भाषिकामा चित्त बुझाउनु परेको थियो । यस भाषामा आफ्नै प्रकारका वर्ण, व्याकरण, शब्द व्यवस्था, उच्चारण, शब्दभण्डार, रूपायन, कारक र विभक्ति चिन्हहरूमा प्रसस्त भिन्नता रहेको छ । जसको गहन अध्ययन र अनुसन्धान एवं संरक्षण सम्बद्धन हुन जरुरी छ । आफ्नै प्रकारका मौलिक शब्दहरू र विविध विशेषताहरूले गर्दा डोटेली भाषाको क्षेत्र र वक्ताहरू नेपाली पछिको स्थानमा देखिने सम्भावना प्रवल देखिन्छ ।

शाब्दिक रुपमा डोटीमा बोलिने भाषा डोटेली भाषा हो । ऐतिहासिक र साँस्कृतिक आधारमा डोटेली चर्चेको खस प्रदेश वा सुदुरपश्चिमाञ्ल क्षेत्रमा बोलिने भाषालाई डोटेली भाषा मानिएको छ । भाषा वैज्ञानिक दृष्टिले नेपाली भाषाका पाँचवटा भाषिका मध्ये तिनवटा सुदुरपश्चिमाञ्ल क्षेत्रमै बोलिने भएपनि डोटेली भाषाको सट्टा वरपच्छिमा, मझपच्छिमा र परपच्छिमाको उल्लेख गरिएको पाइन्छ । मझपच्छिमाका उपभाषिकाका रुपमा डोटेली र डडेल्धुरालीलाई समेटिएको छ । भाषा वैज्ञानिक विमर्शका आधारमा डोटेली भाषा नभई उपभाषिका हो भन्ने मान्यता अहिलेसम्म पनि कायम भएको देखिन्छ । यति हुँदाहुदै पनि डोटेली भाषाले इतिहास, सँस्कृति र राजनितिक रुपमा आफ्नो परिचय र अस्तित्व कायम गरिसकेको कुरामा कुनै दुई मत छैन् । राष्ट्रको प्रमुख प्रसारण संस्था रेडियो नेपालले डोटेलीमा समाचार तथा कार्यक्रम प्रसारण गर्नु, स्थानीय एफ.एम. रेडियोहरूले महत्त्वका साथ यस भाषामा कार्यक्रम प्रसारण गर्नु, डोटेली भाषाको शब्दकोश तयार हुनु, डोटेली लोक साहित्यको अन्वेषणमा तिव्रता आउनु, पत्र–पत्रिकाहरूको प्रकाशन हुनु, राष्ट्रिय जनगणना २०६८ मा डोटेली भाषालाई मातृभाषाका रुपमा प्रयोग गर्ने जनसङ्ख्याको उल्लेख गरिनु, राष्ट्रिय भाषा सर्वेक्षण कार्यदलले समेत यसलाई भिन्नै भाषाको मान्यता दिनु र आइ.एस.ओ. कोड पाउनु जस्ता उपलब्धिले डोटेली भाषाको स्थान निर्धारण गरेको पाइन्छ ।

# अध्याय : तिन

## अध्ययन विधि र शोध प्रक्रिया

### ३.१ विषय प्रवेश

कुनै पनि भाषाका सम्बन्धमा नयाँ–नवीन कुराको खोज गर्नु भाषाको इतिहास, प्रयोग र उपलब्धिबारे व्याख्या तथा विश्लेषण गरी नवीनतम् तथ्य पहिल्याउन गरिएको शोधकार्यलाई नै भाषिक अनुसन्धान भनिन्छ (भट्टराई, २०६८ : १) । मानिसको जिज्ञासु स्वभावका कारण नै अनुसन्धानको विकास भएको हो । मानवीय जिज्ञासा अथवा कौतुहलता मेटाउन निश्चित, व्यवस्थित र तर्कपूर्ण प्रक्रिया अपनाइन्छ । निश्चित समयमा निश्चित उद्देश्य, कार्य र विधिमा आधारित भएर अनुसन्धान कार्य गरिन्छ ।

अनुसन्धान विधि वा पद्धतिलाई अवलम्बन गरी उद्देश्यसम्म पुग्ने गरिन्छ । यो ज्ञानार्जनको माध्यम वा प्रक्रिया हो । उद्देश्यसम्म पुग्नका लागि गरिने अध्ययन व्यवस्थित हुन आवश्यक हुन्छ । अनुसन्धानका विविध विषय र क्षेत्रहरूमध्ये भाषिक अनुसन्धान पनि एउटा महत्त्वपूर्ण क्षेत्र हो । भाषिक क्षेत्रमा अनुसन्धान गर्दा सामग्रीको सङ्कलन, सामग्रीको सत्यापन, वर्गीकरण, विश्लेषण र व्याख्या, सामग्रीको तुलना र मूल्याङ्कन गरी निष्कर्षसम्म पुगी सिद्धान्त प्रतिपादन गर्ने काम गरिन्छ ।

योजना निर्माण, कार्यान्वयन र प्रतिवेदन लेखन जस्ता चरणमा अनुसन्धानको कार्य सम्पन्न गरिन्छ । भाषिक अनुसन्धानमा वर्णनात्मक, सर्वेक्षण, क्षेत्रीय अध्ययन, प्रयोगात्मक, भाषा प्रयोगशाला, तुलनात्मक र क्रियात्मक विधि पर्दछन् । यी सबै विधिहरू वैज्ञानिक विधि भएकाले यिनले वस्तुगत पक्षमा जोड दिन्छन् ।

### ३.२ अध्ययनको ढाँचा

यो डोटेली भाषाको अध्ययन शोधमा सैद्धान्तिक, क्षेत्रीय र सर्वेक्षणात्मक र पुस्तकालीय गरी विविध प्रकारका विधिहरूको प्रयोग गरेर तथ्याङ्क सङ्कलन गरिएको अध्ययन हो । यसको ढाँचा निम्नानुसार छ-:

### ३.२.१ जनसङ्ख्या र नमुना अथवा अध्ययनको क्षेत्र

यस अध्ययनको लागि जनसङ्ख्याको रुपमा राष्ट्रिय जनगणना २०६८ ले प्रस्तुत गरेको ३ % ले हुन आउने जनसङ्ख्या र विभिन्न तथ्याङ्कले देखाएको करिब चालीस लाख वक्ताहरूले प्रयोग गर्ने डोटेली भाषाका प्रयोक्ताहरूलाई जनसङ्ख्याको रुपमा लिइएको छ । साथै अध्ययनका रुपमा डोटी जिल्लाका खातिवडा, बगलेक, डौड, तोलेनी र छपाली गा.वि.स. का १०/१० का दरले ५० र दि.सि.न.पा. का ५० जना गरी १०० जनालाई नमुना जनसङ्ख्याको रुपमा लिइएको छ । यो अध्ययन विशेष गरेर कर्णाली, सेती र महाकालीमा बोलिने भाषामा केन्द्रित रहको छ भने संसार भर छरिएर रहेका डोटेली भाषाका वक्ताहरूलाई पनि जनसङ्ख्याको रुपमा समावेश गरेर यस अध्ययनको क्षेत्रभित्र समावेश गरिएको छ ।

### ३.२.२ नमूना छनोट पद्धति

अनुसन्धानका लागि लिइएको जनसङ्ख्याबाट छानिएको अंशलाई नमुना भनिन्छ जो अनुसनधानका क्रममा सम्पूर्ण सामग्रीबाट लिइन्छ । एउटा भागबाट सम्पूर्ण सामग्रीबारे ज्ञान गराउनु छनोट पद्धति हो । त्यसैले सम्पूर्ण सामग्रीबाट एक अंश लिई सम्पूर्ण सामग्रीबारे ज्ञान गराउने प्रक्रियालाई नमुना छनोट पद्धति भनिन्छ ( शर्मा र लुइँटेल, २०५५ : ४३ ) । यस अनुसन्धानमा सम्पूर्ण जनसङ्ख्याको प्रत्येक एकाइलाई नमुनाका रुपमा छान्ने सम्भावना नहुने हुनाले अनुसन्धाताको ज्ञान, विवेक र अनुभवमा भर पर्ने असम्भाव्य नमुना छनोट पद्वति अन्तर्गतको विशेष उद्देश्य वा प्रयोजनका लागि नमुना छनोट गर्ने प्रयोजनमूलक नमुना छनोट पद्वतिबाट अनुसन्धान गर्ने काम गरिएको छ । विशेष प्रयोजन वा उद्देश्य पूर्तिका लागि जानी बुझी यो पद्वति अङ्गिकार गरिएको छ ।

### ३.२.३ तथ्यांक र सूचना सङ्कलनका साधनहरू

यस अनुसन्धान कार्यमा प्रयोजनमूलक नमुना विधिको छनोट पश्चात् सोही विधि अन्तर्गत रहेर सामग्री सङ्कलन गर्नुपर्ने हुन्छ । शोधको शीर्षकसँग सम्बन्धित रही गरिने नमूना छनोट सामग्रीको स्रोत, तथ्याङ्क सङ्कलन, तथ्याङ्कको वर्गीकरण, तथ्याङ्कको विश्लेषणलाई नै अध्ययन विधि भनिन्छ । अध्ययन विधिले सामग्रीको छनोटदेखि अन्तिम चरणसम्म शोधको दिशानिर्देश गर्दछ । डोटेली भाषाको अध्ययनका लागि प्रस्तुत अध्ययनमा

आवश्यकता अनुसार सैद्धान्तिक, क्षेत्रीय र सर्वेक्षणात्मक र पुस्तकालीय गरी विविध प्रकारका तथ्याङ्क सङ्कलन गरिएको छ जुन सामग्री निम्न स्रोतबाट लिइएको छ ।

**(क) प्राथमिक स्रोत**

यस शोधकार्यमा शोधकर्ता आफै डोटेली भाषी वक्ता भएकोले प्राथमिक स्रोतको रुपमा आफैलाई सूचक मानिएको छ । यस अध्ययनको मूल केन्द्रको रुपमा रहेका खातिवडा, बगलेक, डौड, तोलेनी र छपाली गा.वि.स. का साथै दि.सि.न.पा. लगायत आसपासका क्षेत्रलाई लिइएको छ । तिनै  क्षेत्रमा भाषिक व्यवहारमा प्रयोग हुने आधारभूत शब्द र वाक्यहरू सङ्कलन गरिएका छन । यसरी सङ्कलित सामग्रीलाई आवश्यकताअनुसार प्रश्नावली, मतावली, अर्न्तवार्ता र अवलोकन जस्ता विभिन्न साधन र उपकरणहरूको प्रयोग गरी सम्बन्धित क्षेत्रमा बसोबास गर्ने मूल भाषी वक्ताहरूसँग रुजु गरिएको छ ।

**(ख) द्वितीयक स्रोत**

यस अध्ययनको सामग्री सङ्कलनको द्वितीयक स्रोतका रुपमा सम्बन्धित विषयमा भएका सन्दर्भ पुस्तक, जर्नल, समाचारमा प्रकाशित आलेखहरू, शोधपत्रहरू, पत्र-पत्रिकाहरू, डोटेली शब्दकोश, बृहत नेपाली शब्दकोश, सार्वजनिक र व्यक्तिगत आलेख साथै शोध पुस्तकहरूलाई आधिकारिता दिइएको छ ।

### ३.२.४ तथ्यांक विश्लेषण र मूल्याङ्कन

विभिन्न पेसा, वर्ग, लिङ्ग, क्षेत्र, जाती र समुदायका वक्ताहरूसँग फरक समय, परिवेश, सन्दर्भ र स्थानमा विविध प्रश्नावली, छलफल, अवलोकन जस्ता विधिबाट तथ्याङ्क र सूचनाहरू सङ्कलन गरिएको छ । डोटेली भाषामा प्रकाशित हुने विभिन्न पत्रिका, बुलेटिन, लेखहरू, कैंयौ सम्बन्धित भाषाका रेडियो कार्यक्रमहरू र शब्दकोशलाई मुख्य रुपमा आधार मानेर सामग्री सङ्कलन पश्चात् यो शोधकार्यलाई पूर्णता प्रदान गरिएको छ । यस अनुसन्धानमूलक कार्यको निष्कर्षका लागि विभिन्न स्रोतबाट सङ्कलित तथ्याङ्कहरूलाई व्यवस्थित तथा वैज्ञानिक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा अध्ययनका क्रममा प्राप्त सत्य-तथ्य तथा तथ्याङ्कहरूलाई आवश्यकता अनुसार वर्णनात्मक तथा विश्लेषणात्मक किसिमले व्याख्या गरी तालिकीकरण गरिएको छ । साथै यस शोधमा उच्चारण, रूपायन, कारक र विभक्तिको प्रयोगको अवस्था र स्थिति पनि देखाउँदै अन्तमा सारांश र निष्कर्ष पनि निकालिएको छ ।

### ३.२.५ सारांश

यस अध्ययन कार्यको अध्ययनका रुपमा डोटी जिल्लाका खातिवडा, बगलेक, डौड, तोलेनी र छपाली गा.वि.स. का १०/१० का दरले ५० र दि.सि.न.पा. का ५० जना गरी १०० जनालाई नमुना जनसङ्ख्याको रुपमा लिइएको छ । यो अध्ययन विशेष गरेर कर्णाली, सेती र महाकालीमा बोलिने भाषामा केन्द्रित रहको छ भने संसार भर छरिएर रहेका डोटेली भाषाका वक्ताहरूलाई पनि जनसङ्ख्याको रुपमा समावेश गरेर यस अध्ययनको क्षेत्रभित्र समावेश गरिएको छ । यस अनुसन्धानमा सम्पूर्ण जनसङ्ख्याको प्रत्येक एकाइलाई नमुनाका रुपमा छान्ने सम्भावना नहुने हुनाले अनुसन्धाताको ज्ञान, विवेक र अनुभवमा भर पर्ने असम्भाव्य नमुना छनोट पद्वति अन्तर्गतको विशेष उद्देश्य वा प्रयोजनका लागि नमुना छनोट गर्ने प्रयोजनमूलक नमुना छनोट पद्वतिबाट अनुसन्धान गर्ने काम गरिएको छ । विशेष प्रयोजन वा उद्देश्य पूर्तिका लागि जानी बुझी यो पद्वति अङ्गिकार गरिएको छ । डोटेली भाषाको अध्ययनका लागि प्रस्तुत अध्ययनमा आवश्यकता अनुसार सैद्वान्तिक, क्षेत्रीय, सर्वेक्षणात्मक र पुस्तकालीय गरी विविध प्रकारका तथ्याङ्क सङ्कलन गरिएको छ ।

यस शोधकार्यमा शोधकर्ता आफै डोटेली भाषी वक्ता भएकोले प्राथमिक स्रोतको रुपमा आफैलाई सूचक मानिएको छ । यस अध्ययनको मूल केन्द्रको रुपमा रहेका खातिवडा, बगलेक, डौड, तोलेनी र छपाली गा.वि.स. का साथै दि.सि.न.पा. लगायत आसपासका क्षेत्रलाई लिइएको छ । तिनै क्षेत्रमा भाषिक व्यवहारमा प्रयोग हुने आधारभूत शब्द र वाक्यहरू सङ्कलन गरिएका छन । यसरी सङ्कलित सामग्रीलाई आवश्यकता अनुसार प्रश्नावली, मतावली, अर्न्तवार्ता र अवलोकन जस्ता विभिन्न साधन र उपकरणहरूको प्रयोग गरी सम्बन्धित क्षेत्रमा बसोबास गर्ने मूल भाषी वक्ताहरूसँग रुजु गरिएको छ भने सामग्री सङ्कलनको द्वितीयक स्रोतका रुपमा सम्बन्धित विषयमा भएका सन्दर्भ पुस्तक, जर्नल, समाचारमा प्रकाशित आलेखहरू, शोधपत्रहरू, पत्र-पत्रिकाहरू, डोटेली शब्दकोश, बृहत नेपाली शब्दकोश, सार्वजनिक आलेख, व्यक्तिगत आलेख र शोध पुस्तकहरूलाई आधिकारिता दिइएकको छ ।

विभिन्न पेसा, वर्ग, लिङ्ग, क्षेत्र, जाती र समुदायका वक्ताहरूसँग फरक समय, परिवेश, सन्दर्भ र स्थानमा विविध प्रश्नावली, छलफल, अवलोकन जस्ता विधिबाट तथ्याङ्क र सूचनाहरू सङ्कलन गरिएको छ । डोटेली भाषामा प्रकाशित हुने विभिन्न पत्रिका, बुलेटिन, लेखहरू, कैंयौ सम्बन्धित भाषाका रेडियो कार्यक्रमहरू र शब्दकोशलाई मुख्य रुपमा

आधार मानेर सामग्री सङ्कलन पश्चात् यो शोधकार्यलाई पूर्णता प्रदान गरिएको छ । यस अनुसन्धानमूलक कार्यको निष्कर्षका लागि विभिन्न स्रोतबाट सङ्कलित तथ्याङ्कहरूलाई व्यवस्थित तथा वैज्ञानिक तरिकाले व्याख्या र विश्लेषण गरिएको छ । प्रस्तुत शोधमा अध्ययनका क्रममा प्राप्त सत्य-तथ्य तथा तथ्याङ्कहरूलाई आवश्यकता अनुसार वर्णनात्मक तथा विश्लेषणात्मक किसिमले व्याख्या गरी तालिकीकरण गरिएको छ । साथै यस शोधमा उच्चारण, रूपायन, कारक र विभक्तिको प्रयोगको अवस्था र स्थिति पनि देखाउँदै अन्तमा सारांश र निष्कर्ष पनि निकालिएको छ ।

# अध्याय : चार

# परिणाम, छलफल र विश्लेषण

## ४.१ डोटेली भाषामा उच्चारण व्यवस्था

एक भाषाबाट अर्को भाषा छुट्याउने प्रमुख आधार शब्दहरूको उच्चारण व्यवस्था हो । भाषा मानवीय भावना साटासाट गर्ने एक उत्कृष्ट माध्यम हो जुन ध्वनिका रुपमा व्यक्त हुन्छ । यी ध्वनिहरूको सम्बन्ध मानवीय उच्चारण अवयवसँग जोडिएको हुन्छ । यस्ता ध्वनिहरू कथनका सङ्केत हुन् । वक्ताले आफूले भन्न चाहेका कुरा ध्वनिका रूपमा व्यक्त गर्दछ । खास भाषिक व्यवस्थामा व्यतिरेकी भएर आउने ध्वनिलाई वर्ण भनिन्छ ( भण्डारी, २०६७ : ५१ ) । भाषा अनुसार वर्ण व्यवस्था पनि आफ्नै किसिमको हुन्छ तसर्थ प्रत्येक भाषामा प्रयुक्त ध्वनिहरू भिन्न भिन्न हुन सक्छन् । कुनै भाषामा उही र उस्तै वर्ण भए आफ्नो भाषाका सापेक्षतामा नयाँ भाषा सिक्न सजिलो र भिन्न भए गाह्रो हुने गर्दछ ।

डोटेली भाषामा आफ्नै वर्ण व्यवस्थाका कारण नेपाली लगायत अन्य भाषा भन्दा ध्वनिगत विभिन्नताका स्वर र व्यञ्जन वर्णमा फरकपन देखिन्छ । जसले गर्दा कतिपय शब्दहरूको उच्चारण र अर्थमा भिन्नता हुनुका साथै एक स्वर, द्विस्वर र व्यञ्जनको आदि, मध्य र अन्त्यको उपस्थितिमा शब्दको निर्माण र अर्थमा फरकपन स्पष्टै देखिन्छ । साथै यस भाषामा आफ्नै मौलिक शब्द र विशेषताहरू पनि छन् । डोटेली भाषा सबै ठाउँमा समान किसिमले बोलिदैन स्थान, ठाउँ, व्यक्ति, समुदाय अनुसार भाषिक प्रयोगमा विभिन्न भेद उपभेदहरू जस्ता विविधता देखिन्छ । यहाँ डोटेली भाषामा उच्चारण हुने स्वर, द्विस्वर र व्यञ्जन वर्णको उच्चारण व्यवस्थाको चर्चा गरिएको छ ।

### ४.१.१ स्वर वर्णको उच्चारण

अक्षरको संरचनामा केन्द्रबिन्दु भएर आउने श्वास प्रवाहमा विना अवरोध उत्पन्न हुन सक्ने आक्षरिक ध्वनिलाई स्वर ध्वनि भनिन्छ । नेपाली भाषामा जस्तै डोटेली भाषामा पनि स्वर वर्णहरूको व्यवस्था छ । डोटेली भाषामा आफ्नै बेग्लै प्रकारका स्वर वर्ण नभए पनि स्तरीय नेपालीका स्वर वर्णहरू उच्चारण प्रक्रियाका सन्दर्भमा भिन्न रहेका पाइन्छन् । द्विस्वर डोटेली भाषामा पनि १० वटा नै प्रयोग हुन्छन् तर उच्चारण प्रक्रियामा भिन्न रुपमा

प्रयोग हुने गर्दछन् । नेपाली भाषाका सापेक्षतामा नै डोटेली भाषामा स्वरवर्णहरूको उच्चारण प्रक्रियालाई प्रस्तुत गरिएको छ । डोटेली भाषामा र नेपाली भाषामा उच्चारण हुने प्रक्रियालाई तुलनात्मक रुपमा निम्नअनुसार प्रस्तुत गरिन्छ ।

**तालिका नं. १**

**डोटेली भाषामा स्वर वर्णको उच्चारण**

| वर्ण | भाषा | शब्द | उच्चारण | प्रयोग |
|---|---|---|---|---|
| अ | **डोटेली** | /सर्क/ | /सर्क/ | बेली **सर्क** भरी तारा लाग्या । |
| | **नेपाली** | /आकाश/ | /आकाश्/ | हिजो **आकाश** भरी तारा लागे । |
| | **डोटेली** | /अचल/ | /अच्ल/ | **अचल** तम् का छौ । |
| | **नेपाली** | /आजभोली/ | /आज्भोली/ | **आजभोली** तपाइँ कहाँ हुनुहुन्छ । |
| आ | **डोटेली** | /खात/ | /खात्/ | वन दरमाखी **खात** छ । |
| | **नेपाली** | /थुप्रो/ | /थुप्रो/ | जङ्गलमा दाउराको **थुप्रो** छ । |
| | **डोटेली** | /आँत/ | /आँत्/ | घर जान्या **आँत** होली धेग्या । |
| | **नेपाली** | /हतार/ | /हतार्/ | घर जाने **हतार** होला है । |
| इ | **डोटेली** | /कोइ/ | /कोइ/ | मेरा आफ्ना भन्नु **कोइ** आछिन । |
| | **नेपाली** | /कोही/ | /कोहि/ | मेरो आफ्नो भन्ने **कोही** छैन । |
| | **डोटेली** | /इजा/ | /इजा/ | तेर **इजा** का गइन् । |
| | **नेपाली** | /आमा/ | /आमा/ | तिम्री **आमा** कहाँ जानु भो । |
| उ | **डोटेली** | /उदो/ | /उदो/ | को हो ताइनु **उदो** जान्या । |
| | **नेपाली** | /तल/ | /तल/ | को होला त्यहाँ **तल** जाने |
| | **डोटेली** | /उब्बदर/ | /उब्बदर्/ | बाटो **उब्बदर** असजी होलो । |
| | **नेपाली** | /अतिधेरै / | /अतिधेरै / | बाटो **अतिधेरै** अफठ्यारो होला |

| | | | | |
|---|---|---|---|---|
| | | | | । |
| ए | **डोटेली** | /केला/ | /केला/ | ठाणाइनी **केला** पागि हो । |
| | **नेपाली** | /केरा/ | /केरा/ | बोटमै **केरा** पाक्यो होला । |
| | **डोटेली** | /एग/ | /एग्/ | **एग** मुठी सास धानी रइछु । |
| | **नेपाली** | /एक/ | /एक्/ | **एक** मुठी सास लिएर बाँचेको छु । |
| ओ | **डोटेली** | /ओल्ल/ | /ओल्ल/ | बल्ल गाणैना **ओल्ल** दे । |
| | **नेपाली** | /ओर्लिन/ | /ओर्लिन/ | गोरु खोलातिर **ओर्लिन** देउ । |
| | **डोटेली** | /ओणी/ | /ओणि/ | ओ बौजु धै **ओणी** फर्गिना । |
| | **नेपाली** | /वर/ | /वर्/ | भाउजु खै **वर** फर्किनुस् त । |

माथिको तालिकामा प्रयुक्त स्वर वर्णका शब्दहरू हेर्दा उच्चार्य रुपमा नेपाली भाषाका स्वर वर्णको जस्तै हुने गरेको भएपनि नेपालीका शब्द डोटेलीमा त्यही अर्थका लागि फरक तरिकाले उच्चरित हुन्छन् । यसरी डोटेली भाषाका स्वर वर्णका उच्चारण व्यवस्थालाई हेर्दा कतै स्वरागमको स्थिति त कतै स्वर लोपको स्थिति भेटिन्छ । यसको स्पष्ट पुष्टि डोटेली भाषाका विशेषताबाटै पनि भइसकेको छ ।

**तालिका नं. २**

**डोटेली भाषामा द्विस्वर वर्णको उच्चारण**

| द्विस्वर | भाषा | शब्द | उच्चारण | प्रयोग |
|---|---|---|---|---|
| अइ | **डोटेली** | /अइल/ | /अइल/ | **अइल** साल रोएरै काट्या अब जन रुवा । |
| | **नेपाली** | /अहिले/ | /अहिले/ | अहिलेको वर्ष रुएरै बिताए अब नरुवाउ । |
| अउ | **डोटेली** | /हउ/ | /हउ/ | पारी **हउ** भन्नया को होलो । |
| | **नेपाली** | /हजुर/ | /हजुर/ | पारीतिर **हजुर** भन्ने को होला । |

| | | | | |
|---|---|---|---|---|
| आइ | **डोटेली** | /काइ/ | /काइ/ | भोल्या **काइ** जान्या हौ की । |
| | **नेपाली** | /कतै/ | /कतै/ | भोली बिहान **कतै** जाने हो की । |
| आउ | **डोटेली** | /आउना/ | /आउना/ | मु **आउना** धेगी इजा बाटो हेरन्नी । |
| | **नेपाली** | /आएको/ | /आएको/ | म **आएको** देखेर आमा बाटो हेर्लिन् । |
| इइ | **डोटेली** | /छुइ/ | /छुइ/ | भैसी छानु **छुइ** होइ । |
| | **नेपाली** | /छाउनु/ | /छाउनु/ | भैसीको छानो **छायौ** होला । |
| इउ | **डोटेली** | /बिउ/ | /बिउ/ | रोपाइँ गणा **बिउ** गाड्डया हुँ । |
| | **नेपाली** | /बेर्नु/ | /बेर्नु/ | रोपाइँ गर्ने खेतमा **बेर्नु** उखेल्ने हुँ । |
| एइ | **डोटेली** | /तेइ/ | /तेइ/ | ज्या तमले भन्या मैलइ **तेइ** त भन्या । |
| | **नेपाली** | /तेही/ | /तेहि/ | जे तपाइँले भन्नु भो मैले नी **तेही** नै भने । |
| एउ | **डोटेली** | /छेउ/ | /छेउ/ | लाटी **छेउ** लागेइ क्याखी हो । |
| | **नेपाली** | /छेउ/ | /छेउ/ | छोरी **छेउ**तिर गएकी किन हो र । |
| ओइ | **डोटेली** | /कोइ/ | /कोइ/ | सन्कट्टी पण्या बगत **कोइ** लै भ्यइन् । |
| | **नेपाली** | /कोही/ | /कोहि/ | आपत पर्दाखेरी **कोही** पनि भएनन् । |
| ओउ | **डोटेली** | /बोउ/ | /बोउ/ | बरिखा सेरी धान **बोउ** भन्न्ना । |
| | **नेपाली** | /छर/ | /छर्/ | वर्षायामा सेरीखेतमा धान **छर** भन्लान् । |

नेपाली भाषामा प्रयुक्त १० वटा द्विस्वरलाई आधार मानेर डोटेली भाषाका द्विस्वरको विश्लेषण गरिएको छ । मूल स्वरका पछाडि इकार र उकार गासिएर बनेको त्यस्तो दुइवटा स्वरको जोडीलाई द्विस्वर भनिन्छ । माथिको तालिकामा प्रयोग भएका द्विस्वर वर्णहरूलाई केलाउँदा नेपाली भाषाका द्विस्वर वर्ण समान नै उच्चरित भएका देखिन्छन् तथापी नेपाली भाषामा उच्चारण हुने शब्द डोटेली भाषामा त्यही अर्थका लागि भिन्न संरचनामा उच्चारण भएर आउने गर्दछन् । त्यसैले नेपाली र डोटेलीका द्विस्वर एउटै अर्थ बुझाउने शब्दहरू फरक तरिकाले उच्चारण हुने गर्दछन् ।

### ४.१.२ व्यञ्जन वर्णको उच्चारण

श्वास प्रवाहमा बाधा अवरोधको सामना गरी उच्चरित हुने ध्वनिलाई व्यञ्जन ध्वनि भनिन्छ । व्यञ्जन ध्वनिहरू एक्लै उच्चारण नभएर स्वर वर्णको सहायता, आवश्यकता पर्ने हुनाले यिनलाई अनाक्षरिक पनि भनिन्छ । लेख्य वर्णमाला अनुसार नेपाली भाषामा व्यञ्जन वर्णको सङ्ख्या ३६ वटा मानिन्छ । भाषाविज्ञानले व्यतिरेक प्रकार्य गर्न सक्ने आधारमा २९ वटा व्यञ्जन ध्वनिलाई व्यञ्जन वर्ण मानेको छ । तथापी वक्तागत भिन्नता, स्थानीयता आदि कारणले डोटेली भाषामा ३१ वटा व्यञ्जन ध्वनिलाई व्यञ्जन वर्ण मान्न सकिन्छ । जसलाई निम्नानुसार देखाउन सकिन्छ :

**तालिका नं. ३**

**डोटेली भाषामा व्यञ्जन वर्णको उच्चारण**

| वर्ण | भाषा | शब्द | उच्चारण | प्रयोग |
|---|---|---|---|---|
| क | **डोटेली** | /कसा/ | /कसाः/ | घर सप्पै **कसा** छन् । |
| | **नेपाली** | /कस्ता/ | /कस्ता/ | घरतिर सबै जना कस्ता छन् । |
| ख | **डोटेली** | /खर्क/ | /खरक्/ | भैसा **खर्क** गया हुन् । |
| | **नेपाली** | /छानो/ | /छानो/ | भैसी **छानो**तिर गइसके त । |
| ग | **डोटेली** | /गणा/ | /गणा/ | धाना **गणा** पेला भैग्या हुन् । |
| | **नेपाली** | /बारी/ | /बारि/ | धानका **बारी** पहेला भए होलान् । |
| घ | **डोटेली** | /घसारी/ | /घसारी/ | **घसारी** घाँस काटिबट फर्गिन । |
| | **नेपाली** | /घाँसे/ | /घाँसे/ | **घाँसे** घाँस काटेर फर्किए । |
| ङ | **डोटेली** | /ढङ्ङ/ | /ढङ्ङ्/ | यसा **ढङ्ङ**ले क्या होलो तेरो । |
| | **नेपाली** | /ढङ्ग/ | /ढङ्ग्/ | यस्ता **ढङ्ग**ले के होला तिम्रो । |
| च | **डोटेली** | /चनकिल/ | /चन्किल्/ | भटेरी गाँजो **चनकिल** पाइनुछ । |
| | **नेपाली** | /चनकिल/ | /चन्किल्/ | एक प्रकारको घाँस **चनकिल**मा पाइन्छ । |

| | | | | |
|---|---|---|---|---|
| छ | **डोटेली** | /छगाल/ | /छगाल्/ | एइ **छगाल**लै को रैछ डागो लगाउन्या । |
| | **नेपाली** | /एकाबिहानै/ | /एकाबिहानै/ | एकाबिहानै को रहेछ बोलाउने । |
| ज | **डोटेली** | /जन्जाले/ | /जन्जाल्या/ | कैगो हो **जन्जाले** रुमाल । |
| | **नेपाली** | /छिद्रेमिद्रे/ | /छिद्रेमिद्रे/ | कसको हो छिद्रेमिद्रे रुमाल । |
| झ | **डोटेली** | /झण/ | /झण्/ | साउना मैना भरि **झण** पण्या । |
| | **नेपाली** | /झरी/ | /झरि/ | साउनको महिना भरी **झरी** पऱ्यो । |
| ञ | **डोटेली** | /ञा/ | /ञा/ | तम **ञा** तिर् आय बन । |
| | **नेपाली** | /यता/ | /यता/ | तपाइँ **यता** तिर आउनु होस् न । |
| ट | **डोटेली** | /टपरी/ | /टप्परि/ | साला पातै **टपरी** बना । |
| | **नेपाली** | /टपरी/ | /टपरि/ | सालको पातको **टपरी** बनाउ । |
| ठ | **डोटेली** | /ठन्न/ | /ठन्न्/ | लेगो **ठन्न** पानि खाइजा । |
| | **नेपाली** | /चिसो/ | /चिसो/ | लेकतिरको **चिसो** पानि खाएर जाउ । |
| ड | **डोटेली** | /डगार/ | /डगार्/ | ढुस्सेइला **डगार** आया । |
| | **नेपाली** | /डकार/ | /डकार्/ | अमिलो **डकार** आयो । |
| ढ | **डोटेली** | /ढल/ | /ढल्/ | उन्ने मसँग् **ढल** मानेइन् । |
| | **नेपाली** | /संगत/ | /संगत्/ | उसले मसँग **संगत** गर्न राम्रो मानेन् । |
| ण | **डोटेली** | /णतोला/ | /णतोला/ | लाल्टिन बजार **णतोला** पड्डछ । |
| | **नेपाली** | /उडितोला/ | /उडितोला/ | लाल्टिन बजार **उडितोला** पर्छ । |
| त | **डोटेली** | /तलिनु/ | /तलिउनु/ | झाण **तलिनु** सिमार होलो । |
| | **नेपाली** | /तल/ | /तल्/ | झ्याङ् **तल** सिममार होला । |
| थ | **डोटेली** | /थनरी/ | /थन्री/ | जाँती **थनरी**ले समा । |
| | **नेपाली** | /चिम्टा/ | /चिम्टा/ | ओदान **चिम्टा**ले समात । |

| | | | | |
|---|---|---|---|---|
| द | **डोटेली** | /दरमा/ | /दर्मा/ | खातबाटी **दरमा** ल्याइया जा । |
| | **नेपाली** | /दाउरा/ | /दाउरा/ | थुप्रोबाट **दाउरा** ल्याउ जाउ । |
| ध | **डोटेली** | /धइ/ | /धइँ/ | **धइ** तग्दा लाउ इनरा कुरा । |
| | **नेपाली** | /खै/ | /खै/ | **खै** हेर्नुस् त यहाँको कुरा । |
| न | **डोटेली** | /नला/ | /नला/ | बल्ल बन **नला** । |
| | **नेपाली** | /नलगाउ/ | /नलगाउ/ | गोरु वनतिर **नलागाउ** । |
| प | **डोटेली** | /पर्सो/ | /पर्सो/ | पुस **पर्सो** फालन्ना । |
| | **नेपाली** | /गोबर/ | /गोबर/ | पुसमा **गोबर** फाल्लान् । |
| फ | **डोटेली** | /फगारी/ | /फगारी/ | **फगारी** मौरौ का गयो हो । |
| | **नेपाली** | /घार/ | /घार्/ | घारमौरी कहाँ गयो होला । |
| ब | **डोटेली** | /बल्ल/ | /बल्लः/ | सुगिलो **बल्ल** कैगो रैछ । |
| | **नेपाली** | /गोरु/ | /गोरु/ | सेतो **गोरु** कसको रहेछ । |
| भ | **डोटेली** | /भर/ | /भर्/ | मु कैगो **भर** मानु । |
| | **नेपाली** | /भरोसा/ | /भरोसा/ | म कसको **भरोसा** मानौ । |
| म | **डोटेली** | /मण्यानी/ | /मण्यानी/ | भूत होलो है **मण्यानी** जन् जा । |
| | **नेपाली** | /चिहान/ | /चिहान्/ | भूतप्रेत होला है **चिहान** नजाउ । |
| य | **डोटेली** | /यइनु/ | /यइनु/ | **यइनु** सिया को हो मल्यौ । |
| | **नेपाली** | /यसमा/ | /यसमा/ | **यसमा** सुतेको को हो केटाहरू । |
| र | **डोटेली** | /रनबन/ | /रन्बन्/ | रनबन **कागण्** डुलन्ना । |
| | **नेपाली** | /घनाजङ्गल/ | /घनाजङ्गल/ | घनाजङ्गलमा **कस्तुरी** डुल्लान् होला । |
| ल | **डोटेली** | /लणेलो/ | /लणेलो/ | मु भउतै **लणेलो** मान्नु । |
| | **नेपाली** | /प्यारो/ | /प्यारो/ | म धेरै **प्यारो** मान्छु । |
| व | **डोटेली** | /वल्ली/ | /वल्ली/ | **वल्ली** कोल आइझा । |
| | **नेपाली** | /वरको/ | /वरको/ | **वरको** ठाउँमा आइजा । |
| स | **डोटेली** | /सरम/ | /सरम्/ | यइ त **सरम** लग नै लाग्दी । |
| | **नेपाली** | /लाज/ | /लाज्/ | यसलाई त **लाज** पनि लाग्दैन् । |

| | | | | |
|---|---|---|---|---|
| ह | **डोटेली** | /हल/ | /हल्/ | दुई **हल** बल्ल, दुई पुला पराल……… |
| | **नेपाली** | /जोडा/ | /जोडा/ | दुई **जोडा** गोरु, दुई मुठा पराल….. |

प्रस्तुत तालिकामा देखाएअनुसार डोटेली भाषामा नेपाली भाषाका व्यञ्जन वर्णको उच्चारण व्यवस्थाको पूर्णतः पालना नगरी वक्तागत र स्थानीयताका बीचको भिन्नताका कारण भिन्न उच्चारण हुने गरेको देखिन्छ जुन उच्चारण हुनु अस्वभाविक मानिदैंन । डोटेली भाषामा शब्दहरूको उच्चारण गर्दा कही समीभवन, कही अल्पप्राणीभवन, कही स्वरागम त कतै स्वरलोप हुने गरेको स्थिति देखिन्छ । माथिको तालिकामा प्रयुक्त व्यञ्जन वर्णहरूको उच्चारण प्रक्रियालाई हेर्दा नेपाली भाषाका शब्दको डोटेली भाषामा उच्चारण गर्दा सो अर्थका लागि फरक संरचनामा आएको देखिन्छ । त्यसैले स्तरीय नेपाली र डोटेली भाषामा एउटै अर्थ बुझाउने शब्दहरू फरक फरक तरिकाले उच्चारण हुने गरेको पाइन्छ ।

## ४.२ डोटेली भाषाको रूपायन प्रक्रिया

कुनै शब्दलाई वाक्यमा प्रयोग योग्य बनाउने प्रक्रियालाई  रूपायन भनिन्छ । जुन वाक्यात्मक सन्दर्भसँग सम्बन्धित हुन्छ (भण्डारी, २०६७ : ९६) । कुनै पनि वाक्यमा प्रयुक्त हुँदा विभिन्न व्याकरणिक अर्थ व्यक्त गर्दा विभिन्न व्याकरणिक चिन्हहरू बोकेर विभिन्न स्वरुपमा आउन सक्छन् । शब्दका यिनै विविध (लिङ्ग, वचन, पुरुष) मा रूपान्तरित गर्ने कार्यलाई रूपायन भनिन्छ ।

शब्दको रुप परिवर्तन हुने प्रक्रिया नै शब्द रूपायन प्रक्रिया हो । प्रायशः स्वतन्त्र रुपमा अर्थ दिने रुपहरूसँग जोडिएर शब्द रूपायन हुन्छ । सबै शब्दहरूमा रूपायन प्रक्रिया हुन सक्दैन तसर्थ विकारी शब्द (नाम, सर्वनाम, विशेषण र क्रिया) मा मात्र रूपायन प्रक्रिया लाग्ने गर्दछ । यहाँ नेपाली र डोटेली भाषामा हुने रूपायनको तुलनात्मक अध्ययन गरिएको छ :

### ४.२.१ नाम शब्दको रूपायन

कुनै व्यक्ति, स्थान, वस्तु, पदार्थ र भाव आदि बुझाउने पदलाई नाम भनिन्छ वा सँज्ञा विशेष्य पनि भन्ने गरिन्छ । नाम खास गरेर व्यक्तिवाचक, जातिवाचक, समुहवाचक, द्रव्यवाचक र भाववाचक  मा वर्गीकरण गरिएको पाइन्छ । नामको रूपायन गर्दा निम्न चार तहमा गरिन्छ :

**(क) वचनका आधारमा रूपायन**

कुनैपनि व्यक्ति वा वस्तुको एक वा सो भन्दा बढी सङ्ख्यालाई 'जे' ले बुझाउँछ त्यसलाई व्याकरणमा वचन भनिन्छ । वचन नेपालीमा जस्तै डोटेलीमा पनि एकवचन र बहुवचन गरेर दुई प्रकारका पाइन्छन् जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

**तालिका नं. ४**

**वचनका आधारमा रूपायन**

| एकवचन | | बहुवचन | |
|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| मान्छ्या | मानिस | मान्छेइमौ | मान्छेहरू |
| मुले | केटो | मलेइमौ | केटाहरू |
| बाखरो | बाखो | बाखरा | बाखाहरू |
| सेर्‍या | सेर | सेरेइमौ | सेरेहरू |
| बल्ल | गोरु | बल्ल | गोरुहरू |

डोटेली भाषामा नाम शब्दको वचनका आधारमा रूपायन गर्दा नेपाली भाषामा एकवचनका शब्दहरूलाई बहुवचन बनाउँदा प्रयोग गरिने 'हरू' प्रत्ययका सट्टामा 'मौ' प्रत्ययको प्रयोग गरिन्छ । कतिपय अवस्थामा एकवचनका शब्दहरूलाई बहुवचनमा रूपायन गर्दा खेरी कुनै पनि चिन्हको प्रयोग गरिदैंन जुन कुरा माथिको तालिकामा उल्लेख गरिएको छ ।

**(ख) लिङ्गका आधारमा रूपायन**

जुनसूकै भाषाका वाक्यहरूमा नामसँग अर्को कुनै शब्दको  पदसङ्गतिको भेदले जति किसिमको अर्थभेद देखिन्छ त्यसलाई लिङ्ग भनिन्छ (पोखरेल, २०४० : २८९) । लिङ्ग खास गरेर दुई प्रकारका भएपनि कुनै कुनै भाषामा तीन किसिमका देख्न सकिन्छ । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

**तालिका नं. ५**

**लिङ्गका आधारमा रूपायन**

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| मुल्या | केटो | मुलाई | केटी |
| अल्को | अग्लो | अल्की | अग्ली |
| मेग लाग्यो | पानि पऱ्यो | जुन लागी | जून लाग्यो |
| ग्यो | गयो | गै | गइन् |
| बुदी | भाइ | बुदी | बहिनी |

नेपाली भाषामा जस्तै डोटेली भाषामा पनि पुलिङ्गलाई स्त्रीलिङ्गमा रूपायन गर्दा इ प्रत्यय जोडिन्छ भने यस भाषामा निर्जीव वस्तुमा पनि लिङ्गभेदको व्यवस्था देखिन्छ । साथै उभयलिङ्गको व्यवस्था पाइन्छ । जुन कुरा माथिको तालिकामा उल्लेख गरिएको छ ।

**(ग) आदरका आधारमा रूपायन**

व्यक्तिको प्रतिष्ठालाई सङ्केत गर्ने व्याकरणिक कोटिलाई आदर भनिन्छ । भाषाको प्रकृति अनुसार आदरका तहमा भिन्नता रहेको हुन् सक्छ । आदर मूलतः श्रोता र अन्य सन्दर्भमा व्यक्त हुन्छ । नाम र सर्वनामको सङ्केत गर्ने, व्यक्तिका सामाजिक इज्जत र प्रतिष्ठा व्यक्त गर्ने शब्द तथा पदको सङ्गतिलाई आदरार्थी भनिन्छ (बराल र एटम, २०५८ : ४८) । हेमाङ्गराज अधिकारीले आदररहित, मध्यम आदर, उच्च आदर, विशेष आदर र उच्चत्तर गरी पाँच तह, मोहनराज शर्माले सामान्य, उच्च, उच्चतम र उच्चत्तर गरी चार

तह र नरेन्द्र चापागाँईले निम्न, मध्यम, उच्च र उच्चम गरी चार तहमा विभाजन गरेको पाइन्छ भने नेपाली र डोटेली भाषामा आदरको व्यवस्था यसप्रकार छ । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

**तालिका नं. ६**

**आदरका आधारमा रूपायन**

| **आदर रहित** | | **सामान्य आदर** | |
|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| तु घर् जा | तँ घर जा | तम घर् जाय | तिमी घर जाउ |
| | | | तपाइँ घर जानुहोस् |
| | | | हजुर घर जानुहोस् |
| | | | हजुर घर गइस्योस् |

विभिन्न विद्वानहरूका आदर सम्बन्धी वर्गीकरणलाई आधार मानेर गरिएको विभाजन अनुसार नेपाली भाषामा पाँच प्रकारका (आदररहित, सामान्य, विशेष, उच्च र उच्चतम) आदरका रुप पाइए पनि डोटेली भाषामा दुइ प्रकारका (आदररहित र सामान्य) आदरका रुपहरू मात्र पाइन्छन् । डोटेली भाषामा प्रयोग हुने 'तम्' शब्दले सामान्यदेखि माथिका सबै आदरको काम गर्ने गरेको पाइन्छ ।

**(घ) कारकका आधारमा रूपायन**

नामिक पद र क्रियाका बीचको सम्बन्धलाई कारक भनिन्छ । यसलाई अर्थतात्विक भूमिका र रुपतात्विक सम्बन्धका आधारमा हेर्ने गरिएको पाइन्छ । कारकलाई पनि व्याकरणात्मक कोटिका रुपमा लिन सकिन्छ । कारकमा रूपायन हुदाँ निम्न दुइ प्रकारमा गर्ने गरिन्छ । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

**तालिका नं. ७**

**कारकका आधारमा रूपायन**

| सरल | | तिर्यक् | |
|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| बौजु | भाउजु | बौजुखी | भाउजुलाई |
| काजी | भाइबहिनी | काज्यो | भाइबहिनीको |
| बल्ल | गोरु | बल्लइ | गोरुलाई |
| बेली | हिजो | बेलीबटी | हिजोदेखि |
| निगो | राम्रो | निगा | राम्रा |

नेपाली र डोटेली भाषामा सबैभन्दा भिन्नता रहेको व्याकरणात्मक कोटिमा विभक्ति चिन्ह प्रयोगलाई लिइन्छ । सरल कारकलाई तिर्यक् कारक बनाउँदा नेपाली भाषामा प्रयोग हुने विभक्ति चिन्हहरू भन्दा पृथक विभक्ति चिन्हहरू डोटेली भाषामा प्रयुक्त हुने गरेको पाइन्छ ।

### ४.२.२ सर्वनाम शब्दको रूपायन

नामका सट्टामा प्रयोग हुन आउने शब्दलाई सर्वनाम भनिन्छ । अर्को शब्दमा भन्दा नाम वा नाम समूहको पुनरुक्ति रोक्न त्यसको सट्टामा आउने शब्दलाई सर्वनाम भनिन्छ । समसामयिक व्याकरण अनुसार नामको सट्टामा मात्र नभई वाक्यको सट्टामा समेत आउने शब्दलाई सर्वनाम भनिन्छ । सर्वनाम शब्दको रुप समूहलाई सर्वनामको रूपावली भन्ने पनि गरिन्छ । नाम जस्तै सर्वनाम निम्न तहमा रूपायन हुन्छ ।

**(क) वचनका आधारमा रूपायन**

कुनैपनि व्यक्ति वा वस्तुको एक वा सो भन्दा बढी सङ्ख्यालाई 'जे' ले बुझाउँछ त्यसलाई व्याकरणमा वचन भनिन्छ । वचन नेपालीमा जस्तै डोटेलीमा पनि दुइ प्रकारका पाइन्छन् । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

**तालिका नं. ८**

**वचनका आधारमा रूपायन**

| **एकवचन** | | **बहुवचन** | |
|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| मु, मै, मइ, मुइ | म | हाम्, हम्, हमुन् | हामी |
| तु, तो | तँ | तम्, तमी, तमुन् | तिमी, तपाइँ |
| ऊ, इ | यी | उन्, इन् | उनी, यीनी, उहाँ |

प्रस्तुत तालिकालाई अवलोकन गर्दा नेपाली भाषामा जस्तै डोटेली भाषामा पनि सर्वनाम शब्दलाई वचनका आधारमा एकवचन र बहुवचनमा विभाजन गरिन्छ । डोटेली भाषामा एकवचनका सार्वनामिक शब्दहरूलाई बहुवचन बनाउँदा इ, उन, अम जस्ता प्रत्ययहरू प्रयुक्त हुने गरेको पाइन्छ ।

**(ख) पुरुषका आधारमा रूपायन**

भाषिक प्रयोगमा सहभागिताका विभिन्न स्थितिहरू व्यक्त गर्ने व्याकरणिक कोटिलाई पुरुष भनिन्छ । सर्वनाम र धातुमा अभिव्यक्त हुने पुरुष वक्ता, श्रोता र वक्ता - श्रोताभन्दा व्यक्ति वा विषयसँग सम्बन्धित हुने आधारमा तीन किसिममा विभाजन गरिएको हुन्छ । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

**तालिका नं. ९**

**पुरुषका आधारमा रूपायन**

| **प्रथम** | | **द्वितीय** | | **तृतीय** | |
|---|---|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| मु, मइ, मुइ<br>हाम्, हम् | म<br>हामी | तु, तो, ता<br>तम्, तमी | तँ<br>तिमी | ऊ, इ, वाँ<br>तीइ | उ, यी<br>उहाँ, यहाँ |

माथिको तालिकालाई हेर्दा नेपाली भाषामा जस्तै डोटेली भाषामा पनि सर्वनामका पुरुष तिन आधाारमा रूपायित भएका पाइन्छन् । जसमा प्रथम पुरुष अन्तर्गत मु, मइ, मुइ, हाम्, हम् त्यसै गरी द्वितीय पुरुष अन्तर्गत तु, तो, तम्, तमी, ता र तृतीय पुरुष अन्तर्गत ऊ, इ, वाँ, तीइ जस्ता रुपहरू भेटिन्छन् । यीनै विविधतालाई हेर्ने हो भने नेपाली र डोटेली भाषामा सर्वनाममा भिन्नता देखिन्छ । यी तीनवटै सर्वनाम शब्दको रुप अनुसार क्रियापदको चयन भई नेपालीका भन्दा फरक देखिन्छ ।

**(ग) आदरका आधारमा रूपायन**

व्यक्तिको प्रतिष्ठालाई सङ्केत गर्ने व्याकरणिक कोटिलाई आदर भनिन्छ । भाषाको प्रकृति अनुसार आदरका तहमा भिन्नता रहेको हुनसक्छ । आदर मूलतः श्रोता र अन्य सन्दर्भमा व्यक्त हुन्छ । नाम र सर्वनामको सङ्केत गर्ने, व्यक्तिका सामाजिक इज्जत र प्रतिष्ठा व्यक्त गर्ने शब्द तथा पदको सङ्गतिलाई आदरार्थी भनिन्छ । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

**तालिका नं. १०**

**आदरका आधारमा रूपायन**

| आदर रहित | | सामान्य आदर | |
|---|---|---|---|
| डोटेली | नेपाली | डोटेली | नेपाली |
| तु | तँ | तम् | तिमी, तपाइँ |
| ऊ | उ | ऊन् | उनी, उहाँ |
| इ | यी | इन् | यीनी, यहाँ |

डोटेली भाषामा आदरका दुइ तह मात्र देखिन्छन् । माथिको तालिकामा प्रयुक्त तु, ऊ, इ ले अनादर वा आदररहित र तम्, ऊन, इन् ले सामान्य आदर भन्दा माथिका आदर जनाएका छन् । यसरी हेर्दा 'तु' ले अनादर र 'तम्' ले अन्य आदर व्यक्त गरेको पाइन्छ ।

(घ) **कारकका आधारमा रूपायन**

नामिक पद र क्रियाका बीचको सम्बन्धलाई कारक भनिन्छ । यसलाई अर्थतात्विक भूमिका र रुपतात्विक सम्बन्धका आधारमा हेर्ने गरिएको पाइन्छ । कारकलाई पनि व्याकरणात्मक कोटिका रुपमा लिन सकिन्छ । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

**तालिका नं. ११**

**कारकका आधारमा रूपायन**

| **सरल** | | **तिर्यक्** | |
|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| मु | म | मुइखी | मलाई |
| तु | तँ | तुइखी | तँलाई |
| ऊ | उ | ऊइखी | उसलाई |

डोटेली भाषामा प्रयुक्त सरल कारकलाई तिर्यक कारक बनाउँदा मु, तु, ऊ जस्ता शब्दहरूमा 'इ' आगम भएको देखिन्छ । साथै 'लाईं विभक्ति चिन्हको सट्टामा 'खी' विभक्ति चिन्ह प्रयोग गरिएको पाइन्छ ।

**४.२.३ विशेषण शब्दको रूपायन**

नाम वा सर्वनामको परिणाम, गुण, अवस्था, मात्रा, सङ्ख्या आदि जनाउने शब्दलाई विशेषण भनिन्छ । अथवा नाम वा नामिक पदको विशेषता जनाउने शब्दलाई विशेषण भनिन्छ । लिङ्ग, वचन, आदर र कारकका आधारमा विशेषणको रुप चल्नु नै विशेषणको रूपायन हो । विशेषणको रूपायन निम्न आधारमा भई व्याकरणिक कोटिलाई अभिव्यक्त गर्छ ।

(क) **वचनका आधारमा रूपायन**

कुनैपनि व्यक्ति वा वस्तुको एक वा सो भन्दा बढी सङ्ख्यालाई 'जे' ले बुझाउँछ त्यसलाई व्याकरणमा वचन भनिन्छ । वचन नेपालीमा जस्तै डोटेलीमा पनि दुइ प्रकारका पाइन्छन् । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

**तालिका नं. १२**

**वचनका आधारमा रूपायन**

| **एकवचन** | | **बहुवचन** | |
|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| रामणो | राम्रो | रामणा | राम्रा |
| कैगो | कसको | कैगा | कसका |
| सुगिलो | सेतो | सुगिला | सेता |
| निगो | राम्रो | निगा | राम्रा |
| कसो | कस्तो | कसा | कस्ता |

डोटेली भाषामा वचनका आधारमा विशेषणको रूपायन हुँदा पुलिङ्गी शब्दमा ओकारान्त र स्त्रीलिङ्गी शब्दमा इकारान्त हुने प्रायः आकारान्त हुने गरेको देखिन्छ। बहुवचन जनाउने हरू शब्दको प्रयोग डोटेली भाषामा पाइदैन् । बरु एकवचनका विशेषण शब्दहरूलाई बहुवचन बनाउँदा 'आ' प्रत्यय प्रयुक्त देखिन्छ।

**(ख) लिङ्गका आधारमा रूपायन**

जुन सुकै भाषाका वाक्यहरूमा नामसँग अर्को कुनै शब्दको पदसङ्गतिको भेदले जति किसिमको अर्थभेद देखिन्छ त्यसलाई लिङ्ग भनिन्छ (पोखरेल, २०४० : २८९) । लिङ्ग खास गरेर दुइ प्रकारका भएपनि कुनै कुनै भाषामा तिन किसिमका देख्न सकिन्छ। जसलाई निम्न आधारमा देखाउन सकिन्छः

### तालिका नं. १३

### लिङ्गका आधारमा रूपायन

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| फुजेरो | खराब | फुजेरो | खराब |
| बण | बहर | गाइ | गाई |
| नानु | सानो | ना:नी | सानी |
| सग्यो | सक्यो | सगी | सकी |
| निगो | राम्रो / सञ्चो | निगी | राम्री / सञ्ची |

नेपालीमा जस्तै डोटेली भाषामा पनि पुलिङ्ग जनाउने 'ओ' कार स्त्रीलिङ्ग जनाउने 'इ' कारमा बद्लिने गर्दछ तथापी डोटेली भाषामा मानवेत्तर विशेषणका पनि स्त्रीलिङ्गी रुप पाइन्छन् । साथै कतिपय शब्दहरूले पुलिङ्ग र स्त्रीलिङ्ग दुबैलाई सम्बोधन गरेको पाइन्छ । जस्तै माथिको तालिकामा प्रयुक्त 'फुजेरो' शब्दले लिङ्ग छुट्टाएको छैन ।

**(ग) आदरका आधारमा रूपायन**

व्यक्तिको प्रतिष्ठालाई सङ्केत गर्ने व्याकरणिक कोटिलाई आदर भनिन्छ । भाषाको प्रकृति अनुसार आदरका तहमा भिन्नता रहेको हुन् सक्छ । आदर मूलतः श्रोता र अन्य सन्दर्भमा व्यक्त हुन्छ । नाम र सर्वनामको सङ्केत गर्ने, व्यक्तिका सामाजिक इज्जत र प्रतिष्ठा व्यक्त गर्ने शब्द तथा पदको सङ्गतिलाई आदरार्थी भनिन्छ । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

**तालिका नं. १४**

**आदरका आधारमा रूपायन**

| **आदररहित** | | **सामान्य आदर** | |
|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| निच्चो | होचो | निच्चा | होचा |
| आयो | आयो | आया | आए |
| अल्गो | अग्लो | अल्गा | अग्ला |
| लामु | लामो | लामा | लामा |
| फ्याट्टी | फुच्चे | फ्याट्टी | फुच्चे |

आदरका आधारमा विशेषणको रूपायन हुँदा 'ओ' कार 'आ' कारमा परिर्वतन भएको छ । साथै कुनै शब्दमा एउटैले सम्पूर्ण आदर जनाएको छ । जस्तै : फ्याट्टी यस्ता शब्दलाई क्रियापदको आधारमा मात्र आदरका रुपमा छुट्ट्याउन सकिन्छ ।

**(घ) कारकका आधारमा रूपायन**

नामिक पद र क्रियाका बीचको सम्बन्धलाई कारक भनिन्छ । यसलाई अर्थतात्विक भूमिका र रुपतात्विक सम्बन्धका आधारमा हेर्ने गरिएको पाइन्छ । कारकलाई पनि व्याकरणात्मक कोटिका रुपमा लिन सकिन्छ । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

**तालिका नं. १५**
**कारकका आधारमा रूपायन**

| **सरल** | | **तिर्यक्** | |
|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| पाख्या | असभ्य | पाख्याइलेग् | असभ्यका निम्ति |
| मु | म | मुखी | मलाइ |
| ओस्ल्याणी | ओसिलो | ओस्ल्याणीनु | ओसिलोमा |
| झाण | झार | झाणो | झारको |
| काँ | कहाँ | काँबाटीहै | कहाँदेखि |

माथिको तालिकामा डोटेली भाषामा कारकका आधारमा विशेषण शब्दको रूपायन गर्दा कर्ता, कर्म आदिको कार्य सम्पादन अनुरूप विविध विभक्ति चिन्हहरू प्रयोग भएका देखिन्छन् । यसरी सरल कारकलाई तिर्यक कारकमा रूपायन गर्दा सरल कारकमा विभिन्न किसिमका विभक्ति चिन्हहरू प्रयोग गरिन्छन् । नेपाली भाषाका भन्दा डोटेली भाषामा फरक कारकीय चिन्हहरू प्रयुक्त हुने गरेका छन् ।

### ४.२.४ क्रिया शब्दको रूपायन

वाक्यमा विधेय भई घटना, कार्यव्यापार, स्थिति वा अवस्था बुझाउँने व्याकरणात्मक कोटिलाई क्रिया भनिन्छ । अथवा कार्य सङ्केत वा व्यापारबोधक पदलाई नै क्रिया भनिन्छ । कर्ताले गरेको काम बुझाएर क्रियाले अर्थ पूरा गर्ने गर्दछ । क्रिया वाक्यमा मुख्य मानिन्छ । जसको अधीनमा कर्ता र कर्म रहन्छन् । वाक्यमा प्रयोग भइसकेपछि क्रियापदलाई विधेय पनि भनिन्छ । धातु नै क्रियाको मूल धारणा हो । डोटेली भाषामा क्रियाको रूपायन निम्न तहमा हुने गरेको पाइन्छ । जसलाई निम्न तहमा देखाउन सकिन्छ :

#### (क) वचनका आधारमा रूपायन

कुनैपनि व्यक्ति वा वस्तुको एक वा सो भन्दा बढी सङ्ख्यालाई 'जे' ले बुझाउँछ त्यसलाई व्याकरणमा वचन भनिन्छ । वचन नेपालीमा जस्तै डोटेलीमा पनि दुइ प्रकारका पाइन्छन् । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

**तालिका नं. १६**

**वचनका आधारमा रूपायन**

| **एकवचन** | | **बहुवचन** | |
|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| खेल्लछ | खेल्छ | खेल्लाछन् | खेल्छन् |
| पणयो | पढ्यो | पण्या | पढे |
| खायो | खायो | खाया | खानुभयो |
| ग्यो | गयो | ग्या | गया |
| आउँन्छ | आउँछ | आउँन्छन् | आउँछन् |

डोटेली भाषामा प्रयुक्त एकवचनमा रहेका शब्दहरूलाई बहुवचनमा रूपायन गर्दा नेपाली भाषामा प्रयोग गरिने आ, इन का साथै औ, आन जस्ता प्रत्यय लाग्ने गर्दछन । सामान्य वर्तमान कालका क्रियापदमा पनि अन को आगम हुने स्थिति देखिन्छ । डोटेली भाषामा केही फरक रूपायन प्रत्ययहरू देखिन्छन् जुन कुरा उपर्युक्त तालिकाबाट स्पष्ट भईसकेको छ ।

**(ख) लिङ्गका आधारमा रूपायन**

जुनसूकै भाषाका वाक्यहरूमा नामसँग अर्को कुनै शब्दको पदसङ्गतिको भेदले जति किसिमको अर्थभेद देखिन्छ त्यसलाई लिङ्ग भनिन्छ (पोखरेल, २०४० : २८९) । लिङ्ग खास गरेर दुइ प्रकारका भएपनि कुनै कुनै भाषामा तिन किसिमका देख्न सकिन्छ । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

**तालिका नं. १७**

**लिङ्गका आधारमा रूपायन**

| पुलिङ्ग | | स्त्रीलिङ्ग | |
|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| अद्द | गर्छ | अद्दी | गर्छे |
| आइग्यो | आइहाल्यो | आइगै | आइहाली |
| जालो | जाला | जाली | जालिन् |
| भ्यो | भयो | भै | भइ |
| सिन्छ | सुत्छ | सिन्छ | सुत्छे |

माथिको तालिका अनुसार डोटेली भाषामा लिङ्गका आधारमा क्रियाको रूपायन दुई किसिमले भएको छ । पुलिङ्गी क्रियामा इ थपेर स्त्रीलिङ्गी भएको देखिन्छ । साथै ढ ध्वनि ड ध्वनिमा परिणत भएको पाइन्छ भने कुनै क्रियाले लिङ्ग भेद गरेको पाइदैन् जस्तै : ‘सिन्छ’ ले कुनै लिङ्ग छुट्ट्याएको छैन् ।

**(ग) पुरुषका आधारमा रूपायन**

भाषिक प्रयोगमा सहभागिताका विभिन्न स्थिति व्यक्त गर्ने व्याकरणिक कोटिलाई पुरुष भनिन्छ । सर्वनाम र धातुमा अभिव्यक्त हुने पुरुष वक्ता श्रोता र वक्ता - श्रोता भन्दा व्यक्ति वा विषयसँग सम्बन्धित हुने आधारमा तीन किसिममा विभाजन गरिएको हुन्छ । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

**तालिका नं. १८**

**पुरुषका आधारमा रूपायन**

| प्रथम | | द्वितीय | | तृतीय | |
|---|---|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| अद्दा छु | गर्दैछु | जान्छइ | जान्छस् | ग्यो | गयो |
| खान्नाछु | खाँदैछु | खान्छइ | खान्छस् | खायो | खायो |
| खेल्लाछु | खेल्छौ | जान्छउ | जानुहुन्छ | ग्या | गया |
| जान्नाछु | जाँदै छौ | जान्नाछौ | जाँदै हुनुहुन्छ | जालो | जाला |

डोटेली भाषामा पुरुषका आधारमा प्रथम पुरुष क्रियापदमा एकवचन र बहुवचनका शब्दको उच्चारण गर्दा दुबै एकवचनका जस्ता देखिन्छन् । त्यस्तै द्वितीय पुरुषमा एकवचनमा 'इ' र बहुवचनमा 'उ' स्वर वर्ण उच्चरित भएर आउँछन् भने तृतीय पुरुषमा एकवचनमा उच्चार्य भिन्नता छ साथै बहुवचनमा 'या' को रूपमा प्रयुक्त भएको पाइन्छ ।

**(घ) आदरका आधारमा रूपायन**

व्यक्तिको प्रतिष्ठालाई सङ्केत गर्ने व्याकरणिक कोटिलाई आदर भनिन्छ । भाषाको प्रकृति अनुसार आदरका तहमा भिन्नता रहेको हुन् सक्छ । आदर मूलतः श्रोता र अन्य सन्दर्भमा व्यक्त हुन्छ । नाम र सर्वनामको सङ्केत गर्ने, व्यक्तिका सामाजिक इज्जत र प्रतिष्ठा व्यक्त गर्ने शब्द तथा पदको सङ्गतिलाई आदरार्थी भनिन्छ । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

तालिका नं. १९

आदरका आधारमा रूपायन

| आदररहित | | सामान्य आदर | |
|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| लेख्द्छ | लेख्छ | लेख्दाछन् | लेख्छन् |
| आउन्छ | आउँछ | आउन्छन् | आउँछन् |
| पण् | पढ् | पण | पढ्नुहोस् |
| ओल् | झर् | ओल | झर |
| जा | जा | जाय | जानुहोस् |

नेपाली भाषामा रहेका आदरका विविध रुपमध्ये डोटेली भाषामा आदरका दुइ रूपमा मात्र रूपायन हुने गर्दछ । आदररहित क्रियालाई सामान्य आदरमा रूपायन गर्दा ओकारको सट्टा आकारमा परिवर्तन गरिन्छ भने हलन्त र अजन्तले पनि आदररहित र सामान्य आदरमा फरकपना देखाउँने गर्दछ । आदररहित 'जा' क्रियालाई सामान्य आदरमा रूपान्तर गर्न डोटेली भाषामा 'य' प्रत्ययले काम चलाइन्छ ।

**(ङ) कालका आधारमा रूपायन**

क्रियाको समयसँग सम्बन्धित रूपायनिक कोटिलाई काल भनिन्छ । नेपालीमा क्रिया वा धातुबाट /य/, /इ/, /छ/ जस्ता रुपबाट अभिव्यक्त हुन्छ । वाक्यमा घटित क्रियाको समयसँग सम्बद्ध व्याकरणात्मक कोटि काल तिन किसिमका छन् । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

तालिका नं. २०

कालका आधारमा रूपायन

| भूतकाल | | वर्तमान काल | | भविष्यत् काल | |
|---|---|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| अर्‍या | गरे | अद्‌दछु | गर्छु | अद्‌दे हु | गर्नेछु |
| पेयो | ब्यायो | पेउन्छ | ब्याउछ | पेउने हो | ब्याउनेछ |
| पण्यो | पढ्यो | पड्‌डछ | पढ्छ | पड्‌डया हो | पढ्नेछ |
| लोट्यो | लड्यो | लोट्‌टछ | लड्छ | लोट्‌टे हो | लड्नेछ |

नेपाली भाषामा जस्तै डोटेली भाषामा पनि कालको तीन आधारमा रूपायन गर्ने गरिन्छ । भूतकालका क्रियापदमा या, यो, इ जस्ता कालबोधक प्रत्यय जोडिइएको पाइन्छ उच्चार्य शब्दमा भिन्नता हुन् सक्छ । त्यसैगरी वर्तमान कालमा पनि छ, छु  जस्ता कालबोधक प्रत्यय जोडिएर क्रियाको रूपायन भएको देखिन्छ भने भविष्यत् कालमा योहो, याछु, याहुन् जस्ता कालबोधक प्रत्यय जोडिएर क्रियाको रूपायन भएको पाइन्छ । नेपाली र डोटेली भाषामा कालमा अर्थगत समानता देखिए पनि ध्वन्यात्मक र भविष्यत् कालिक क्रियापदका धातुमा पृथक रूपायक प्रत्ययका कारण दुबै भाषाका कालिक क्रियापद रूपायनमा फरक पाउन सकिन्छ ।

**(च) पक्षका आधारमा रूपायन**

कालिक सर्गभन्दा अगाडि देखापर्ने कालका विविध अवस्था विशेषलाई सङ्केत गर्ने रूपायनिक कोटिलाई पक्ष भनिन्छ जुन नेपाली क्रियामा /इ/, /तै /,/दै/,/एक/,/ए/ आदि सर्गका रुपमा अभिव्यक्त हुन्छ ।

तालिका नं. २१

**पक्षका आधारमा रूपायन**

| काल | पक्ष | सामान्य | अपूर्ण | पूर्ण | अज्ञात | अभ्यस्त |
|---|---|---|---|---|---|---|
| **भूतकाल** | **डोटेली** | पण्यो | पड्डलाथ्यो | पण्याथ्यो | पण्या रइछ | पड्डथ्यो |
| | **नेपाली** | पढ्यो | पढ्दै थियो | पढेको थियो | पढेछ | पढ्थ्यो |
| **वर्तमान** | **डोटेली** | पड्डछ | पड्डा छ | पण्या छ | - | - |
| | **नेपाली** | पढ्छ | पढ्दै छ | पढेको छ | - | - |
| **भविष्यत्** | **डोटेली** | पड्डेहो | पड्डलार्‍या हुन्या हो | पण्या हुन्या हो | - | - |
| | **नेपाली** | पढ्नेछ | पढ्दै हुनेछ | पढेको हुनेछ | - | - |

डोटेली भाषामा पक्षका आधारमा क्रियाको रूपायन नेपाली भाषा सरह नै हुने गर्दछ, तर रूपायक प्रत्ययहरू भने नेपाली भाषाका भन्दा पनि भिन्न रूपमा प्रयुक्त हुने गर्दछन् । सामान्य पक्षमा काल अनुसार क्रमशः यो, अछ, याछ, याहो जस्ता प्रत्ययहरू लागेका पाइन्छन् । अपूर्ण पक्षमा लाथ्यो, लाछ, लार्‍या हुन्याछ जस्ता प्रत्यय लागेका पाइन्छन् । पूर्ण पक्षमा याथ्यो, यागो थ्यो, यागो छ, यागो हुन्या छ जस्ता प्रत्यय लागेका पाइन्छन् । त्यस्तै अज्ञात पक्षमा रइछ, रइछु, इछ, याछ जस्ता प्रत्यय लागेका पाइन्छन् भने अभ्यस्त पक्षमा थ्या, थ्यो, न्थे जस्ता प्रत्ययहरूको प्रयोग भएको पाइन्छ । यसरी हेर्दा नेपाली भाषाभन्दा डोटेली भाषामा क्रियाको रूपायन अर्थगत रूपमा समान देखिए पनि रूपगत र ध्वन्यात्मक रूपमा भिन्नता देखिन्छ ।

**(छ) भावका आधारमा रूपायन**

वक्ताको मनोभाव बुझाउने धातु वा क्रियासँग सम्बन्धित रूपायनिक कोटिलाई भाव, अर्थ वा वृत्ति भनिन्छ । यसले काल र पक्ष बाहेकका वक्ताका मनोभावलाई अभिव्यक्त

गर्दछ । भाषा अनुसार भावहरू विभिन्न किसिमका हुने भएपनि नेपालीमा निम्न किसिमका हुन्छन् । जसलाई डोटेली र नेपालीका बीचमा तुलना गरिएको छ :

**तालिका नं. २२**

**भावका आधारमा रूपायन**

| **भाव** | **सामान्यार्थ** | **इच्छार्थ** | **आज्ञार्थ** | **सम्भावनार्थ** | **सङ्केतार्थ** |
|---|---|---|---|---|---|
| **डोटेली** | हिट्टछ | हिटौ | हिट् | हिटला | हिट्याले |
| **नेपाली** | हिँड्छ | हिँडोस् | हिँड् | हिँड्ला | हिँडेपछि |
| **डोटेली** | बथ्थछ | बसौ | बस् | बसला | बस्याबछि |
| **नेपाली** | बस्छ | बसोस् | बस | बस्ला | बसेपछि |
| **डोटेली** | पड्डछ | पणौ | पण् | पणला | पण्याले |
| **नेपाली** | पढ्छ | पढोस् | पढ् | पढ्ला | पढेपछि |

उपर्युक्त तालिका अनुसार डोटेली भाषामा भावका आधारमा क्रियापदको रूपायन नेपाली भाषाका भाव अनुसार (सामान्यार्थ, इच्छार्थ, आज्ञार्थ, सम्भावनार्थ र सङ्केतार्थ) नै भएको पाइन्छ । डोटेली भाषामा इच्छार्थ बुझाउन औ, उ, उन् प्रत्यय लागेका छन् । सम्भावनार्थ बुझउन ‘लो’ प्रत्यय लागेको पाइन्छ भने सङ्केतार्थ बुझाउन ले, बछि, बटि जस्ता भिन्न प्रत्ययका कारण नेपाली भन्दा फरक देखिन्छ । नेपाली भाषाका ओ, अ, ला, यो, भने, मा प्रत्ययका लागि डोटेली भाषामा औ, उ, उन, लो, ले, बछि, बटि जस्ता प्रत्ययहरू प्रयुक्त भएका पाइन्छन् ।

**(ज) वाच्यका आधारमा रूपायन**

कुनै पनि वाक्यमा आएका विविध पदहरूमध्ये कुनै एकलाई कथ्य बनाई तद्अनुरुपको सङ्गति व्यवस्था निर्धारण गर्ने रूपायनिक कोटिलाई वाच्य भनिन्छ । विभिन्न विद्वानहरूको वर्गीकरण अनुसार यो कर्तृ र अकर्तृ वा कर्ता, कर्म र भाव गरी तिन प्रकारको रहेको पाइन्छ । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

### तालिका नं. २३

### वाच्यका आधारमा रूपायन

| वाच्य | कर्तृवाच्य | कर्मवाच्य | भाववाच्य |
|---|---|---|---|
| **डोटेली** | खाया | - | खाइनुछ |
| **नेपाली** | खाएँ | - | खाइन्छ |
| **डोटेली** | र्या | - | रइयो |
| **नेपाली** | रहेँ | - | रहियो |
| **डोटेली** | सिया | - | सिइयो |
| **नेपाली** | सुते | - | सुतीयो |

डोटेली भाषामा र नेपाली भाषामा कर्ता र भाववाच्यको प्रयोग समान रूपमा हुने गरेपनि डोटेली भाषामा कर्मवाच्यको प्रयोग गरिएको पाइदैन् । वाच्य प्रयोगमा रुपगत र ध्वन्यात्मक भिन्नता भने यथेष्ट मात्रामा पाइन्छ ।

### (झ) ध्रूवीयताका आधारमा रूपायन

क्रियासँग सम्बन्धित नकारात्मक अर्थबोधक रूपायनिक कोटिलाई निषेधन भनिन्छ । यसमा /न/ ले सङ्केत गर्दछ । जसलाई निम्न आधारमा देखाउन सकिन्छ :

### तालिका नं. २४

### ध्रूवीयताका आधारमा रूपायन

| करण | | अकरण | |
|---|---|---|---|
| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
| अर्‍यो | गऱ्यो | नै अरयो/गरेइन् | गरेन् |
| भण् | भन् | जन्भन् | नभन् |
| खा | खाउ | जन्खा | नखाउ |
| आइ | आई | नैआइ | आइन् |

डोटेली भाषामा क्रियालाई अकरण बनाउदा आदि, मध्य र अन्त्यमा नै/नइ, जन, नाइ, न जस्ता अकरणबोधक प्रत्यय पाइन्छन् जुन नेपालीमा 'न' ले मात्र काम चलाइन्छ ।

## ४.३ कारक र विभक्तिको प्रयोग

कारक शब्द 'कृ' धातुमा 'ण्वुल' (अक) प्रत्यय लागेर बन्दछ जसको सामान्य अर्थ हुन्छ कार्य सम्पादन गर्ने वा कार्य सम्पादनमा सहभागी भई आउने शब्द भाषाका सन्दर्भमा क्रियापदसँग अन्वित हुने नामपदका विशिष्ट प्रयोगलाई कारक भनिन्छ । कारकलाई पनि व्याकरणिक कोटिमा लिन सकिन्छ । वाक्यभित्र रहेका पदहरूमध्ये जुन जुन पदले विभक्तिद्वारा क्रियासित साक्षात सम्बन्ध राखि क्रियालाई पूरा गराउँछन् तिनलाई कारक भनिन्छ (भट्टराई, २०३३:४६५) । क्रियासँग सम्बन्ध राखि वाक्यमा रहेर विभिन्न किसिमको काम गर्ने संज्ञापदका रुपमा यी कारकलाई चिन्न सकिन्छ (बन्धु, २०५०:७३) । वाक्यको बाह्य संरचनामा विभिन्न पद वा पदावलीहरूको कर्ता, कर्म, पुरक क्रियायोगी र क्रियापद भई आफू अनुरुपको कार्यको स्थानमा आएका पदहरूलाई गहिरिएर हेरेमा तिनका खास किसिमका आदरार्थी सम्बन्ध भूमिकाहरू अर्न्तनिहित भएका देखिन्छन् । यस्ता भूमिकालाई कारक भनिन्छ (अधिकारी, २०४९:१३३) । नेपालीमा नामानुगानिक र क्रियाको कुनै पनि नामलाई कारक भनिन्छ (पोखरेल, २०५१:१३०) ।

यसरी विभिन्न विद्वानहरूका कारक सम्बन्धी परिभाषा र भनाइबाट वाक्यको बाह्य संरचनामा विभिन्न कार्य सम्पादन गर्न आएका नामिक पद वा क्रियाको तिनीहरूसँगको सम्बन्धलाई कारक भन्न सकिन्छ । पदमा प्रत्यय जोडेर पदको रुपावलीमा परिवर्तन गरेर वाक्यमा पदले लिएको स्थान आदिबाट भाषामा कारकको बोध हुन्छ तर सबै भाषामा कारकको अवस्था समान नहुन सक्छ । तिनको प्रकृति, प्रयोग र संख्या फरक हुन सक्दछ । संस्कृत र नेपाली भाषामा पनि कारकको प्रकृति र स्वरुप फरक पाइन्छ । संस्कृतमा कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, सम्बन्ध, अधिकरण र सम्बोधन गरेर एकवचन, द्विवचन र बहुवचनका छुट्टाछुटै विभक्ति रुपहरू हुन्छन भने नेपालीमा ले, लाई, बाट, लागि, द्वारा, निम्ति, देखी, को, का, की, रो, रा, री, नो, ना, नि, मा, माथि आदि प्रत्ययहरूलाई विभक्ति भनिन्छ । जसलाई कारकीय चिन्हका रुपमा लिइन्छ । नेपाली भाषामा कारकलाई अर्थका आधारमा र रुपका आधारमा छुट्टयाएको पाइन्छ ।

नेपाली भाषा र डोटेली भाषामा कारकको संख्या समान भएपनि विभक्ति चिन्हहरू कुनै-कुनै आंशिक रुपमा समान र अधिकांश चिन्हहरू फरक देखिएका छन । तलको तालिकाबाट विभक्तिगत समानता र फरकपनलाई बुझ्न सकिन्छ :

**तालिका नं. २५**

**कारक र विभक्तिको प्रयोग**

| **कारक** | **विभक्ति** | **डोटेली** | **नेपाली** |
|---|---|---|---|
| कर्ता | प्रथम | ले, बाटा, बाटी | ले, बाट, द्वारा |
| कर्म | द्वितीय | कन, खि, इ | लाई |
| करण | तृतीय | ले, है, बाटाहै | ले, बाट, द्वारा |
| सम्प्रदान | चतुर्थी | निउति, खि, लेग | लाई, लागि, निम्ती |
| अ(पादान | पञ्चमी | है, धेगी,बाटी | बाट, देखी |
| सम्बन्ध | षष्ठी | ओ, रो, नु, ना, नी | को, रो, नो |
| अधिकरण | सप्तमी | मी, मथि, इना, उणा, इनी | मा, माथी |

**४.३.१ अर्थका आधारमा कारकको रूपायन**

कारकलाई अर्थका आधारमा यस प्रकार विभाजन गर्न सकिन्छ :

**(क) कर्ता कारकका आधारमा रूपायन**

काम गर्ने क्षमता भएको, सक्रिय, प्रेरणा दिन सक्ने, साङ्कल्पिकता भएको प्राणीलाई कर्ता कारक भनिन्छ । अर्को शब्दमा भन्दा वाक्यमा क्रियाको कार्यव्यापार गर्ने नामिक रुपलाई कर्ता कारक भनिन्छ । वाक्यमा क्रियाको कार्यव्यापार जनाउन नामिक पदमा कर्ता कारक प्राधान्य हुन्छ् जस्तै :

### तालिका न.२६

### कर्ताकारक प्रथम विभक्ति

| डोटेली भाषा | नेपाली भाषा |
|---|---|
| बाबनले गणो बायो । | बाहुनले खेत जोत्यो । |
| मु बाट यो काम नैहुनु । | मबाट यो काम हुँदैन । |
| मैले खानु खाया । | मैले खाना खाँए । |
| भैँसाले दुद द्यो । | भैसीले दूध दियो । |
| भाईबाटी मागी ल्याया । | भाईबाट मागेर ल्याँए । |

सकर्मक क्रिया लिने कर्तामा नेपाली भाषामा जस्तै 'ले' विभक्ति लगाइन्छ तर नेपाली भाषाको 'बाट' को सट्टा 'बाटा', 'बाटी' जस्ता विभक्तिहरू लगाईन्छ भने 'द्वारा' विभक्ति प्रयोगमा रहेको देखिदैन ।

**(ख) कर्म कारकका आधारमा रूपायन**

क्रियाद्वारा अभिव्यक्त कार्यबाट प्रभावित हुने, फल प्राप्त गर्ने वा पछि भए पनि प्राप्त गर्न सक्ने सजिवलाई कर्म कारक भनिन्छ । अर्को शब्दमा भन्दा वाक्यमा क्रियाको कार्यव्यापारबाट हुने फल बेहोर्ने नामिक वा सार्वनामिक रुपलाई कर्म कारक भनिन्छ् जस्तै :

### तालिका न.२७

### कर्म कारक द्वितीय विभक्ति

| डोटेली भाषा | नेपाली भाषा |
|---|---|
| अङौठी साइकन दिदिभ्या । | औँठी प्रेमीलाई दिने भए । |
| तम मैखी तसो जन्भन । | तपाई म लाई त्यसो नभन्नुहोस् । |
| उन हाम राउनछनकी । | उहाँले हामीलाई चिन्नु हुन्छ की । |
| इन लत्ता भाइखी ल्याया । | यी लुगा भाइलाई ल्याएको हो । |
| सेउला बल्लइ काट्या हु । | स्याउला गोरुलाई काटेको हो । |

मानक नेपाली भाषामा प्रयोग हुने द्वितीय विभक्ति ‘लाई आंशिक रुपमा डोटेली भाषामा पनि पाइन्छ । प्रयोग र सन्दर्भ अनुसार लाई को सट्टामा ‘कन’, ‘खी’, ‘इ’ जस्ता विभक्ति चिन्ह लाग्दछन् भने कुनै वाक्यमा विभक्ति विना पनि कर्म कारक प्रयोग गरिन्छ ।

**(ग) करण कारकका आधारमा रूपायन**

क्रियाद्वारा अभिव्यक्त कार्य वा अवस्थाको शाधन वा माध्यमका रुपमा रहेको कुनै प्राणी वा वस्तुलाई करण कारक भनिन्छ । अर्को शब्दमा भन्दा कर्ताले गर्ने कामको कारण वा शाधन जनाउने पदलाई करण कारक भनिन्छ, जस्तै :

**तालिका न.२८**

**करण कारक तृतीय विभक्ति**

| डोटेली भाषा | नेपाली भाषा |
|---|---|
| साचाले द्‌वार उगाण्यो । | साँचाले ढोका खोल्यो । |
| हाम बेली घर है आया हु । | हामी हिजो घरबाट आएका हौँ । |
| दुदा गाणीबाटाहै आया हुन् । | दाजु गाडीबाट आउनु भएको हो । |
| बइनिले पुजाखी फुल टिबी । | बहिनीले पूजालाई फूल टिपि । |
| हवाले पाखो उणायो । | हावाले छाना उढायो । |

नेपाली भाषामा जस्तै डोटेली भाषामा पनि ‘ले’ विभक्ति प्रयोग गरिन्छ । ‘बाट’ विभक्तिको सट्टामा है, बाटाहै जस्ता विभक्ति चिन्हहरू जोडिन्छन् भने द्वारा विभक्तिको प्रयोग डोटेली भाषामा देखिदैन् ।

**(घ) सम्प्रदान कारकका आधारमा रूपायन**

क्रियाको व्यापारका लागि वाक्यमा लक्षित हुने नामिक रुपलाई सम्प्रदान कारक भनिन्छ अथवा वाक्यको कार्यव्यापारका लागि लक्षित नामिक पद नै सम्प्रदान कारक मानिन्छ, जस्तै :

## तालिका न.२९

## सम्प्रदान कारक चतुर्थी विभक्ति

| डोटेली भाषा | नेपाली भाषा |
|---|---|
| मेरा निउती केइ जन्अर । | मेरो निम्ति केही नगर । |
| मुखी खानु का छ । | मेरो लागि खाना कहाँ छ । |
| मेरीलाई पैरन भइन् । | मेरो लागि पहिरन रहेन्छ । |
| तेरी लेग मैखी झाल भै । | तिम्रो निम्ति मलाई झन्झट भो । |
| मु कैकन दिँउ । | म कसलाई दिउँ । |

नेपाली भाषामा जस्तै डोटेली भाषामा पनि आंशिक रुपमा लागि, निम्ति, लाई जस्ता विभक्तिहरू प्रयोग गरिए पनि ठाँउ, समय, सन्दर्भ र परिवेश अनुसार निउती, खी, लेग जस्ता विभक्ति चिन्हहरू प्रयोग प्रचलनमा रहेका पाईन्छन् ।

**(ङ) अपादान कारकका आधारमा रूपायन**

कुनै स्थानबाट छुट्टिने पृथकीकरण र समयको अवधि समेतलाई अपादान कारक भनिन्छ । वाक्यमा क्रियाको विशेषण समेतलाई अपादान कारकमा प्रयोग गरिन्छ, जस्तै :

## तालिका न.३०

## अपादान कारक पञ्चमी विभक्ति

| डोटेली भाषा | नेपाली भाषा |
|---|---|
| रुखहै चणा उण्या । | रुखबाट चरा उडे । |
| छन्चरबार धेगी जात हुन्या हो । | शनिबारदेखि जात्रा हुँदैछ । |
| बा देशबाटी आया । | बुबा परदेशबाट आउनु भो । |
| पोरुबाटाहै भोगेइ छु । | अस्तिदेखि भोकै छु । |
| दाजीका है आया । | दाजु कहाँबाट आउनुभो । |

नेपाली भाषामा प्रयोग गरिने बाट, देखि, विभक्तिका ठाँउमा डोटेली भाषामा है, धेगी, बाटी, बाटाहै जस्ता विभक्ति चिन्हहरूको प्रयोग गरिन्छ भने आंशिक रुपमा छिट्पुट मात्र बाट, देखि जस्ता विभक्तिहरू प्रयुक्त हुन्छन् ।

**(च) सम्बन्ध कारकका आधारमा रूपायन**

वाक्यमा नामिक पदको स्थायीत्व वा सम्बन्ध देखाउने कारकलाई सम्बन्ध कारक भनिन्छ । परम्परागत व्याकरणमा समेत यसलाई कारकको रुपमा व्याख्या गरिएको पाइन्छ, जस्तै :

**तालिका न.३१**

**सम्बन्ध कारक षष्ठी विभक्ति**

| डोटेली भाषा | नेपाली भाषा |
|---|---|
| रामो घर पहाणमा छ । | रामको घर पहाडमा छ । |
| इन आमाः लत्ता हुन् । | यी आमाका लुगा हुन् । |
| सीता रामै स्वइनि हो | सीता रामकी श्रीमती हो । |
| यो बण कैगो रइछ् । | यो बहर कसको रहेछ । |
| आफ्नु काम आफुइ अरपन् । | आफ्नो काम आँफै गरन् । |

नेपाली भाषा र डोटेली भाषामा रो, रा, री, ना, नी जस्ता विभक्ति चिन्हहरू समान रुपमा प्रयोग भएका भएपनि नेपाली 'नो' विभक्ति डोटेली भाषामा 'नु' मा परिणत हुन्छ । को, का, की, जस्ता विभक्ति चिन्हहरू ओ, आ, ई र कतिपय सन्दर्भमा 'को' विभक्ति चिन्ह 'गो' मा प्रयुक्त हुने गर्दछ ।

**(छ) अधिकरण कारकका आधारमा रूपायन**

क्रियाद्वारा अभिव्यक्त स्थान र सम्बद्ध वस्तुका बीचको आधार सम्बन्ध जनाउने कारकलाई अधिकरण कारक भनिन्छ । कार्य र अवस्थामा परिवर्तन नहुनु तर वस्तु-वस्तुका बीचमा भने निरन्तर सम्पर्क भइरहनु यसको विशेषता मानिन्छ । अर्को शब्दमा भन्दा

वाक्यमा क्रियाको कार्यव्यापारको आधार बुझाउने नामिक पदलाई अधिकरण कारक भनिन्छ, जस्तै :

**तालिका न.३२**

**अधिकरण कारक सप्तमी विभक्ति**

| डोटेली भाषा | नेपाली भाषा |
|---|---|
| हरी गाणीमी बस्यो । | हरि गाडीमा बस्यो । |
| घाटैना माछा आछिन् । | नदिमा माछा छैनन् । |
| गाँऊमथि बन छ । | गाँऊमाथि जङ्गल छ । |
| गणाउणा धान बुया । | खेतमा धान छरे । |
| कलम झोलाइनी होली । | कलम झोलामा होला । |
| मु गाँऊ छु । | म गाँऊमा छु । |

नेपाली भाषामा प्रयोग गरिने 'मा' विभक्तिका ठाँउमा डोटेली भाषामा मी, इना, उणा, इनी जस्ता विभक्ति चिन्हहरू प्रयोग गरिन्छन् । 'माथि' विभक्तिका सट्टामा 'मथि' चिन्ह प्रचलनमा देखिन्छ । कतिपय सन्दर्भमा सप्तमी विभक्ति विना पनि प्रयोग हुने गर्दछ ।

**४.३.२ रुप/संरचनाका आधारमा कारकको रूपायन**

कारकलाई रुप वा संरचनाका आधारमा यस प्रकार विभाजन गर्न सकिन्छ :

**(क) सरल कारकका आधारमा रूपायन**

वाक्यमा प्रयोग भएका नामिक पदमा परिवर्तन वा विकार नआएको अवस्थाको कारकलाई सरल कारक भनिन्छ । अर्को शब्दमा भन्दा विभक्ति चिन्ह वा नामानुगामिक नआएका वा सम्बोधन नगरिएका कारकलाई सरल कारक भनिन्छ । नेपाली भाषा र डोटेली भाषा दुबैमा सरल कारकको व्यवस्था छ । जसलाई निम्नानुसार देखाउन सकिन्छ :

**तालिका न.३३**

**सरल कारकका आधारमा रूपायन**

| | | | | | |
|---|---|---|---|---|---|
| **नेपाली** | म | केटो | घोडो | तिमी | ऋण |
| **डोटेली** | मु | मल्या | घोणो | तम | रिण |
| **डोटेली** | तु | पोरु | बाखरो | बिल्लो | गाण |
| **नेपाली** | त | अस्ति | बाखो | बिरालो | खोलो |

नेपाली भाषा र डोटेली भाषा दुबैमा सरल कारकको प्रयोग कर्ता, कर्म, अधिकरण र सम्बोधन कारकमा भएको पाइन्छ । सरल कारक प्रयोगमा शब्दगत र ध्वन्यात्मक रुपले व्यतिरेक भएपनि अन्य तहमा डोटेली भाषा र नेपाली भाषाका कारकमा व्यतिरेकी पाँईदैन् ।

**(ख) तिर्यक कारकका आधारमा रूपायन**

वाक्यमा प्रयोग भएका नामिक पदमा विकार वा परिवर्तन आएको अवस्थालाई तिर्यक कारक भनिन्छ । अर्को शब्दमा भन्दा नामिक पदमा ले, लाई ,बाट, देखि  जस्ता विभक्ति चिन्ह लागि नाममा विकार आएको कारकलाई तिर्यक कारक भनिन्छ । यहाँ /ए/,/आ/,/स/,/उन/,/ऐ/ जस्ता रुपले तिर्यक कारकको सङ्केत गरेका छन् । नेपाली भाषामा ले, लाई, बाट, देखि, को, मा जस्ता विभक्ति चिन्ह लागेर तिर्यक कारक बन्छ भने डोटेली भाषामा ले, खी, बाटाहै, धेगी, ओ, इनु, मी जस्ता विभक्ति चिन्ह लागेर तिर्यक कारक बन्दछ, जस्तै :

**तालिका न.३४**
**तिर्यक कारकका आधारमा रूपायन**

| **डोटेली** | **नेपाली** |
|---|---|
| लाटाले | छोराले |
| लाटाखी | छोरालाई |
| लाटाबाटाहै | छोराबाट |
| लाटाइलाई | छोराका लागि |
| लाटाः | छोराको |
| लाटामी | छोरामा |

यसरी नेपाली भाषा र डोटेली भाषामा कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, सम्बन्ध र अधिकरणको तिर्यक प्रयोग भएको पाइन्छ। दुबै भाषामा कारकले लिने विभक्तिका अर्थमा खास भिन्नता नरहे पनि शब्द र चिन्ह प्रयोगमा प्रसस्त पृथकता रहेको पाइन्छ।

**सारांश**

कारक भनेका नामिक शब्दहरू हुन् । कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, सम्बन्ध, अधिकरण र सम्बोधन गरेर एकवचन, द्विवचन र बहुवचनका छुट्टाछुटै विभक्ति रुपहरू हुन्छन। नेपालीमा ले, लाई, बाट, लागी, द्वारा, निम्ति, देखी, को, का, की, रो, रा, री, नो, ना, नि, मा, माथि आदि प्रत्ययहरूलाई विभक्ति भनिन्छ । जसलाई कारकीय चिन्हका रुपमा लिइन्छ। सकर्मक क्रिया लिने कर्तामा नेपाली भाषामा जस्तै 'ले' विभक्ति लगाइन्छ तर नेपाली भाषाको 'बाट' को सट्टा डोटेलीमा 'बाटा', 'बाटी' जस्ता विभक्तिहरू लगाईन्छ भने 'द्वारा' विभक्ति प्रयोगमा रहेको देखिदैन । मानक नेपाली भाषामा प्रयोग हुने द्वितीया विभक्ति 'लाई आंशिक रुपमा डोटेली भाषामा पनि पाइन्छ। प्रयोग र सन्दर्भ अनुसार लाई को सट्टामा 'कन','खी', 'इ' जस्ता विभक्ति चिन्ह लाग्दछन् भने कुनै वाक्यमा विभक्ति विना पनि कर्म कारक प्रयोग गरिन्छ्। नेपाली भाषामा जस्तै डोटेली भाषामा पनि 'ले' विभक्ति प्रयोग गरिन्छ । 'बाट' विभक्तिको सट्टामा है, बाटाहै जस्ता विभक्ति चिन्हहरू जोडिन्छन् भने द्वारा विभक्तिको प्रयोग डोटेली भाषामा देखिदैन् । नेपली भाषामा जस्तै डोटेली भाषामा पनि आंशिक रुपमा लागि, निम्ति, लाई जस्ता विभक्तिहरू प्रयोग गरिए पनि ठाँउ, समय, सन्दर्भ र परिवेश अनुसार निउती, खी, लेग जस्ता विभक्ति चिन्हहरू प्रयोग प्रचलनमा रहेका पाईन्छन् । नेपाली भाषामा प्रयोग गरिने बाट, देखि विभक्तिका ठाँउमा डोटेली भाषामा है, धेगी, बाटी, बाटाहै जस्ता विभक्ति चिन्हहरूको प्रयोग गरिन्छ भने आंशिक रुपमा छिट्पुट मात्र बाट, देखि जस्ता विभक्तिहरू प्रयुक्त हुन्छन्। नेपाली भाषा र डोटेली भाषामा रो, रा, री, ना, नी जस्ता विभक्ति चिन्हहरू समान रुपमा प्रयोग भएका भएपनि नेपाली 'नो' विभक्ति डोटेली भाषामा 'नु' मा परिणत हुन्छ भने को, का, की, जस्ता विभक्ति चिन्हहरू ओ, आ, ई र कतिपय सन्दर्भमा 'को' विभक्ति चिन्ह 'गो' मा प्रयुक्त हुने गर्दछ। नेपाली भाषामा प्रयोग गरिने मा विभक्तिका ठाँउमा डोटेली भाषामा मी, इना, उणा, इनी जस्ता विभक्ति चिन्हहरू प्रयोग गरिन्छन् भने माथि विभक्तिका सट्टामा मथि

चिन्ह प्रचलनमा देखिन्छ । कतिपय सन्दर्भमा सप्तमी विभक्ति विना पनि प्रयोग हुने गर्दछ । नेपाली भाषामा ले, लाई, बाट, देखि, को, मा जस्ता विभक्ति चिन्ह लागेर तिर्यक कारक बन्छ भने डोटेली भाषामा ले, खी, बाटाहै, धेगी, ओ, इनु, मी जस्ता विभक्ति चिन्ह लागेर तिर्यक कारक बन्दछ ।

## अध्याय : पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

### ५.१ सारांश

डोटेली भाषामा प्रयुक्त स्वर वर्णका शब्दहरू हेर्दा उच्चार्य रुपमा नेपाली भाषाका स्वर वर्णको जस्तै हुने गरेको भएपनि नेपालीका शब्द डोटेलीमा त्यही अर्थका लागि फरक तरिकाले उच्चरित हुन्छन् । यसरी डोटेली भाषाका स्वर वर्णका उच्चारण व्यवस्थालाई हेर्दा कतै स्वरागमको स्थिति त कतै स्वर लोपको स्थिति भेटिन्छ । प्रयोग भएका द्विस्वर वर्णहरूलाई केलाउँदा नेपाली भाषाका द्विस्वर वर्ण समान नै उच्चरित भएका देखिन्छन् । तथापी नेपाली भाषामा उच्चारण हुने शब्द डोटेली भाषामा त्यही अर्थका लागि भिन्न संरचनामा उच्चारण भएर आउने गर्दछ । त्यसैले नेपाली र डोटेलीका द्विस्वर एउटै अर्थ बुझाउने शब्दहरू फरक तरिकाले उच्चारण हुने गर्दछन् ।

डोटेली भाषामा नेपाली भाषाका व्यञ्जन वर्णको उच्चारण व्यवस्थाको पूर्णतः पालना नगरी वक्तागत र स्थानीयताका बीचको भिन्नताका कारण भिन्न उच्चारण हुने गरेको देखिन्छ । जुन उच्चारण हुनु अस्वभाविक मानिदैंन । डोटेली भाषामा शब्दहरूको उच्चारण गर्दा कही समीभवन (सुत्नु-सिनु), कही अल्पप्राणीभवन (बाघ-बाग), कही स्वरागम (कसले-कइले) त कतै स्वरलोप (आकाश-अगास), कतै भिन्न ध्वनिको प्रवेश हुनु (भाखा-भाषा) हुने गरेको स्थिति देखिन्छ । यसको स्पष्ट पुष्टि डोटेली भाषाका विशेषताबाटै पनि भइसकेको छ । व्यञ्जन वर्णहरूको उच्चारण प्रक्रियालाई हेर्दा नेपाली भाषाका शब्दको डोटेली भाषामा उच्चारण गर्दा सो अर्थका लागि फरक संरचनामा आएको देखिन्छ । त्यसैले स्तरीय नेपाली र डोटेली भाषामा एउटै अर्थ बुझाउने शब्दहरू फरक - फरक तरिकाले उच्चारण हुने गरेको पाइन्छ । डोटेली भाषामा यति नै वर्णहरू छन् भनेर भन्न सक्ने अवस्था त छैन तर नेपाली भाषामा भएका भन्दा व्यञ्जन वर्णहरू अवश्य नै बढी देखिन्छन् जसको स्पष्ट पुष्टि तालिकाबाट गरिएको छ । यस भाषाका ध्वनिहरूको भाषा वैज्ञानिक आधारमा ध्वनितात्विक र वर्णतात्विक अध्ययन भने भइसकेको छैन् ।

शब्दवर्गको व्याकरणिक कोटिका आधारमा रुप चल्नु नै रूपायन हो । रूपायन प्रक्रिया विकारी शब्द (नाम, सर्वनाम, विशेषण र क्रिया) वर्गमा मात्र लाग्ने गर्दछ, तसर्थ

डोटेली भाषामा पनि यीनै आधारमा रूपायन प्रक्रिया देखाइएको छ । नामको रूपायन वचन, लिङ्ग, आदर, कारकका तहमा र सर्वनामको रूपायन वचन, पुरुष, आदर, कारक आदिका तहमा देखाइएको छ । डोटेली भाषामा नाम र सर्वनाम शब्दको वचनका आधारमा रूपायन गर्दा नेपाली भाषामा एकवचनका शब्दहरूलाई बहुवचन बनाउँदा प्रयोग गरिने 'हरू' प्रत्ययका सट्टामा 'मौ' साथै उन, आन, इन, आ जस्ता प्रत्ययको प्रयोग गरिन्छ, भने कतिपय अवस्थामा एकवचनका शब्दहरूलाई बहुवचनमा रूपायन गर्दा खेरी कुनै पनि चिन्हको प्रयोग गरिदैंन । डोटेली भाषामा दुइ प्रकारका (आदररहित र सामान्य) आदरका रुपहरू मात्र पाइन्छन् । डोटेली भाषामा 'तम्' शब्दले सामान्यदेखि माथिका सबै आदरको काम गर्ने गरेको पाइन्छ । विशेषणको रूपायन गर्दा वचन, लिङ्ग, आदर, कारकका तहमा गरिन्छ । नेपालीमा जस्तै डोटेली भाषामा पनि पुलिङ्ग जनाउने 'ओ' कार स्त्रीलिङ्ग जनाउने 'इ' कारमा बदलिने गर्दछ तथापी डोटेली भाषामा मानवेत्तर विशषेणका पनि स्त्रीलिङ्गी रुप पाइन्छन् । साथै कतिपय शब्दहरूले पुलिङ्ग र स्त्रीलिङ्ग दुबैलाई सम्बोधन गरेको पाइन्छ, जस्तै 'फुजेरो' शब्दले लिङ्ग छुट्टाएको छैन । त्यस्तै क्रियापदको रूपायन वचन, लिङ्ग, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य र धुर्वीयताका आधारमा हुने गर्दछ । डोटेली भाषामा पुलिङ्गी क्रियामा 'इ' थपेर स्त्रीलिङ्गी भएको देखिन्छ । साथै 'ढ' ध्वनि 'ड' ध्वनिमा परिणत भएको पाइन्छ भने कुनै क्रियाले लिङ्ग भेद गरेको पाइदैन् जस्तै : 'सिन्छ' ले कुनै लिङ्ग छुट्ट्याएको छैन् । डोटेली भाषाको भविष्यत् कालमा योहो, याछु, याहुन् जस्ता कालबोधक प्रत्यय जोडिएर क्रियाको रूपायन भएको पाइन्छ । नेपाली र डोटेली भाषामा कालमा अर्थगत समानता देखिए पनि ध्वन्यात्मक र भविष्यत् कालिक क्रियापदका धातुमा पृथक रूपायक प्रत्ययका कारण दुबै भाषाका कालिक क्रियापद रूपायनमा फरक पाउन सकिन्छ । डोटेली भाषामा पक्षका आधारमा क्रियाको रूपायन नेपाली भाषा सरह नै हुने गर्दछ । सामान्य पक्षमा काल अनुसार क्रमशः यो, अछ, याछ, याहो जस्ता प्रत्ययहरू लागेका पाइन्छन् । अपूर्ण पक्षमा लाथ्यो, लाछ, लाऱ्या हुन्याछ जस्ता प्रत्यय लागेका पाइन्छन् । पूर्ण पक्षमा याथ्यो, यागो थ्यो, यागो छ, यागो हुन्याछ जस्ता प्रत्यय लागेका पाइन्छन् । त्यस्तै अज्ञात पक्षमा रइछ, रइछु, इछ, याछ जस्ता प्रत्यय लागेका पाइन्छन् भने अभ्यस्त पक्षमा थ्या, थ्यो, न्थे जस्ता प्रत्ययहरूको प्रयोग भएको पाइन्छ । डोटेली भाषामा इच्छार्थ बुझाउन औ, उ, उन् प्रत्यय लागेका छन् । सम्भावनार्थ बुझाउन 'लो' प्रत्यय लागेको पाइन्छ भने सङ्केतार्थ

बुझाउन ले, बछि, बटि जस्ता भिन्न प्रत्ययका कारण नेपाली भन्दा फरक देखिन्छ । नेपाली भाषाका ओ, अ, ला, यो, भने, मा प्रत्ययका लागि डोटेली भाषामा औ, उ, उन, लो, ले, बछि, बटि जस्ता प्रत्ययहरू प्रयुक्त भएका पाइन्छन् । डोटेली भाषामा कर्मवाच्यको प्रयोग गरिएको पाइदैन् । डोटेली भाषामा क्रियालाई अकरण बनाउदा आदि, मध्य र अन्त्यमा नै/नइ, जन, नाइ न जस्ता अकरणबोधक प्रत्यय पाइन्छन् जुन नेपालीमा 'न' ले मात्र काम चलाइन्छ ।

कारक भनेका नामिक शब्दहरू हुन् । कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, सम्बन्ध, अधिकरण र सम्बोधन गरेर एकवचन, द्विवचन र बहुवचनका छुट्टाछुटै विभक्ति रुपहरू हुन्छन भने नेपालीमा ले, लाई, बाट, लागी, द्वारा, निम्ति, देखी, को, का, की, रो, रा, री, नो, ना, नि, मा, माथि आदि प्रत्ययहरूलाई विभक्ति भनिन्छ । जसलाई कारकीय चिन्हका रुपमा लिइन्छ । सकर्मक क्रिया लिने कर्तामा नेपाली भाषामा जस्तै 'ले' विभक्ति लगाइन्छ तर नेपाली भाषाको 'बाट' को सट्टा डोटेलीमा 'बाटा', 'बाटी' जस्ता विभक्तिहरू लगाईन्छ भने 'द्वारा' विभक्ति प्रयोगमा रहेको देखिदैन । मानक नेपाली भाषामा प्रयोग हुने द्वितीया विभक्ति 'लाई' आंशिक रुपमा डोटेली भाषामा पनि पाइन्छ । प्रयोग र सन्दर्भ अनुसार लाई को सट्टामा 'कन', 'खी', 'इ' जस्ता विभक्ति चिन्ह लाग्दछन् भने कुनै वाक्यमा विभक्ति विना पनि कर्मकारक प्रयोग गरिन्छ् । नेपाली भाषामा जस्तै डोटेली भाषामा पनि 'ले' विभक्ति प्रयोग गरिन्छ । 'बाट' विभक्तिको सट्टामा है, बाटाहै जस्ता विभक्ति चिन्हहरू जोडिन्छन् भने द्वारा विभक्तिको प्रयोग डोटेली भाषामा देखिदैन् । नेपली भाषामा जस्तै डोटेली भाषामा पनि आंशिक रुपमा लागि, निम्ति, लाई जस्ता विभक्तिहरू प्रयोग गरिए पनि ठाँउ, समय, सन्दर्भ र परिवेश अनुसार निउती, खी, लेग जस्ता विभक्ति चिन्हहरू प्रयोग प्रचलनमा रहेका पाईन्छन् । नेपाली भाषामा प्रयोग गरिने बाट, देखि, विभक्तिका ठाँउमा डोटेली भाषामा है, धेगी, बाटी, बाटाहै जस्ता विभक्ति चिन्हहरूको प्रयोग गरिन्छ भने आंशिक रुपमा छिट्पुट मात्र बाट, देखि जस्ता विभक्तिहरू प्रयुक्त हुन्छन् । नेपाली भाषा र डोटेली भाषामा रो, रा, री, ना, नी जस्ता विभक्ति चिन्हहरू समान रुपमा प्रयोग भएका भएपनि नेपाली 'नो' विभक्ति डोटेली भाषामा 'नु' मा परिणत हुन्छ भने को, का, की, जस्ता विभक्ति चिन्हहरू ओ, आ, ई र कतिपय सन्दर्भमा 'को' विभक्ति चिन्ह 'गो' मा प्रयुक्त हुने गर्दछ । नेपाली भाषामा प्रयोग गरिने मा विभक्तिका ठाँउमा डोटेली भाषामा मी,

इना, उणा, इनी जस्ता विभक्ति चिन्हहरू प्रयोग गरिन्छन् भने माथि विभक्तिका सट्टामा मथि चिन्ह प्रचलनमा देखिन्छ । कतिपय सन्दर्भमा सप्तमी विभक्ति विना पनि प्रयोग हुने गर्दछ । नेपाली भाषामा ले, लाई, बाट, देखि, को, मा जस्ता विभक्ति चिन्ह लागेर तिर्यक कारक बन्छ भने डोटेली भाषामा ले, खी, बाटाहै, धेगी, ओ, इनु, मी जस्ता विभक्ति चिन्ह लागेर तिर्यक कारक बन्दछ ।

## ५.२ निष्कर्ष

यस शोधपत्रको पहिलो अध्यायमा शोधपरिचय प्रस्तुत गरिएको छ जसमा पृष्ठभूमि, समस्याकथन, अध्ययनको सान्दर्भिकता, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको सीमाङ्कन । दोस्रो अध्यायमा पूर्वकार्यको अध्ययन र सैद्धान्तिक रूपरेखामा सम्बन्धित साहित्यको अध्ययन, पूर्व अध्ययनको महत्त्व, सैद्धान्तिक परिचय अन्तर्गत डोटेली भाषाको परिचय, डोटेली भाषाको विकासक्रम, डोटेली भाषाका भेदहरू र डोटेली भाषाका विशेषताहरू प्रस्तुत गरिएको छ । तेस्रो अध्यायमा शोधविधि र शोध प्रक्रिया राखिएको छ त्यस्तै चौथो अध्यायमा परिणामको छलफल, व्याख्या र विश्लेषण गरिएको छ भने पाँचौ अध्यायमा उपसंहार र परिशिष्टमा मौलिक डोटेली शब्दहरू प्रस्तुत गरिएको छ ।

डोटेली भाषामा एकवचनका शब्दहरूलाई बहुवचन बनाउँदा प्रयोग गरिने ‘हरू’ प्रत्ययका सट्टामा ‘मौ’ साथै उन, आन, इन, आ जस्ता प्रत्ययको प्रयोग गरिन्छ । दुइ प्रकारका (आदररहित र सामान्य) आदरका रुपहरू मात्र पाइन्छन् । ‘तम्’ शब्दले सामान्यदेखि माथिका सबै आदरको काम गर्ने गरेको पाइन्छ । भविष्यत् कालिक क्रियापदका धातुमा पृथक रूपायक प्रत्ययका कारण दुबै भाषाका कालिक क्रियापद रूपायनमा स्पष्ट फरक पाउन सकिन्छ । ‘द्वारा’ विभक्ति प्रयोगमा रहेको देखिदैन । मा विभक्तिका ठाँउमा मी, इना, उणा, इनी जस्ता विभक्ति प्रयुक्त हुन्छन् सरल कारकलाई तिर्यक कारक बनाउदा ले, खी, बाटाहै, धेगी, ओ, इनु, मी जस्ता विभक्ति प्रयोग गरिएको पाइन्छ । नेपालीमा प्रयुक्त कुनै शब्दमा लोप र कुनै शब्दमा आगमको स्थिति देखिन्छ जस्तै : सजिलो = सजी, फलानो = फलासनो आदि । डोटेली भाषामा लोक साहित्य/लोक संस्कृतिको पूनर्लेखन, बाङ्मय सम्बन्धि गोष्ठी, पत्रपत्रिका/स्मारिका लेखन, स्वतन्त्र कृति प्रकाशन जस्ता उपलब्धिपूर्ण कार्य हुनुका साथै सञ्चार तथा अडियो भिडियोमा पनि स्थान बनिसकेको देखिन्छ ।

आफ्नो छुट्टै पहिचान बोकेको र अनेक भेद उपभेदहरू भएको डोटेली भाषाले विविध कारणहरूले गर्दा आजसम्म भाषिकामा चित्त बुझाउनु परेको थियो । यस भाषामा आफ्नै प्रकारका वर्ण, व्याकरण, शब्द व्यवस्था, उच्चारण, शब्दभण्डार, रूपायन, कारक र विभक्ति चिन्हहरूमा प्रसस्त भिन्नता रहेको छ । जसको गहन अध्ययन र अनुसन्धान एवम् संरक्षण सम्बद्धन हुन जरुरी छ । आफ्नै प्रकारका मौलिक शब्दहरू र विविध विशेषताहरूले गर्दा डोटेली भाषाको क्षेत्र र वक्ताहरू नेपाली पछिको स्थानमा देखिने सम्भावना प्रबल देखिन्छ । यस भाषाका ध्वनिहरूको भाषा वैज्ञानिक आधारमा ध्वनितात्विक र वर्णतात्विक अध्ययन भने भइसकेको छैन् ।

(१) डोटेली भाषाका स्वरवर्णका उच्चारण व्यवस्थालाई हेर्दा कतै स्वरागमको स्थिति त कतै स्वर लोपको स्थिति भेटिन्छ ।

(२) डोटेली भाषामा नेपाली भाषाका व्यञ्जन वर्णको उच्चारण व्यवस्थाको पूर्णतः पालना नगरी वक्तागत र स्थानीयताका बीचको भिन्नताका कारण भिन्न उच्चारण हुने गरेको देखिन्छ ।

(३) डोटेली भाषामा शब्दहरूको उच्चारण गर्दा कही समीभवन (सुत्नु - सिनु), कही अल्पप्राणीभवन (बाघ - बाग), कही स्वरागम (कसले - कइले) त कतै स्वरलोप (आकाश - अगास), कतै भिन्न ध्वनिको प्रवेश हुनु (भाखा - भाषा) हुने गरेको स्थिति देखिन्छ ।

(४) डोटेली भाषामा र स्तरीय नेपाली भाषामा एउटै अर्थ बुझाउने शब्दहरू फरक-फरक तरिकाले उच्चारण हुने गरेको पाइन्छ ।

(५) डोटेली भाषामा नाम र सर्वनाम शब्दको वचनका आधारमा रूपायन गर्दा नेपाली भाषामा एकवचनका शब्दहरूलाई बहुवचन बनाउँदा प्रयोग गरिने ‘हरू’ प्रत्ययका सट्टामा ‘मौ’ साथै उन, आन, इन, आ जस्ता प्रत्ययको प्रयोग गरिन्छ, । कतिपय अवस्थामा एकवचनका शब्दहरूलाई बहुवचनमा रूपायन गर्दा खेरी कुनै पनि चिन्हको प्रयोग गरिदैंन ।

(६) डोटेली भाषामा दुइ प्रकारका (आदररहित र सामान्य) आदरका रुपहरू मात्र पाइन्छन् ।

(७) डोटेली भाषामा मानवेत्तर विशषेणका पनि स्त्रीलिङ्गी रुप पाइन्छन् साथै कतिपय शब्दहरूले पुलिङ्ग र स्त्रीलिङ्ग दुबैलाई सम्बोधन गरेको पाइन्छ, जस्तै 'फुजेरो' शब्दले लिङ्ग छुट्टाएको छैन

(८) डोटेली भाषामा पुलिङ्गी क्रियामा 'इ' थपेर स्त्रीलिङ्गी भएको देखिन्छ साथै 'ढ' ध्वनि 'ड' ध्वनिमा परिणत भएको पाइन्छ भने कुनै क्रियाले लिङ्ग भेद गरेको पाइदैन् जस्तै : 'सिन्छ' ले कुनै लिङ्ग छुट्टयाएको छैन् ।

(९) डोटेली भाषाको भविष्यत् कालमा योहो, याछु, याहुन् जस्ता कालबोधक प्रत्यय जोडिएर क्रियाको रूपायन भएको पाइन्छ ।

(१०) डोटेली भाषामा अपूर्ण पक्षमा लाथ्यो, लाछ, लार्‍या हुन्याछ जस्ता प्रत्यय लागेका पाइन्छन् । पूर्ण पक्षमा याथ्यो, यागो थ्यो, यागो छ, यागो हुन्याछ जस्ता प्रत्यय लागेका पाइन्छन् । त्यस्तै अज्ञात पक्षमा रइछ, रइछु, इछ, याछ जस्ता प्रत्यय लागेका पाइन्छन् भने अभ्यस्त पक्षमा थ्या, थ्यो, न्थे जस्ता प्रत्ययहरूको प्रयोग भएको पाइन्छ ।

(११) डोटेली भाषामा इच्छार्थ बुझाउन औ, उ, उन् प्रत्यय लागेका छन् । सम्भावनार्थ बुझाउन 'लो' प्रत्यय लागेको पाइन्छ भने सङ्केतार्थ बुझाउन ले, बछि, बटि जस्ता भिन्न प्रत्ययका कारण नेपाली भन्दा फरक देखिन्छ ।

(१२) डोटेली भाषामा कर्मवाच्य ('द्वारा' विभक्ति) को प्रयोग गरिएको पाइदैन् ।

(१३) डोटेली भाषामा क्रियालाई अकरण बनाउदा आदि, मध्य र अन्त्यमा नै/नइ, जन, नाइ न जस्ता अकरणबोधक प्रत्यय पाइन्छन् जुन नेपालीमा 'न' ले मात्र काम चलाइन्छ ।

(१४) नेपाली भाषाको 'बाट' को सट्टा डोटेलीमा 'बाटा', 'बाटी' जस्ता विभक्ति चिन्हहरू लगाईन्छन् । मानक नेपाली भाषामा प्रयोग हुने द्वितीया विभक्ति 'लाई' आंशिक रुपमा डोटेली भाषामा पनि पाइन्छ भने प्रयोग र सन्दर्भ

अनुसार लाई को सट्टामा 'कन', 'खी', 'इ' जस्ता विभक्ति चिन्ह लाग्दछन् भने कुनै वाक्यमा विभक्ति विना पनि कर्म कारक प्रयोग गरिन्छ् ।

(१५) नेपाली भाषामा जस्तै डोटेली भाषामा पनि 'ले' विभक्ति प्रयोग गरिन्छ । 'बाट' विभक्तिको सट्टामा है, बाटाहै जस्ता विभक्ति चिन्हहरू जोडिन्छन् ।

(१६) नेपाली भाषामा जस्तै डोटेली भाषामा पनि आंशिक रुपमा लागि, निम्ति, लाई जस्ता विभक्तिहरू प्रयोग गरिए पनि ठाँउ, समय, सन्दर्भ र परिवेश अनुसार निउती, खी, लेग जस्ता विभक्ति चिन्हहरू प्रयोग प्रचलनमा रहेका पाईन्छन् ।

(१७) नेपाली भाषामा प्रयोग गरिने बाट, देखि, विभक्तिका ठाँउमा डोटेली भाषामा है, धेगी, बाटी, बाटाहै जस्ता विभक्ति चिन्हहरूको प्रयोग गरिन्छ भने आंशिक रुपमा छिट्पुट मात्र बाट, देखि जस्ता विभक्तिहरू प्रयुक्त हुन्छन् ।

(१८) नेपाली भाषा र डोटेली भाषामा रो, रा, री, ना, नी जस्ता विभक्ति चिन्हहरू समान रुपमा प्रयोग भएका भएपनि नेपाली 'नो' विभक्ति डोटेली भाषामा 'नु' मा परिणत हुन्छ । को, का, की, जस्ता विभक्ति चिन्हहरू ओ, आ, ई र कतिपय सन्दर्भमा 'को' विभक्ति चिन्ह 'गो' मा प्रयुक्त हुने गर्दछ ।

(१९) नेपाली भाषामा प्रयोग गरिने मा विभक्तिका ठाँउमा डोटेली भाषामा मी, इना, उणा, इनी जस्ता विभक्ति चिन्हहरू प्रयोग गरिन्छन् भने माथि विभक्तिका सट्टामा मथि चिन्ह प्रचलनमा देखिन्छ । कतिपय सन्दर्भमा सप्तमी विभक्ति विना पनि प्रयोग हुने गर्दछ ।

(२०) नेपाली भाषामा ले, लाई, बाट, देखि, को, मा जस्ता विभक्ति चिन्ह लागेर तिर्यक कारक बन्छ भने डोटेली भाषामा ले, खी, बाटाहै, धेगी, ओ, इनु, मी जस्ता विभक्ति चिन्ह लागेर तिर्यक कारक बन्दछ ।

## ५.३ उपयोगिता

प्रस्तुत शोधपत्रको अध्ययन पश्चात् निम्न तहमा उपयोगी हुन् सक्ने देखिन्छ :

### ५.३.१ नीतिगत तह

(क) नेपालका भाषाहरूको ऐतिहासिक, सामाजिक तथा भौगोलिक आधारमा अध्ययन हुनुपर्ने देखिन्छ ।

(ख) प्राचीन नेपाली भाषासँग निकटताको सम्बन्ध राख्ने डोटेली भाषाको संस्थागत अध्ययन अनुसन्धान हुन अति नै आवश्यक देखिन्छ ।

(ग) प्राथमिक तहसम्मको शिक्षा स्थानीय भाषामा दिइने नीति अनुरूप डोटेली भाषामा पाठ्यपुस्तक लेखनमा जोड दिइनु पर्दछ ।

(घ) छापा तथा विद्युतीय सञ्चार माध्यमबाट डोटेली भाषा मार्फत् सम्प्रेषणको कार्य राष्ट्रिय स्तरबाट पनि हुनुपर्ने देखिन्छ । जस कारण राष्ट्रभाषा बढी समृद्ध हुनाका साथै राष्ट्रिय भाषामा मौलाउन  सक्ने अवसर प्राप्त हुन्छ ।

(ङ) नेपाली भाषामा डोटेली भाषाका शब्दहरूलाई पनि आगन्तुक शब्दका रूपमा राख्नु पर्ने देखिन्छ ।

(च) नेपालमा बोलिने भारोपेली भाषा परिवारका विविध भाषाहरूको सम्बन्धमा अध्ययन हुनुपर्ने देखिन्छ ।

### ५.३.२ प्रयोगगत तह

(क) स्तरीय नेपाली र डोटेली भाषाको एक अर्कासँग कस्तो सम्बन्ध छ साथै व्याकरणिक दृष्टिले दुबैमा कति सामिप्यता र दूरता छ ।

(ख) डोटेली भाषाको व्याकरण लेख्न चाहनेलाई आधार बन्न सक्छ ।

(ग) भाषा अध्ययनमा सहयोग गर्न सक्छ ।

(घ) डोटेली भाषी विद्यार्थीहरूलाई स्तरीय नेपाली भाषा शिक्षण गर्दा देखापर्ने उच्चारणगत, शब्दगत, रुपगत र प्रयोगगत त्रुटिहरू पहिल्याई निराकरण गर्न सहयोग पुग्ने देखिन्छ ।

(ङ) डोटेली भाषाको शब्दकोशमा केही सहयोग गर्न सक्ने देखिन्छ ।

(च) डोटेली र नेपाली भाषामा कति पृथकता रहेछ भन्ने कुरा यस अध्ययनले देखाउने छ ।

(छ) मानक उच्चारण जान्न शब्दकोश हेर्ने बानिको विकास गर्नुपर्ने देखिन्छ ।

## ५.४ भावी अध्ययनका लागि सम्भावित शीर्षक

प्रस्तुत शोधकार्यसँग सम्बन्धित रहेर गर्न सकिने भावी अध्ययनका लागि केही सम्भावित शीर्षकहरू निम्न अनुसार छन्

(क) डोटेली भाषामा प्रचलित् उखान टुक्काको अध्ययन् ।

(ख) डोटेली भाषामा व्याकरण लेख्न अभ्यास् ।

(ग) डोटेली भाषामा व्याकरणात्मक कोटिको अध्ययन् ।

(घ) डोटेली भाषामा प्रयुक्त शब्दभण्डारको अध्ययन् ।

# सन्दर्भ सामग्री सूची

## पाठ्यपुस्तकहरूको सूची


अधिकारी, हेमाङ्गराज (२०६२), **सामाजिक र प्रायोगिक भाषाविज्ञान** काठमाण्डौँ: रत्नपुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६२), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाण्डौँ: विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०६५), **समसामयिक नेपाली व्याकरण,** काठमाण्डौँ: विद्यार्थी पुस्तक भण्डार ।

खनाल, पेशल (२०६४), **शैक्षिक अनुसन्धान पद्धति,** काठमाण्डौँ: सनलाइट पब्लिकेसन ।

गौतम, रामप्रसाद (२०६१), **प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,** काठमाण्डौँ: दीक्षान्त पुस्तक ।

चालिसे, विजय (२०३९), **डोटेली लोकसंस्कृति र साहित्य,** काठमाडौः साझा प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५८), **प्रायोगिक भाषाविज्ञान,** काठमाडौँ: एम.के. पब्लिकेशन एण्ड डिस्टब्युष्टर्स ।

न्यौपाने, टंकप्रसाद र अन्य (२०६८), **भाषाविज्ञानका प्रमुख सिद्धान्त,** काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

न्यौपाने, टंकप्रसाद र अन्य (२०६७), **सामान्य भाषाविज्ञान,** काठमाडौँ: सनलाइट प्रकाशन ।

**नेपाली बृहत् शब्दकोश** (२०५०), काठमाण्डौँ: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चुडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाण्डौँ: रत्न पुस्तक भण्डार ।

बन्धु, खेम कोइराला र राम प्रसाद गौतम (२०६५), **अनुसन्धान विधि,** काठमाण्डौँ: दीक्षान्त पुस्तक भण्डार

भट्टराई, रामप्रसाद (२०६५), **भाषिक अनुसन्धान विधि,** काठमाण्डौँ: शुभकामना बुक्स एण्ड स्टेसनरी ।

भण्डारी, पारसमणि (२०६७), **भाषिक अनुसन्धान विधि,** काठमाण्डौँ: पिनाकल पब्लिकेसन ।

भण्डारी, पारसमणि र सालिकराम पौड्याल (२०६८), **सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,** काठमाण्डौँ: विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६०), **प्रायोगिक भाषाविज्ञान,** काठमाण्डौँ: भुँडीपुराण प्रकाशन ।

लम्साल, रामचन्द्र र अन्य (२०६९), **सामाजिक भाषाविज्ञान र मनोभाषाविज्ञान,** काठमाडौँ: शुभकामना प्रकाशन ।

लम्साल, रामचन्द्र र अन्य (२०६४), **नेपाली गद्य साहित्य र भाषा,** काठमाण्डौँ: सनलाइट पब्लिकेसन ।

**शोधपत्रहरूको सूची**

खड्का, अप्सरा (२०६८), **अर्घाखाँची जिल्लामा बोलिने स्थानीय भाषा र स्तरीय नेपाली भाषाको तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुर, त्रि.वि.नेपाली भाषा शिक्षा विभाग ।

जोशी, खगराज (२०५७), **डोटेली भाषिका र नेपाली भाषाका व्याकरणिक कोटिको तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुर, त्रि.वि.नेपाली भाषा शिक्षा विभाग ।

ढकाल, ऋषिकेश (२०६२), **अछामी भाषिका र नेपाली भाषाका व्याकरणत्मक कोटिको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुर, त्रि.वि.नेपाली भाषा शिक्षा विभाग ।

पनेरु, नेत्रप्रसाद (२०४०), **डडेल्धुरेली भाषिकामा विभक्ति,** अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुर, त्रि.वि.नेपाली विभाग ।

पाण्डे, शिवराज (२०६८), **बाजुरा जिल्लाको कुण्डादरामा बोलिने भाषिक भेद र नेपाली भाषाको व्याकरणात्क कोटिको तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुर, त्रि.वि.नेपाली भाषा शिक्षा विभाग ।

बडु, ताराकुमारी (२०६२), **दार्चुलेली स्थानीय भाषिका र स्तरीय नेपाली भाषाबीचको तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुर, त्रि.वि.नेपाली भाषा शिक्षा विभाग ।

बम, सुरेन्द्रकुमार (२०६२), **बैतडेली र स्तरीय नेपाली भाषिकाका बीच व्यतिरेकी विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुर, त्रि.वि.नेपाली भाषा शिक्षा विभाग ।

बस्नेत, नारायण (२०६८), **मुगाली भाषिकाको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुर, त्रि.वि.नेपाली भाषा शिक्षा विभाग ।

बोहरा, गणेशबहादुर (२०६२), **बझाङ्गी भाषिका र स्तरीय नेपाली भाषाका बीच व्यतिरेकी विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुर, त्रि.वि.नेपाली भाषा शिक्षा विभाग ।

रोकाया, गोरखबहादुर (२०६७), **बझाङ्गी भाषिका र नेपाली भाषाका व्याकरणिक कोटिको तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुर, त्रि.वि.नेपाली भाषा शिक्षा विभाग ।

रौले, रुपकबहादुर (२०६२), **बाजुरेली भाषिका र स्तरीय नेपाली भाषाको व्यतिरेकी विश्लेषण,** अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुर, त्रि.वि.नेपाली भाषा शिक्षा विभाग ।

**पत्रपत्रिकाहरूो सूची**

**राष्ट्रिय जनगणना** (२०६८), नेपाल सरकार ।

**अन्तरिम संविधान** (२०६३), नेपाल सरकार ।

**गुगुल्डी** (केही अंक), आधुनिक छापाखाना, महेन्द्रनगर ।

**फूलबारी** (२०६९), सुदुरपश्चिमाञ्चल एकेडेमी धनगढी, कैलाली ।

**सिताराम स्मारिका** (२०६८), उचाकोट, डोटी ।

**सुदुर चिनारी** (केही अंक), सुदुरपशिमाञ्चल बहुउद्देश्यीय मञ्च, धनगढी, कैलाली ।

**सुदुर सन्देश** (२०६८), सुदुरपशिमाञ्चल साहित्य समाज, काठ्माडौं ।

**सुरभि** (२०६८), सु.प. साहित्य समाज, धनगढी, कैलाली ।

**सेतीको सुसेली** (२०६७), कैलाली बहुमुखी क्याम्पस, धनगढी, कैलाली ।

# परिशिष्ट

## डोटेली भाषाका केही मौलिक शब्दहरू

### नाता सम्बन्धी

| डोटेली | नेपाली | डोटेली | नेपाली |
|---|---|---|---|
| बाज्या | हजुरबा | बै/बज्यै | हजुरआमा |
| बा/ब्वा | बुबा | इजा/ज्या | आमा |
| सम्दी | सम्धि | सम्दनि | सम्धिनी |
| सौरा/द्यान | ससुरा | जिउ | सासु |
| कगा | काका | काखी | काकी |
| पुसाँइ | फुपाजु | पु | फुपु |
| ममा | मामा | कैँसी | सानिमा |
| दुदा/दा /दाजी | दाजु | बउजु/भावी | भाउजु |
| दि | दिदि | बैनी/बइनी/काजि | बहिनी |
| जेठी | जेठाज्यु | जेठ्ज्यु | लोग्नेको दिदि |
| भाउ | देउरानी | लाटो/चेलो | छोरो |
| लाटी/चेली | छोरी | ब्वारी | बुहारी |
| गोसी/साइजु | देवर | मँन्या | नन्द |
| बैकान/पोई | लोग्ने | स्वैनी | श्रीमती |
| साणुभाइ | सालीको लोग्ने | भदु | भतिज |
| भदै | भतिजी | साइ | प्रेमी/जार |

## शरीरकाअङ्ग सम्बन्धी

| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
|---|---|---|---|
| मण्डो | टाउको | बाल | कपाल |
| चन्नी/चानु | निधार | अना:र | अनुहार |
| नाखेपोणा | नाकको प्वाल | गलो | गाला |
| चुची | स्तन | पाखुट्टा | पाखुरा |
| आँउला | औला | कन्न/पिठी | ढाड |
| जागणा | फिला | कोखी | काखी |
| लादो | पेट | कुनु | कुहिनु |
| आनणा | आन्द्रा | नाउटो | नाइटो |
| गुला | अण्डकोष | लाणु | लिङ्ग |
| किच्ची | योनी | ढम्मर | चाख |
| मजी | गुद्द्वार | हण् | शरीर |

## मौसम, समय र भूगोल सम्बन्धी

| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
|---|---|---|---|
| गणकन्या | गड्याङ्गुडुङ | चिणको | चट्याङ |
| हाउणो | कुहिरो | अठ्ठा | असिना |
| जुनारी | जुनेली | पुनी | पूर्णीमा |
| बैलदाण्या | मुसलधारे | ठन्न | चिसो |
| सरक | आकाश | छाइल | छाँया |

| | | | |
|---|---|---|---|
| जुन/चन्नरमा | चन्द्रमा | बेल | सुर्य |
| सेल | शितल | अनाराउजालाइ | मिर्मिरे |
| छगाल | बिहान | दोफरी | दिउँसो |
| सञ्ज्याकाल | साँझ | ट्याम | समय |
| मइना | महिना | अद्द | आधा |
| सोल | सोह्र | अचल | आजभोली |
| सउ | सोम | मागल | मङ्गल |
| बो | बुध | बिफै | बिही |
| सुग | शुक्र | छन्जर | शनी |
| पोरु | अस्ति | बेली | हिजो |
| भोल | भोली | पोरुखी | पर्सी |
| भिटो | कान्लो | छाल | किनार |
| बगण | बगर | औल | बेसी |
| उज्कला | पाखो | इचला | आली |
| खोदलो | धमिलो | टसुलो | सङ्लो |
| दमसेइलो | छड्के | कराइँ | टेढो |
| पाँजलो | मैदान | बिथरो | फराकिलो |
| गोदो | होचो भाग | भ्वाँतर | खाल्डो |
| छोणो | झरना | डाबर | खाड्ल |
| पखान | चट्टान | घाट | नदि |

| | | | |
|---|---|---|---|
| खाली | दह | उदो | तल |
| उबो | माथि | तेर्छो | तेर्सो |

## रोग सम्बन्धी

| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
|---|---|---|---|
| सट्को | रुघाखोकी | ब | पेट दुःखाइ |
| चक्कर चल्लु | रिङ्गटा लाग्नु | ओसाउनु | सुनिनु |
| सन्निपात | उच्चज्वरो | उदोउबो | झाडापखाला |
| ओकाइ | वाक्वाकी | ढुस्सेइलो | अमिलो डकार |
| कोण | कुष्ठरोग | मणकिनु | भाँचिनु |
| खाइनु | दुःख्नु | लोट्टु | लड्नु |
| जर | ज्वरो | काँसो | खोकी |
| ओखतो | औषधी | घाः | घाउ |
| घाम लाग्नु | औलौ लाग्नु | भुटो | पीर |
| पिट्का | फोका/बिमिरा | मण्डो खाइनु | टाउको दुःख्नु |

## घर सम्बन्धी

| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
|---|---|---|---|
| देलो | ढोका | लिस्नु | भच्याङ्ग |
| छिनौटो | प्वाल | पाँण | बुँइगल |
| चाख | पाली | बान्नु | भित्ता |

| | | | |
|---|---|---|---|
| खामु | थाम | गोठ | भूँइतला |
| खलो | आँगन | खुरगुट्टी | सिँढी |
| मिजेलो | मध्यतला | हुलो | काठको |
| चुकुल | | | |

## गेडागुडी र तरकारी सम्बन्धी

| डोटेली | नेपाली | डोटेली | नेपाली |
|---|---|---|---|
| चोतो | मूला | डाः | खुर्सानी |
| कलाँउ | केराउ | मार्स्या | लट्टेको साग |
| पिणाउँ | पिँडालु | तउण | तरुल |
| भुजो | फर्सी | सगलगञ्ज | सलगम |
| गोलीभिणा | गोलभैँडा | लप्को | लौको |
| लिउणु | निउरो | भिणा | भन्टा |
| चिचिन्नु | चिचिन्डो | तरिङ्डेल | रामतोरीया |
| पानण्या | कुभिन्डो | सोट्टा | सिमी |
| आदो | अदुवा | हल्दो | बेसार |

## घरायसी सम्बन्धी

| डोटेली | नेपाली | डोटेली | नेपाली |
|---|---|---|---|
| अखिटो | आगो बाल्ने ठाँउ | जाँती | ओदान |
| बट्ग्या | कटौरा | ताउलो | खड्कुलो |
| ताउली | भात पकाउने भाँडो | टामग्या | दाल पकाउने भाँडो |
| डेग | डेक्ची | फुङ्गलो | गाग्री |

| | | | |
|---|---|---|---|
| घणो | ठूलो गाग्री | हतौउरी | सानो गाग्री |
| आँसी | हँसिया | बाउसो | कोदाली |
| फाउणो | फरुवा | सापलो | सावेल |
| परात | बाटा | कितली | चियादानी |
| पारो | ठूलो ठेकी | ठेउगी | सानो ठेकी |
| मनानी | मदानी | नेती | मदानीमा राखिने डोरी |
| डाणु | डाडु | थनरी | चिम्टी |
| जेउणो | नाम्लो | गलेउ | दाम्लो |
| छापरो | ढक्की | डूरो | भकारी |
| खुरगुट्टयान | खुर्पाटो | दलो | खुकुरीको दाप |
| जितरा | जाँतो | कसिन्नु | लोटा |
| ठेल्लो | बेलना/ढुङ्ग्रो | बसिन्नु | चाका |
| त्वा | तावा | गेलन | ग्यालिन |
| खोप | खोपिल्टो | सर्कु | लुगा राख्ने भाँडो |
| फिनु | चटाइ | मट्टो | मान्द्रो |
| ओगलो | सिलौटो | चोख्यौन | नौनी |
| चाहा | चिया | छाँइ | मोही |
| मैलणो | पगाहा | मैँ | दाँते |
| ओक | हलोको अनौ | घि | घ्यु |

## कपडा सम्बन्धी

| डोटेली | नेपाली | डोटेली | नेपाली |
|---|---|---|---|
| जोहारी | इस्कोट | खल्डी | गोजी |
| भोट्या | कमिज | लङ्डी | पछेयौरा |
| कछ्या | जाङ्घे | प्यान्डा | सुरुवाल |
| कन्जेउणी | कन्दनी | जुराफ | मोजा |
| बुलोज | ब्लाउज | गाबन | गुन्यु |
| साणी | सारी | रजै | सिरक |
| डसिना | बिस्तरा | छेउलो | खोल |
| सिरानु | तकिया | कामलो | कम्मल |

## अन्नपात तथा फलफूल सम्बन्धी

| डोटेली | नेपाली | डोटेली | नेपाली |
|---|---|---|---|
| घोगा | मकै | गउँ | गहुँ |
| जउँ | जौँ | ढिणु | ढिँडो |
| रोटा | रोटी | अमा | गहुँ पोलेर बनाइने खाजा |
| पिणु | भैँसीको खोले | गाँण्याकाफल | भूँइकाफल |
| गुएला | गुहेली | किरमणा | चुथ्रो |
| हजारी | सयपत्रि | सुपारी | मखमली |
| पेउता | मेवा | लिखु | उखु |
| केला | केरा | आम | आँप |

| | | | |
|---|---|---|---|
| टोक्कर | गुच्छा | कोद्या | कोदो |
| अम्फा | अम्बा | इमिलो | अमिलो |
| तिमिलो | ठूलापात हुने फल | हाता | केराको काँइयो |
| छिँउ | काकाको बच्चा | आलपोखरा | आरुवखडा |

## प्राणी तथा जनावर सम्बन्धी

| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
|---|---|---|---|
| किरमिलो | कमिलो | गन्युल्या | गड्यौला |
| गउँथली | गौँथली | जिउणा | जुम्रा |
| बण | बहर | बल्ल | गोरु |
| बोग्या | बोका | भैंसो | भैंसी |
| बाखरो | बाखी | कलणो | ब्याउने उमेर भएको |
| बनेल | बँदेल | कागण | कस्तुरी |
| रत्वा | मृग | ससो | खरायो |
| स्याप | सर्प | छैटेल्लो | सारौँ |
| कुञ्या | ढुकुर | गङ्डेणा | भँगेरा |
| राइजुण्या | जुरेली | चाखुणो | च्याखुरा |
| बिल्लो | बिरालो | सोणो | दुम्सी |
| कउवा | काग | भेगुणा | काँडे भ्याकुर |
| बनकुगुणा | कालिज | मलेवा | परेवा |
| गुना | लङ्गुर | चोच्या | गँगटो |

## दान, चाँडपर्व, मेला र पूजा सम्बन्धी

| डोटेली | नेपाली | डोटेली | नेपाली |
|---|---|---|---|
| गेणा | अक्षेता | निश्राल | सिदा |
| जग्ग्या | यज्ञ | बाबन | पूजारी |
| बुन्या | छर्ने | त्यार | पर्व |
| बिसुँ | नयाँबर्ष | ओल्या | भाद्र सक्रान्ति |
| जाँत | जात्रा | हुम् | होम |
| दुत्या | भाइटिका | बानु | भाकल |
| सगरान्ती | सङ्क्रान्ति | जग्रम | रत्यौली |
| मणो | लास | भ्वो | भुवा |
| माणु | मन्दिर | चेणो | चिहान |
| काजबार | चाँडपर्व | निगो-नौली | मीठो मसिनो |
| भातचोखाइ | पास्नी | उजाड्डु | उखेल्नु |
| भिट्यामानु | मृत्यु संस्कारमा दिइने एक माना चामल | भिख | भिक्षा |
| द्यामानु | केटाको बिहेमा दिइने एक माना चामल | दछिना | दक्षिणा |

## मानवीय व्यवहार सम्बन्धी

| डोटेली | नेपाली | डोटेली | नेपाली |
|---|---|---|---|
| ठेउग्या | जड्याहा | इख | इर्ष्या |
| अनार्‍या | रिसालु | पाणो | मूर्ख |
| सम्राइ | माया | धौलो | गोरो |

| | | | |
|---|---|---|---|
| कल | झगडा | कुरण्या | बढी बोल्ने |
| दाल्दरी | लोभी | कलसङ्गालो | कालो वर्णको |
| ढोर | अल्छी | टिठ्याउनु | दयालाग्दो |
| बौलारी | पागल | चुसक्या | कुरा लाँउदै हिड्ने |
| चाणा | वेश्या | घिउ | इमान्दार |

## गति मूलक शब्द सम्बन्धी

| **डोटेली** | **नेपाली** | **डोटेली** | **नेपाली** |
|---|---|---|---|
| कल्लिनु | उभिनु | कचाउट्टु | कुल्चिनु |
| ठोक्किनु | जुध्नु | बिचल्लु | दौड्नु |
| घोचाउनु | धकेल्नु | निङ्गाउनु | नाघ्नु |
| बाउ खेल्लु | पौडिनु | फट्टकफाल्लु | हामफाल्नु |
| राख्दु | राख्नु | लैजानु | लिनु |
| छल्लिनु | तर्सिनु | उगल्लु | चढ्नु |
| ओल्लु | झर्नु | हात्तु | हाँस्नु |
| मक्किनु | रिसाउनु | ठ्या ठ्या गर्नु | सिँसिँगर्नु |
| ओखाल्लु | बान्तागर्नु | छेद्दु | पखालाचल्नु |
| पक्पकिनु | भकभकाउनु | भणभणाउनु | बरबराउनु |
| सुर्ता | शोक | डाण | रुवाइ |
| जमान गाड्डु | हाइ काढ्नु | सिनु | सुत्नु |
| लोट्टु | लड्नु | अम्दु | निदाउनु |

# व्यक्तिवृत



नाम - नरेन्द्र बहादुर बोगटी

जन्ममिति - २०४४/१०/३०

ठेगाना - खातिवडा - ६, खुल्लेख डोटी

बुबाको नाम - पदमबहादुर बोगटी

आमाको नाम - बाटुदेबीबोगटी

लिङ्ग - पुरुष

राष्ट्रियता - नेपाली

धर्म - हिन्दु

रुचि - भ्रमण, अध्ययन, गीत सुन्ने

रगत समुह - ए पोजेटिभ

सम्पर्क नं. - ९८४८४७८८२१

इमेल - narendrabogati88@yahoo.com

**शैक्षिक योग्यता**

| तह | शिक्षण संस्था | उर्तीण साल | श्रेणी |
|---|---|---|---|
| प्रारम्भिक | श्री कालिका प्रा.वि.खुल्लेख, डोटी | २०५५ | - |
| एस.एल.सी. | श्री देवी मा.वि.खातिवडा, डोटी | २०६० | द्वितीय |
| प्रविणतापत्र | डोटी बहुमुखी क्याम्पस सिलगढी, डोटी | २०६३ | द्वितीय |
| स्नातक | डोटी बहुमुखी क्याम्पस सिलगढी, डोटी | २०६६ | द्वितीय |
| स्नातकोत्तर | विश्वविद्यालय क्याम्पस कीर्तिपुर, काठमाडौं | २०७० | प्रथम |